# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधपत्रको शीर्षक

यस शोधपत्रको शीर्षक **इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको सङ्कलन वर्गीकरण र विश्लेषण** रहेको छ ।

### १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली बिभागको स्नातकोत्तर दोस्रो बर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

### १.३ समस्या कथन

यस शोधशीर्षक इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको संकलन वर्गीकरण र बिश्लेषण नै मूल समस्या हो । तर पनि यस समस्यासँग आउने अन्य समस्याहरु निम्नलिखित रहेको छ :

(क) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको अवस्था के कस्तो छ ?

(ख) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको वर्गीकरण गर्ने आधारहरु के के हुन् ?

(ग) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको पात्रविधानको के कस्तो अवस्था छ ?

(घ) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको प्रवृत्तिगत विषेशताहरु के के हुन् ?

(ङ) इलाम जिल्लामा प्रचलित किराँती लोककथा र लोकसमाज बिचको अन्तरसम्बन्ध के कस्तो छ ?

### १.४ शोधको उद्देश्य

शोध समस्याकथनमा आएको मुख्य समस्याको समाधान खोज्नु नै शोधको उद्देश्य हो । सोही अनुसार इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको संकलन,

वर्गीकरण र विश्लेषण गर्नु नै मुख्य उदेश्य भएको छ । यस मुख्य उद्देश्य सँगैसगैं अन्य उद्देश्य पनि आएको छ; जुन यस प्रकार छ :

(क) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको अवस्था पहिचान गर्नु ।

(ख) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको वर्गीकरण गर्ने आधारहरु ठम्याउनु ।

(ग) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको पात्रविधानको अवस्था ठम्याउनु ।

(घ) इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको प्रवृत्तिगत विषेशता ठम्याउनु ।

(ङ) इलाम जिल्लामा प्रचलित किराँती लोककथा र लोकसमाजबीचको अन्तरसम्बन्ध पहिचान गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

यस शोधशीर्षक अन्तर्गत पूर्व के कति कार्य भयो भनी सर्वेक्षण गर्दा खासै नभएको पाइयो तर पनि नेपाली लोकसाहित्यको समग्र रुपमा अध्ययन हुँदा आंशिक रुपमा केही कार्य भएको छ । त्यसैलाई यहाँ समेटिएको छ । जुन यसप्रकार छ :

(क) वोधविक्रम अधिकारीद्वारा संकलन र सम्पादन गरिएको नेपाली दन्त्यकथा बि.सं. १९९६ सालमा प्रकाशित भएको पहिलो नेपाली दन्त्यकथा सङ्ग्रह हो । यसमा बाह्रओटा दन्त्यकथाहरु सङ्ग्रह भएको छ । जुन चर्चित दन्त्यकथा सङ्ग्रह हो । तर यसमा किराँती लोककथाहरु सङ्ग्रहित हुन सकेका छैनन् ।

(ख) लीलासिंह कर्माद्वारा संकलन र सम्पादन गरिएको हाम्रो लोककथा बि. सं. २०३८ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । संकलकले आफ्नो भूमिका स्वरुप "कथा पढ्नु अगाडि" भन्नेमा आफ्नो अभिव्यक्ति प्रस्तुत गरेको छ । नेपाल अधिराज्यका विभिन्न भाषामा भनिने प्रस्तुत कथाहरुमध्ये केही कथा मेरा आदरणीय पिताजीले म र मेरा दाजुलाई निद्रा पार्न भन्ने गर्नुहन्थ्यो । यही उत्प्रेरणाले लोककथाको संकलनमा अभिप्रेरित भए भनि आत्म स्वीकृति गरेका छन् । स्रष्टाको नाम ठेगानाविना नै यी कथा विभिन्न वक्ताहरुका मुखबाट मैले सुने त्यसैलाई संकलन गरी पुस्तकको रुपमा प्रस्तुत गरेको छु । कथा राम्रो भएमा कथाका स्रष्टाहरुलाई नै जस दिनुपर्दछ नराम्रो भए दोष मेरै हो भन्दै आत्म स्वीकार गरेको छ । यसमा विभिन्न समाजमा प्रचलित

एक्काइसओटा लोककथाहरु सङ्ग्रह भएको छ । तर किराँती समाजमा प्रचलित लोककथाहरु सङ्ग्रह हुनसकेको छैनन् ।

(ग) नेपाली लोकसाहित्य (२०५८) नामक पुस्तक चुडामणि बन्धुद्वारा लेखिएको हो । यस पुस्तकमा लोकसाहित्यसम्बन्धी समग्र रुपमा अध्ययन भएको छ । लोकसाहित्यको सिद्धान्तको चर्चा गर्दै बिधागत रुपामा लोकगीत, लोकगाथा/लोककाव्य, लोकनाटक, लोककथा, पहेली (गाउँखाने कथा) उखान र टुक्काको संकलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यस क्रममा नेपाली लोककथाको पनि छुट्टै शीर्षकमा अध्ययन गरिएको छ जसमा लोककथाको परिचय, प्रकार, लोककथाको विशेषता, लोककथाको उत्पति, लोककथाको वर्गीकरण, अध्ययन परम्परा आदिको समग्र रुपमा अध्ययन गरिएको छ । यसै सन्दर्भमा केही नेपाली लोककथाहरु संक्षिप्त रुपमा संकलन गरिएको छ । जसमा सुम्निमा र पारुहाङ, मत्स्येन्द्रनाथ, बुढासुब्बा, गुरुमापा,बाबुको अर्ती र छोराको अर्ती रहेको छ । यस छोटो संकलनमा दुई ओटा किराती लोककथाहरु पनि समावेस भएको छ । यो महत्वपूर्ण कार्य हो । तर एउटा सिङ्गो कृतिमा समग्र नेपाली लोकसाहित्यको अध्ययन गर्न सम्भव पनि हुँदैन । अझ लोकसाहित्को क्षेत्रगत अध्ययन त सम्भव हुँदैन । त्यसकारण बन्धुले समग्ररुपमा लोकसाहित्य अध्ययन गरेर यस ग्रन्थको प्रकाशन गरे तर इलाम जिल्लाको किराँती लोककथाहरुको बारेमा खासै चर्चा नगर्नु जुन आफ्नै लेखकीय सीमा हो ।

(घ) नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना (२०६२) नामक पुस्तक कृष्णविलास पौड्यालद्धारा लेखिएको  हो । यस पुस्तकको एकाई एकः नेपाली लोकसाहित्य शीर्षक रहेको छ । यस एकाईको परिच्छेद “क” र परिच्छेद “ख” मा लोकसाहित्यको सैद्धान्तिक पचिय र लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ । लोकसाहित्यको सैद्धान्तिक परिचयमा लोकसाहित्यको सिद्धान्तको चर्चा गरिएको छ भने विधागत वर्गीकरणमा नेपाली लोकगीत, नेपाली कविता,  नेपाली लोककाव्य र गाथा, नेपाली लोककथा, नेपाली लोकनाटक, नेपाली गाउँखाने कथा र नेपाली उखान टुक्कको परिचय र परिभाषा, वर्गीकरण, विशेषता उल्लेख गरिएको छ । जुन संक्षिप्त परिचयात्मक रुपमा रहेको छ । नेपाली लोककथाको संक्षिप्त सैद्धान्तिक परिचय मात्र

दिएको छ । लोककथाको वर्गीकरण पौराणिक कथा, परीकथा र नीतिकथाको रुपमा गरिएको छ । तर कुनै किराती लोककथाको संकलन गरिएको छैन ।

(ङ) लोकवार्ताविज्ञान र लोकसाहित्य (२०६३) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलद्धारा लेखिएको हो । लोकवार्ताविज्ञान र लोकसाहित्यको समग्र रुपमा चर्चा गरिएको छ । लोकसाहित्यको परिचय, व्युत्पति र अर्थ, परिभाषा स्वरुप, विशेषता, लोकसाहित्यको प्रयोजन र महत्व, लोकसाहित्य र शिष्ट साहित्यको समानता र भिन्नता, लोकसाहित्यको अध्ययन परम्परा, प्रक्रिया र पद्धति, लोकसाहित्यको विधागत वर्गीकरण, लोकसाहित्यमा अभिप्राय र नेपाली लोकसाहित्य अनुसन्धान परम्परामा नेपाली लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्काको परिचय, परिभाषा ,स्वरुप, विशेषता, संकलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यस पुस्तकमा नेपाली लोककथा सोह्रओटा छ र सत्रओटा लघु लोककथाहरु संकलन गरिएको छ । संकलन गरिएको लोककथाहरुमा दुईओटा किराती लोककथाहरु राजा मौना र सुम्निमा पारुहाङ रहेको छ । यस पुस्तकमा लोकवार्ताविज्ञान र लोकसाहित्यको व्यापक रुपमा चर्चा गरिएको छ । तर किराती लोककथा सम्बन्धी खासै चर्चा गरिएको छैन । यस सन्दर्भमा इलामे किराती लोककथाहरुको बारेमा अध्ययन आउन सकेको छैन । जुन लेखकको आफ्नै सीमा हो ।

(च) लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध (२०६४) नामक पुस्तक रामनाथ ओझा र मधुसुदन गिरीद्वारा लेखिएको हो । यस पुस्तकको पाठ्यांश एकमा लोकसाहित्य शीर्षक राखिएको छ । उक्त शीर्षकमा एकाई (क) मा लोकसाहित्यको सिद्धान्त र एकाई (ख) मा नेपाली लोकसाहित्यको विधागत अध्ययन र एकाई (ग) मा नेपाली लोकसाहित्यको अध्ययन परम्परा रहेको छ । एकाई (ख) नेपाली लोकसाहित्यको विधागत अध्ययनमा नेपाली लोकसाहित्यका विधा उपविधाहरुको रेखाङ्कन गर्दै नेपाली लोकगीत, लोकगाथा, लोकनाटक, उखान टुक्का र नेपाली गाउँखाने कथाको परिचय परिभाषा विशेषता र वर्गीकरण गरिएको छ । नेपाली लोककथाको पनि परिचय दिँदै विशेषता तत्व प्रकार/ वर्गीकरण गरिएको छ । चार ओटा नेपाली लोककथाहरु संकलन गरिएको छ । जसमा सुनकेशरी मैयाको कथा, राजा मौना, बाबु फाल्ने डोको र हाई रानी चाँदनी रहेको छन् । जसमा तीन ओटा

नेपाली लोककथा हो भने एउटा किराँती लोककथा रहेको छ । किराँती लोककथाको प्रतिनिधिको रुपमा राजा मौना रहेको छ । यस पुस्तकमा नेपाली लोककथाको पूर्ण अध्ययन भएको छैन । तर संक्षिप्त परिचयात्मक छ । यसमा एउटा एकाईको उपएकाईमा पुरापुर नेपाली लोककथाको अध्ययनको अपेक्षा पनि गर्न सकिन्दैन । त्यसकारण यस पुस्तकमा इलाम जिल्लाको किराती लोककथाहरुको बारेमा केही चर्चा भएको छैनन् ।

(छ) पूर्वआधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध (२०६७) नामक पुस्तक कृष्णप्रसाद आचार्यद्धारा लेखिएको यस पुस्तकको खण्ड “ग” मा लोकसाहित्य सिद्धान्त र नेपाली साहित्यको अध्ययन रहेको छ । लोकसाहित्यको सिद्धान्तमा परिभाषा, स्वरुप, विशेषता, प्रयोजन, महत्व र ज्ञानका अन्य शाखा बीचको सम्बन्ध, लोकसाहित्य र शिष्ट साहित्यको समानता र भिन्नता, लोकसहित्यको विधागत वर्गीकरण र आधार रहेको छ । नेपाली लोकसाहित्यको प्रारम्भ र विकासमा नेपाली लोकगीत, लोककविता, लोकगाथा, लोकनाटक, उखान टुक्का र गाउँखाने कथाको परिचय, परिभाषा, स्वरुप, विशेषता, वर्गीकरण र संकलन विश्लेषण गरिएको छ । नेपाली लोककथाको परिचय, पाीरभाषा, स्वरुप, लोककथाको तत्व, विशेषताहरु, लोककथाको वर्गीकरणका आधार र प्रकारको बारेमा चर्चा गरिएको छ । छ ओटा नेपाली लोककथाहरु संकलित छन् । जसमा सुनकेशरी रानी, मौना राजा, बुढो फाल्ने डोको, हाई रानी चाँदनी, गुरुमापा र मञ्जुश्रीको कथा रहेको छ । संक्षिप्त रुपमा नेपाली लोककथाको बारेमा अध्ययन मात्र भएको छ । किराँती लोककथाहरुको प्रतिनिधि रुपमा मौना राजा रहेको छ । तर इलाम जिल्लाको क्षेत्रगत किराँती लोककथाहरुको अध्ययन हुन सकेको छैनन् ।

अतः लोककथाहरुको व्यापक रुपमा अध्ययन अनुसन्धान कार्य भएपनि इलाम जिल्लामा प्रचलित किराती लोककथाहरुको हालसम्म कुनै अध्ययन कार्य भएको देखिदैन । त्यसैले इलाम जिल्लामा प्रचलित किराँती लोककथाको संकलन वर्गीकरण र विश्लेषण नै मूल समस्या भएको छ ।

## १.६ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

इलाम जिल्लाभित्र बसोवास गर्ने किरात समुदायमा प्रचलित किराती लोककथाहरुको संकलन वर्गीकरण र विश्लेषण गर्ने काम अहिलेसम्म नभएकोले यस शोधको औचित्य, महत्व र उपयोगिता स्पष्ट रुपमा देखिएकोछ । यो काम प्राज्ञिक एवं अनुसन्धानात्मक दृष्टिले पनि औचित्यपूर्ण छ । इलामे किराँती लोककथाहरुको बारेमा विस्तृत रुपमा जानकारी लिन खोज्ने पाठकहरुको लागि प्रस्तुत शोधकार्य बढी लाभदायक हुन्छ । यस्ता किराती लोककथाहरु ग्रामीण क्षेत्रमा सुन्ने सुनाउने क्रम पनि प्रायः अन्त्य भईसकेको छ किनभनै मनोरञ्जनको स्रोत र साधन आधुनिक सञ्चार उपकरणले गर्दाखेरि त्यसैले दुर्लभ अथवा लोप हुने अवस्थाका किराँती लोककथाहरुको संकलन गरी संरक्षण गर्न पनि रहेको छ । यसका साथै यो शोधले किराँती लोककथा पढ्न रुचाउने, पढाउने र त्यसका बारेमा अनुसन्धान गर्ने सबैलाई लाभ पुऱ्याउने हुनाले यसको औचित्य, महत्व र उपयोगिता प्रष्टै भएको छ ।

## १.७ शोधपत्रको सीमाङ्कन

किराती लोककथाहरुको अध्ययन गर्ने क्रममा इलाम जिल्लाको भौगोलिक क्षेत्रभित्र प्रचलित किराँती लोककथाहरुको सङ्कलन गरी वर्गीकरण र विश्लेषण गर्नु नै यसको सीमाङ्कन भएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

यस शोध कार्य पूरा गर्नको लागि आवश्यक पर्ने सामग्री सङ्कलन गर्न क्षेत्रीय अध्ययन पद्धति, नमुना सर्वेक्षण पद्धति र पुस्तकालय अध्ययन पद्धति अपनाईएको छ । क्षेत्रीय अध्ययन पद्धति अन्तर्गत प्रश्नावली र अन्तर्वार्ता पद्धति अपनाइएको छ । इलाम जिल्लाको विभिन्न क्षेत्रको किराती लोककथाहरुको सङ्कलन गर्नको लागि नमुना सर्वेक्षण विधि पनि अपनाईको छ । आवश्यकताअनुसार टेप रेकडर पनि प्रयोग गरिएको छ । लोकसाहित्यको सिद्धान्तको लागि आवश्यक पर्ने सामग्रीहरु पुस्तकालय पद्धति अपनाइएको छ ।

## १.९ शोध विधि

यस शोधपत्र पूरा गर्नको लागि सङकलित सामग्रीको वर्णनात्मक र विश्लेषणात्मक शोधविधि नै प्रमुख भएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

यस शोधपत्रको रुपरेखा यस प्रकार छ। :

पहिलो परिच्छेदः शोध परिचय

दोस्रो परिच्छेदः इलाम जिल्लाको सामान्य परिचय

तेस्रो परिच्छेदः लोकसाहित्यको सिद्धान्त

चौथो परिच्छेदः लोककथाको सिद्धान्त र नेपाली लोककथा

पाँचौ परिच्छेदः इलाम जिल्लामा प्रचलिन किराँती लोककथाहरुको सङ्कलन वर्गीकरण र विश्लेषण

छैटौं परिच्छेदः उपसंहारः सारांश र निष्कर्ष

***

# दोस्रो परिच्छेद

## इलाम जिल्लाको सामान्य परिचय

### २.१ परिचय

इलाम नेपालको सुदुर पूर्वमा रहेको प्राकृतिक रुपले सुन्दर पहाडी जिल्ला हो । राजनैतिक हिसावले इलाम जिल्ला मेची अञ्चलको एक जिल्ला हो । यो मेची अञ्चलको सदरमुकाम पनि हो । तीन ओटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा ४८ गाउँ विकास समिति र एक नगरपालिका छन् । यहाँका मुख्य जातिहरुमा बाहुन, क्षेत्री, राई, शेर्पा, मगर, गुरुङ्ग, नेवार, भूजेल, खवास, लिम्बू र लाप्चा, हुन् । यहाँको प्रमुख आदिवासी लिम्बू र लाप्चा जाति हुन । लाप्चा जातिको बसोबास नेपालमा इलाममा मात्रै छ । इलाम नेपालमा चियाको आदि थलो हो । इलाम बजारसँगै जोडिएको इलाम चिया कमान एक सय पचास बर्ष पुरानो बगान हो । इलामलाई चारखोला पनि भनिन्छ । यहाँका अधिकांश मानिसहरुको प्रमुख पेसा कृषि र पशुपालन हो भने आंशिक रुपमा व्यापार र सरकारी नोकरी पनि रहेको छ । यस भेगका मानिसहरुले थरिथरिका मूल्यवान जडिबुटीको व्यावसायिक खेती गरेका छन् । अलैंची, आलु, अम्लिसो, अदुवा, र अकबरे खोर्सानी इलाममा उत्पादन हुने नगदे बालीहरु हुन् ।

### २.२ इलामको नामकरण

इलामका प्रमुख आदिवासी लिम्बू र लाप्चा हुन् । यसै आधारमा यस क्षेत्रको नाम इलाम रहन गएको भन्ने भनाइ छ । लिम्बू भाषामा ‘इ’ को अर्थ घुमाउरो र ‘लाम’ को अर्थ बाटो हुन्छ ।[१] यसै शब्दको संयोजनबाट इलाम शब्द बनेको हो । जसको अर्थ घुमाउरो बाटो भन्ने हुन्छ । इलाम पहाडी जिल्ला हो । दैन्दिकी जीवन यापन गर्न उकालो ओरालो बाटो हिड्नुपर्ने अवस्था हुन्छ । उकालो र ओरालो बाटो हिड्न घुमाउरो बाटो उपयुक्त हुने भएकोले यस नाम रहन गएको हुन सक्छ । त्यस्तै लाप्चा भाषामा ‘ई’ को अर्थ पुत्का (एक प्रकारको जंगली मौरी) र ‘लोम’ को अर्थ बस्ने ठाउँ हुन्छ । त्यसैले इलोम भनेका पुत्काको घर हो ।[२] यही इलोम शब्द अपभ्रंश भएर इलाम रहन गएको हो । महाभारत श्रृङ्खलाका

---

१. मोहनसिँह थेवे, **“लिम्बू र इलामको ऐतिहासिक ठाउँहरुको एक अध्ययन”** पारुहाङ्ग (वर्ष ४, अङ्क ३, २०६१ कार्तिक) पृ.२८

२. ऐजन ।

देवीदेवताको क्रिडास्थल भएको र 'इला' नामकी देवीले खेल्ने ठाउँ भएकोले उनैको नामबाट इलाम नाम रहेको किवदन्ती पनि पाइन्छ । जुन प्रमाणित हुन सकेको छैन ।

## २.३ इलामको भौगोलिक र हावापानीको अवस्था

इलाम जिल्ला वर्गाकार रुपमा फैलिएको छ । यस जिल्लाले देशको कुल भूभागको १,७०३ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । समुन्द्र सतहदेखि करिब १४० मिटरदेखि ३,६३६ मिटर उचाइमा रहेको यस जिल्लाको भू क्षेत्र अग्ला तथा होचा डाँडाहरुको भरिएको छ । जिल्लाको पूर्वमा भारतको दार्जिलिङ्ग उत्तरमा पाँचथर, पश्चिममा मोरङ्ग र पाँचथर र दक्षिणमा झापा जिल्लाहरुसँग सीमाना जोडिएको छ । भौगोलिक अवस्थित अनुसार यो जिल्ला २६ डिग्री ४० मिनेट उत्तरी अक्षांशदेखि २७ डिग्री ८ मिनेट उत्तरी अक्षांश र ८७ डिग्री ४० मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १० मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ ।

इलाम जिल्लाको दक्षिणी भेगका होचो भाग मैदानी भएका गा.वि.स.हरु र नदीका बेसीमा ग्रीष्ममा ज्यादै गर्मी र हिउँदमा चिसो रहने गरेको भए तापनि सामान्यता जिल्लाको जलवायु चिसो हुने र बसोवासका लागि अतिउपयुक्त भएको मानिएको छ । जिल्लाभित्र सामान्यतया होचो भूभागमा गृष्ममा अधिकतम तापक्रम करिब २७ डिग्री सेन्टिग्रेड रहन्छ भने पहाडी क्षेत्रमा २० डिग्री सेन्टिग्रेड भन्दा माथि रहन्छ भने न्यूनतम तापक्रम १० डिग्री रहन्छ । हिउँदमा अधितम तापक्रम होचो भूभागमा १५ डिग्री सेन्टिग्रेड देखि २० डिग्री सेन्टिग्रेडसम्म रहन्छ भने न्युनतम तापक्रम १० डिग्री भन्दा कम रहन्छ । प्रायजस्तो हिउँदमा २,००० मिटर भन्दा माथिको उचाइमा हिँउ पर्दछ, हिउँको मात्रा तथा घनत्व ठाउँ र मौसममा निर्भर रहन्छ । औसत बार्षिक बर्षा २५,०० मि.मि. भन्दा बढी हुने गर्दछ ।

## २.४. इलामको प्रसिद्ध ठाउँहरु

इलाम सुदुर पूर्वी पहाडी जिल्ला हो । प्राकृतिक सौन्दर्यको दृष्टिकोणले इलाम धनी छ । यहाँका अधिकाशं डाँडाकाडाहरु हरियाली चियाले ढाकेको छ । इलाम पर्यटकीय दृष्टिकोणले पनि निकै महत्वपूर्ण छ । यहाँको आन्तरिक र वाह्य पर्यटकहरुको लागि केही प्रसिद्ध ठाउँहरु छन् : सन्दकपुर, माइपोखरी, छिन्टापु, श्रीअन्तु, माङ्मालुङ, गजुरमुखी, पाथिभरा, सिद्धिथुम्का ।

## २.५ सामाजिक जनजीवन र भेषभूषा

इलाम जिल्ला एक बहुजाति बहुभाषिक र बहुसांस्कृतिक जिल्लाको रुपमा परिचित छ । यहाँको उच्च पहाडी ग्रामीण बस्तीमा लिम्बू, राई, भोटे, शेर्पा, तामाङ, र मगर जाति बसोवास गर्दछन् । होचा पहाडी ग्रामीण बस्तीमा ब्राहमण, क्षेत्रीका अतिरिक्त अन्य जातिहरु बसोवास गर्ने गरेको पाइन्छ ।

धर्मको आधारमा जिल्लामा हिन्दु, किरात, बौद्ध, धर्मलम्बीहरुको बाहुल्य रहेको देखिन्छ । वि.सं. २०६८ सालको जनगणना, अनुसार हिन्दु १२९,१४१, बौद्ध ४४,३६६ किराँत १,०३,३६० क्रिष्चियन ७,२५२ प्रकृति ३,८९६ इस्लाम २२९ वोन २९ जैन ६ वाई ४४ शिख २ अन्य धर्म नखुलेको १,९३९ रहेको छ । वि.सं.२०६८ को जनगणना अनुसार इलाम जिल्ला कूल घरधुरी संख्या ६४,५०२ रहेको छ भने कूल जनसंख्या २९०,२६४ मा पुरुष १४१,१३६ र महिला १४९,१२८ रहेको छ ।

यहाँका समुदायका लोग्ने मानिसहरुको सट पाइनट अधिकांशले लगाउने गर्दछन् । भने ग्रामीण क्षेत्रका लोग्ने मानिसहरुले कमिज सुरुवाल वा दौरा सुरुवाल, पटुका र नेपाली टोपी लगाउने गरेको देखिन्छ । युवा वर्गले भने पाइन्ट सर्ट, टिसर्ट, ज्याकेट, लगाउँछन् भन्ने युवतीहरु विशेषगरी कुर्तासुरुवाल चुन्नी, सट मिड्डी, जिन्स पाइन्ट लगाउने गर्दछन् ।

## २.६ लोकसाहित्यको स्थिति

इलाम जिल्लाको भौगोलिक सीमानाभित्र प्रचलित लोकसाहित्य नै इलामको लोकसाहित्य हो । इलाम लोकसाहित्यमा धनी छ । यहाँ लोकसाहित्यको विभिन्न विधाहरु लोकगीत, लोककविता, लोकगाथा/ लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का रहेको छन् । यी प्रत्येक विधाहरुको छुट्टाछुट्टै रुपमा अध्ययन हुन सकेको छैन । केही विधाहरुको अध्ययन कार्य भए पनि पूर्ण रुपमा लोकसाहित्यको समग्र विधाको अध्ययन हुन सकेको छैन ।

लोकसाहित्य लोकसमाजको उपज हो । लोकमनोरञ्जन प्रदान गर्ने उद्देश्यले लोकसाहित्यको सृजना भएको हो । तर आज लोकसाहित्यको विभिन्न विधाहरुको लोप हुने अवस्था आएको छ । आधुनिक मनोरञ्जनको साधन र प्रविधिले गर्दा आज गाउँघरमा मेलापात गर्दा होस् घासँदाउरा गर्दा होस् , गोठालो गर्दा होस् , लोकगीत गाउन छाडेको छ,

बेलुकीपख लोककथा भन्ने अवस्था छैन, दिमाग खियाउने गाँउखाने कथा भन्न छोडिएको छ । यसले के देखाउछ भन्ने अब लोकसाहित्यको विभिन्न विधाहरुको उचित संरक्षण र संवद्धन नगर्ने हो भन्ने चाडै नै लोप भएर जाने अवस्था छ । यही अवस्था इलामको लोक साहित्यमा पनि देखिन्छ ।

## २.७ निष्कर्ष

इलाम पूर्वी सुन्दर पहाडी जिल्ला हो । प्राकृतिक रुपले जति सुशोभित छन् । त्यति नै यहाँको मानिसहरु परिश्रमी र पौरखी छ । 'इलम हराए इलाम जानु' भन्ने भनाई नै छ किन भने यहाँको मानिसहरु आफ्नै पौरख र परिश्रमीका नमुना भएको छ । इलाम बहुजाति बहुभाषिक, बहुसांस्कृतिक भएको जिल्ला हो । यहाँ बाहुन, क्षेत्री राई मगर गुरुङ्ग, सुनुवार, भुजेल, कामी दमाई, सार्की, लगायत यहाँको प्रमुख आदिवासी लिम्बू र लाप्चा हो । त्यसैले इलामको नामकरण पनि लिम्बू र लाप्चा भाषाबाट भएको हो । लिम्बू र लाप्चासँग इलामको ऐतिहासिक सांस्कृतिक सम्बन्ध गाँसिए पनि यहाँ विविधतामा एकता छ । इलाम विकासको गतिमा लम्किरहेको जिल्ला हो । यहाँको भौगोलिक वनावट अति नै सुन्दर भएकाले इलामलाई पहाडीको रानी पनि भनिन्छ । यहाँको भौगोलिक बनावट र रमणीयताको कारणले पर्यटकीय विकासको प्रचुर सम्भावना बोकेको छ । त्यसै गरी इलाम लोकसाहित्यको क्षेत्रमा पनि अग्रणी छ । यहाँ लोकसाहित्यको विभिन्न विधाउपविधाहरु प्रशस्त छन् । ती विधाहरुको अध्ययन अनुसन्धान गरी संरक्षण र संवद्धन गर्नु पनि उतिकै आवश्यकता छ किनभने आज मनोरञ्जनको आधुनिक साधन र प्रविधिले लोकसाहित्यको विभिन्न विधाहरु ओझेलमा परेको छ हराउने अवस्थामा छ । त्यसैले सचेत वर्गले लोकसाहित्यको विभिन्न विधा उपविधाहरुको संरक्षण र सवद्धन गर्नु आजको टड्कारो आवश्यकता देखिन्छ ।

***

# तेस्रो परिच्छेद

## लोकसाहित्यको सिद्धान्त

### ३.१ लोकसाहित्यको परिचय

लोकको साहित्यलाई नै लोकसाहित्य भनिन्छ। यसको सृजना शिष्ट समुदायबाट नभई सामान्य जनसमुदाय वा लोकसमाजबाट भएको हो । लोकसमाजका बीचमा प्रचलित एवं लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदाय वा लोकसमाजको जीवनका सुखदुःखात्मक पक्षहरुलाई समेटेको हुन्छ । लोकसाहित्यका विभिन्न विधाहरुको सृजना प्राचीनकालदेखि हुदै आएको भए पनि यसको अध्ययन विश्लेषण आधुनिककालदेखि मात्र सुरु भएको हो ।

लोकसाहित्य अर्न्तगत आधुनिक साहित्यको विधाजस्तो विभिन्न विधाहरु रहेको छ । जसमा लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का रहेको छ । लोकसाहित्यको अध्ययन भाषिक क्षेत्रअर्न्तगत गरिन्छ । भाषिक अभिव्यक्ति अन्तर्गत पर्ने लोकसाहित्यको सैद्धन्तिक परिचय दिन सरल छैन । तैपनि सैद्धान्तिक परिचयको लागि सर्वप्रथम लोकसाहित्यको अध्येता र अनुसन्धानकर्ताले निर्माण गरेको स्वरुपलाई नै लोकसाहित्यको सिद्धान्तको रुपमा लिइन्छ ।

### २.२ लोकसाहित्यको अर्थ

लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ हो-लोकको साहित्य ।[1] लोक शब्दको व्युत्पति लोकृदर्शन धातुको शव्दार्थ हेर्नु देख्नु हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला देख्नेवाला भन्ने हुन्छ ।[2] संस्कृत वाङ्मयमा 'लोक' शब्दको प्रयोग खास गरी दुई अर्थमा भएको पाइन्छः १.स्थानका रुपमा र २. सामान्य जनताका रुपमा । स्थानबाचक शब्दका रुपमा स्वर्गलोक मर्त्यलोकजस्ता शब्द प्रचलित छन् । 'जन' शब्दको अर्थ पनि सामान्य जनता हो ।[3] साहित्य शब्दको प्रचलित व्युत्पति यस्तो देखिन्छ-हितेन सह साहित्य, साहितस्य भाव साहित्य ।

---

१. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौंः एकता बुक्स २०५८) पृ.१३ ।

२ . मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य,** (भोटाहिटी, काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०६३) पृ.१२ ।

३ . चुडामणि बन्धु, पूवर्वत ।

अर्थात हितका लागि जनकल्याणको भावनाले अभिप्रेरित साहित्य ।[४]समष्टिगत रुपमा लोकसाहित्यको अर्थ खोज्दा खेरी लोकको कल्याणको भावनाले अभिप्रेरित अभिव्यक्ति नै लोकसाहित्य हो ।

लोकसाहित्यको अङ्ग्रेजी समानार्थी फोक लिटरेचर (Folk Literature) हो भने 'लोक को समानार्थी शब्द को फोक (FolK) हो ।[५] अङ्ग्रेजी भाषाको फोक (Folk) को सामान्य अर्थ ग्रामीण, असंस्कृत र अशिक्षित जाति हो ।[६] 'फोक' को नेपाली समानार्थी शब्द 'जन' भए पनि 'लोक' शब्द नै उपयुक्त र प्रचलनमा आएको छ । फोक शब्दले सभ्यतादेखि टाढा रहेको कुनै जातिलाई बुझाए पनि व्यापक अर्थमा सुसस्कृत राष्ट्रका सम्पूर्ण व्यक्तिहरुलाई बुझाउँछ । यसकथनबाट फोक र लोक शब्दले ग्राम वा गाउँ या कुनै सीमित स्थान र समुदायलाई नबुझाई व्यापक लोक समुदायलाई बुझाउँछ । यसमा शिष्ट र अशिष्टकोा प्रश्न निरर्थक हुन्छ ।

संस्कृतको लोक र अङ्ग्रेजीको फोक शब्दमा ध्वनि समानताका साथै आर्थी समानता पनि छ । दुबैले सर्वसाधारण वा आममानिसका भावना र विचार, अभिव्यक्ति कौशलसित मिलेर तिनका विविध पक्षलाई बुझाएको छ । लोकसाहित्य शब्दमा त्यही 'लोक' र फोक लिटेरेचर मा त्यही 'फोक' को योग भएको । लोकसाहित्यका अतिरिक्त लोकजीवन लोकव्यवहार, लोककला, लोकसंस्कृति, लोकवार्ता, लोकविद्या, लोकभाषा, लोकमत, लोकवार्ता, लोकतत्व,लोकमानस, लोकसमुदाय, लोकविश्वास जस्ता शब्दमा लोक शब्दको योग रहेको छ । जसले सर्वसाधारण वा लोकसमुदाय भन्ने अर्थ बुझाएको छ ।

## ३.३ लोकसाहित्यको परिभाषा

पूर्वीय र पाश्चात्य विद्वानहरुले लोकसाहित्यलाई विभिन्न कोणबाट चिनाउने काम गरेका छन् । तीमध्ये प्रमुख परिभाषाकारका परिभाषालाई तल दिइन्छ :

### द न्यु इन्साइक्लोपेडिया व्रिटानिका

लोकसाहित्य भनेको मुख्यतः अपठित समुदायको मौखिक रुपमा व्यक्त लोकज्ञान हो । यसअन्तर्गत लोकसाहित्यको उत्पति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय

४ . शम्भुप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण** दो.स. (विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान २०५६) पृ.१.

५. कपिलदेव लामिछाने, **नेपाली लोकगाथाको अध्ययन** (ललितपुरः साझा प्रकाशन...) पृ.१. ।

६. ऐजन ।

विविधता, मुख्य प्रकारहरु (लोकगीत, लोकगाथा, लोकनाटक, पौराणिक एवं नीतिकथा, लोककथा, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र आदि) को अध्ययन र संकलन दुवै पर्छन ।[७]

**जे.ए.कडन**

लोकसाहित्य भनेको आदिम तथा अपठित समुदायको सिर्जना हो । त्यसैले यो अधिकांशतः मौखिक परम्परासँग सम्बद्धन रहन्छ । लोकसाहित्य अन्तर्गत सामान्यतः लोकगीत गाथा, परीकथा, नाटक, उखान टुक्का गाउँखाने कथा, मन्त्र र दन्त्यकथा समाविष्ट हुन्छन् । खास अर्थमा यिनलाई संकलित गरेर लिपिवद्ध गरेपछि मात्र लोकसाहित्य हुन्छ ।[८]

**सत्येन्द्र**

लोक समाजको त्यो वर्ग हो, जो अभिजात्य संस्कार शास्त्रीयता र पाण्डित्यको चेतना अथवा अहङ्कार शुन्य हुन्छ र जो एक परम्पराको प्रवाहमा जीवित रहन्छ । यस्ता लोकको अभिव्यक्तिमा जो तत्व पाइन्छ , ती लोकतत्व कहिन्छन् । यस्तै लोकको साहित्य नै लोकसाहित्इ हो ।[९]

**कृष्णदेव उपाध्याय**

सभ्यताको प्रभावबाट टाढा रहने, आफ्ना सहजावस्थमा वर्तमान जो निरक्षर जनता हो, उसका आशा-निराशा, हष-विषाद, जीवन-मरण, लाभ-हानि र सुख-दुःखको अभिव्यञ्जना जुन साहित्यकमा प्राप्त हुन्छ त्यसैलाई लोकसाहित्य भनिन्छ ।[१०]

**कालीभक्त पन्त**

लोकसाहित्य त्यो हो, जसका रङ्ढङ्को व्याख्या र नियन्त्रण तथा बन्धन कुनै पुस्तकले नगरेका होस् र आफ्ना पानाका हास्य, व्यंग्य, शब्द, वाक्य र उक्तिहरुले युक्त होस् ।[११]

**तुलसी दिवस**

सही अर्थमा लोकसाहित्य लोकजीवन तथा संस्कृतिको प्रतिविम्ब मात्र नभएर संवाहक पनि हो ।[१२]

---

७. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल पूवर्वत पृ.१४ ।
८. ऐजन ।
९. चुडामणि बन्धु, पूर्ववत पृ.११ ।
१०. ऐजन ।
११. ऐजन ।
१२. ऐजन  पृ. १२ ।

**ठाकुरप्रसाद पराजुली**

लोकसाहित्यलाई जातीय सभ्यताको परिचायक मानिन्छ र यसमा युगौदेखिका जीवन र उनीहरुका आकांक्षाहरु सल्वलाएका हुन्छन् । सुन्ने र भन्ने परम्परामा रहेर यसले आफ्नो रुपको निर्माण गर्दै आएको छ । लोकसाहित्यका यिनै विशेषताले गर्दा मानव संस्कृतिको धरातलको अन्वेषण गर्ने स्रोतसामाग्रीका रुपमा यी लोकसाहित्यकहरु अगुवा हुन पुगेका छन् ।[१३]

**जीवेन्द्रदेव गिरी**

लोकसाहित्यका निर्माता अज्ञात छन् र धर्तीका अनेकौ व्यक्तिहरुको लगानी यसमा सञ्चित छ । सामूहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालाई आफूतिर खिँच्न लोकसाहित्यक सक्षम छ । यसमा न औपचारिकताको झन्झट छ त परिमार्जनको चक्कर छ न पाण्डित्यको क्लिण्टता नै सहजता, सजीवता र प्रवाहमयता लोकसाहित्यका विशिष्ट गुण हुन् ।[१४]

**चुडामणि बन्धु**

समाजमा परम्परादेखि हस्तान्तारित हुदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोकसाहित्य हो ।[१५]

**मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल**

लोकज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई, अपठितहरुबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखानेकथा, उखान, टुक्का, मन्त्र आदि विधाका रुपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।[१६]

माथिका विभिन्न विद्वानहरुको परिभाषालाई नियालेपछि लोकसाहित्यलाई यसरी चिनाउन सकिन्छः आदिमवस्थादेखि लोकसमाजमा व्यक्तिविशेष नभई सामूहिक रुपमा प्रचलित मानवीय कलात्मक अभिव्यक्तिको रुपमा रहेको लोकगीत लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने, कथा, उखान र टुक्काहरु श्रुतिपरम्परामा एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुने मौखिक अभिव्यक्तिको रुप नै लोकसाहित्य हो ।

---

१३. ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्यको परिक्रमा**, दो.स., (ललितपुरःसाझा प्रकाशन, २०५६), पृ.४१ ।

१४. ऐजन ।

१५. ऐजन पृ.१४ ।

१६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूवर्वत पृ. १५ )

## ३.४ लोकसाहित्यको स्वरुप

कुनै पनि विषयवस्तुको आकार वा आकृतिलाई स्वरुप भनिन्छ । यस्ता विषय वा बस्तुको स्वरुप ठम्याउने मुख्य आधार भनेको अभिलक्षण वा पहिचानहरु नै हुन् । यस्ता अभिलक्षण वा पहिचानहरु परिभाषामा समेटिएको हुन्छ । परिभाषाहरुको मुख्य मुख्य बुदाहरुको व्याख्या विश्लेषण गर्दा त्यस विषयबस्तुको स्वरुप निरुपण गर्न सकिन्छ । त्यसकारण लोकसाहित्यको पनि आफ्नै स्वरुप छ । जसलाई बुदागत रुपमा प्रस्तुत गरिएको छ :

१. लोकसाहित्य लोकपरम्परामा शताब्दीयौंदेखि प्रचलित साहित्य हो ।

२. लोकसाहित्य लोकजीवनको इतिहास हो ।

३. लोकसाहित्य मौखिक वा अलिखित हुन्छ ।

४. लोकसाहित्य लोकको अनुभवको भण्डार हो ।

५. लोकसाहित्य लोकभावनाको अभिव्यक्ति हो ।

६. लोकसाहित्य शास्त्रीय र व्याकरणिक बन्धनबाट मुक्त हुन्छ ।

७. लोकसाहित्य लिखित साहित्यको पूर्वपीठिका हो ।

८. लोकसाहित्यमा सरल सहज अभिव्यक्ति हुन्छ ।

९. लोकसाहित्य लोकसमाज र संस्कृतिको सवाहक हो ।

१०. यसको रचनाकार अज्ञात वा अप्रत्यक्ष रहन्छ ।

## ३.५ लोकसाहित्यको विशेषताहरु

कुनै पनि विषयबस्तुमा पाइने खासखास गुणलाई विशेषता भनिन्छ । लोकसाहित्यलाई अन्य सिर्जनाभन्दा भिन्न र मौलिक तुल्याउने गुणहरु नै यसका विशेषताहरु हुन् । लोकसाहित्यलाई चिनाउने प्रमुख विशेषताहरु यसप्रकार रहेका छन् :

### ३.५.१ मौखिक परम्परा

लोकसाहित्य अपठित जनसमुदायको भावनात्मक अभिव्यक्ति हो । यो मानव जातिको विचार विनिमय गर्ने माध्यम भाषा लिपिको विकास हुनु भन्दा पूर्वदेखि रचिन र गाइन वा अभिव्यक्त गर्न थालेको हो । यसैले यो मौखिक र अलिखित हुन्छ । यो एक व्यक्तिका मुखबाट अर्को व्यक्तिका श्रवणयन्त्र र मुखविवर हुदैं गाइदै, सुनाइदै र समयानुसार परिवर्तित हुदै जान्छ । यसैले लोकसाहित्यको जीवन्त र वास्तविक रुप लोक परम्परामै

सुरक्षित र संरक्षित हुन्छ । यो परापूर्व कालदेखि नै एक मुखबाट अर्को मुख, एक ठाउँबाट अर्को ठाउँ हुदैँ विकसित र परिवर्तित हुदै आएको छ । यसैले यसको मूल विशेषता मौखिक हुनु हो ।

### २.५.२ कल्पनाको प्रबलता

लोकसाहित्यमा यथार्थता भन्दा कल्पनाको प्रधानता हुन्छ । यो शास्त्रीय नियमभित्र रहेको हुदैन । लोकसाहित्य सरल र सिधासादा निरक्षर जनसमुदायको सरल, सहज र स्वाभाविक अभिव्यक्ति भएकाले बन्धन रहित अवौद्धिक सहज हार्दिक उच्छलन हुन्छ । लोकसाहित्यमा कल्पनाको प्रबलता रहेको हुन्छ । लोकसमुदायले सृजना गरेको लोकसाहित्यको विभिन्न विधा उपविधाहरु श्रुति परम्परामा एकबाट अर्कोमा, एक ठाउँबाट अर्को ठाउँमा, एक पुस्ताबाट अर्को पुस्तामा, एक युगदेखि अर्को युगमा हस्तान्तरित हुदै जान्छ । यसरी हस्तान्तरित हुदैँ जादा खेरी रुप र स्वरुपमा परिवर्तन हुन सक्छ किनभने लिखित साहित्यमा जस्तो एकरुपता लोकसाहित्यको विधा उपविधामा हुदैन । जस्तैः एउटै उद्देश्य र प्रकारको लोककथाहरु ठाउँ र परिवेशको प्रभाव अनि कथा भन्नेले आफ्नो श्रोताको मनस्थिति अनुसार आफ्नो इच्छा अनुसार कथा भन्न सक्छ । त्यसकारण लोकसाहित्यमा कल्पनाको प्रबलता रहेको हुन्छ । जुन लोकसाहित्यको प्रमुख विशेषता हो ।

### ३.५.३ मनोरञ्जनात्मकता

लोकसाहित्यको रचना गर्नुको प्रमुख उद्देश्य नै मनोरञ्जनात्मकता प्रदान गर्नु हो । त्यसैले लोकसाहित्यको विभिन्न विधाहरुले लोकसमुदायलाई मनोरञ्जन प्रदान गर्दै मनोरञ्जनको साथसाथै लोकको अनुभव र ज्ञान पनि प्रदान गरिरहेको हुन्छ । ग्राम्य समाजमा फुर्शदको समयमा, मेलापात गरी थाकेको समयमा र शरीरमा उर्जा थप्नको लागि मनोरञ्जनको आवश्यकता पर्दछ । यी मनोरञ्जन प्रदान गर्ने भनेको लोकसाहित्यकको विधाहरु नै हुन् । किनभने ग्राम्य समाजमा अझै पनि मनोरञ्जनको आधुनिक उपकरणहरु पुग्न सकेको छैन । यस्तो अवस्थामा पनि लोकसाहित्यले मनोरञ्जन प्रदान गर्न चुकेको छैन । त्यसकारण लोकसाहित्यको प्रमुख विशेषतामा मनोरञ्जनात्मकता प्रदान गर्नु पनि एक हो ।

### ३.५.४ सामूहिकता

लोकसाहित्य व्यक्ति विशेषबाट सृजना भए पनि व्यक्तिको भूमिका गौण रहन्छ । किनभने कालान्तरमा सामूहिक वरण गर्दै जान्छ । यसमा सामूहिकताको प्रधानता रहन्छ । कसैले यो मेरो सृजना हो भनि दावी गर्दैन त्यसमा सामूहिकता हुन्छ । लोकसमुदायको भावनाहरुको प्रतिनिधित्व गरेको हुनाले लोकसाहित्यमा सामूहिकता रहेको हुन्छ । त्यसैले लोकसाहित्यको विशेषताहरुमा सामूहिकता पनि एक हो ।

### ३.४.५ सरलता तथा सरसता

लोकसाहित्य अपठित स्रष्टाको सरल, सहज र स्वाभाविक अभिव्यक्ति हो । यो कुनै शास्त्रज्ञका शास्त्रसम्मत तुल्याएर रचिएका लिखित साहित्यजस्तो क्लिष्ठ, जटिल र दुर्बोध्य हुदैन् । निरक्षर लोकस्रण्ठाद्वारा सरल, सहज जनसाधारणका सरल र स्वाभाविक जीवनको अभिव्यक्ति हुने भएकोले सरलता यसको विशेषता हो । सरल भैकन पनि सरसता तथा पाठकलाई चरम आनन्द र सन्तुष्टि प्रदान गर्नु यसको अर्को विशेषता हो । झर्रा र कोमल शब्द, सरल र स्वाभाविक शब्दविन्यास एवम् वाक्य गठनले गर्दा यो सबैभन्दा बढी लोकप्रिय बनेको हुन्छ । यसरी भावगत कोमलता, नवरसको प्राधान्य लोकसाहित्यको विशेषता हुन्छन् ।

### ३.५.६ लोकप्रियता

लोकसाहित्य अत्यन्त लोकप्रिय हुन्छ । लोकसाहित्यले जनसमुदायका मनमा दरो घरजम गर्ने हुदाँ यो तिनका मुखैमा झुन्डिएको हुन्छ भन्दा पनि कुनै अत्युक्ति हुदैन । सामान्य व्यवहारमा समेत लोकोक्ति एवं उखानको प्रयोगले यसको लोकप्रियतालाई जनाउँछ । यो सरल भएकाले सहजै स्मृतिमा धारण गर्न सकिन्छ र अवसरअनुसार प्रयोग गर्न सकिन्छ । यसमा संवेदनशीलताको प्रबल तरङ्ग पाइने हुदाँ यसले धेरैको मनलाई प्रभावित पारेको हुन्छ । स्वतः स्फूर्त हुने हुदाँ यो सबैको सामूहिक अनुभूति बनेर रहन्छ । अधिकांश जनसमुदायले यसलाई माया गर्ने हुदाँ यो अत्यन्त लोकप्रिय भएर रहेको हुन्छ ।

## ३.६ लोकसाहित्यको विधागत वर्गीकरण

समस्त लोकको आचार, विचार, रीतिरिवाज र धारणाको सिंङ्गो अभिव्यक्ति नै लोक साहित्य हो र लोक संस्कृतिको अलिखित इतिहास यही हो । लोक मानसको संस्कार सभ्यता विचार र प्रस्तुति विविधतामा छ र विशालतामा फैलिएको छ । यसको विशालता र

व्यापकतालाई दृष्टि दिदा यसको विधागत वर्गीकरण पनि विविध दृष्टिले गर्नु समसामयिक प्रतित हुन्छ । भाषिक अभिव्यक्तिको आधारमा वर्गीकरण गर्दा गद्यमय, पद्यमय र चम्पू गरेर लोकसाहित्यलाई तीन भागमा विभक्त गर्न सकिन्छ भने प्रस्तुतीकरणलाई आधार बनाउँदा श्रव्य र दृश्य दुई भागमा यसको विभाजन गर्न सकिन्छ । यसै गरी संस्कारवद्ध र संस्कार मुक्त भनेर पनि छुट्याउन सकिन्छ । यसका बिभिन्न पक्षलाई हेर्दा बिषयवस्तुको आधारमा यसको विभाजन गर्नु उपयुक्तः ठहरिन्छ । यसका विभाजन यसप्रकारले गर्न सकिन्छ :

१. लोकगीत　　२. लोककविता　　३. लोकगाथा/ लोककाव्य

४. लोककथा　　५. लोकनाटक　　६. गाउँखाने कथा

७. उखान र टुक्का

### ३.६.१ लोकगीत

आफ्नो प्रचुरता र व्यापकताको कारणले जनजीवनमा अत्यधिक प्रभाव छाड्न सफल भएको लोकगीत लोकसाहित्यका विभिन्न भेद मध्येको सर्वोच्च र सर्वप्रिय भेद हो । जुन जीवनको सुख दुःख हर्ष, बिस्मात, घात प्रतिघातले जब लोककविको अर्न्तहृदयलाई उद्दीप्त बनाउँछ र बाहिर प्रस्फुटन हुन्छ, त्यो लयात्मक प्रस्फुटन नै लोकगीत हो । भावकुतावस उच्चासित भएको होस् वा समसामयिकताले स्पर्श गरेर अभिव्यक्तिएको होस् स्वतस्फूर्त सहज लोकलय नै लोकगीत हो । यो समाजप्रति नै समर्पित हुन्छ । लोकसम्पतिको रुपमा लोकभण्डारमा संग्रहित हुन्छ । यो निरन्तर गतिशील र सहज सृजनशील विधा भएकाले यो विविधता र व्यापकतामा फैलिएको छ । त्यसैले अगाध समुद्रको रुपमा रहेको लोकगीतले आफूभित्र विभिन्न भेद र उपभेदलाई समेटेको छ र विविध भाकाहरुलाई आत्मसात् गरेको छ ।

### ३.६.२ लोककविता

लोकसमुदायले परम्परादेखि सुन्दै र सुनाउदै आएको लयात्मक पद्यात्मक लोकरचनालाई लोककविता भनिन्छ । विभिन्न लयमा लोकसमुदायले परम्परादेखि प्रयोग गर्दै आएका लयात्मक त्यस्ता रचनालाई लोककविता भनिन्छ । जसमा शास्त्रीय वा लौकिक छन्द वा स्वच्छन्द विशिष्ट लय हुन्छ । यसको निकट सम्बन्ध लोकगीतसित छ । लेख्य साहित्यको गीत र कवितामा जे जस्तो अन्तर हुन्छ, लोकसाहित्यका यी दुई विधाका वीच त्यही सम्बन्ध हुन्छ । लोकगीतमा जस्तै कथ्य वा भाव, लय, भाषाशैलीजस्ता तत्वहरु लोककवितामा पनि

हुन्छ । लोककविता अर्न्तगत खाडो, कवित्, दोहा, सवाई, सिलोक, कुटपद्य, र सिलोकपहेली, बाललोककविता आदि पर्दछन् । यिनलाई लोककविताका उपविधा भन्न सकिन्छ ।

### ३.६.३ लोकगाथा

कविताको लघुरुप र मध्यमरुपको बीचमा पाइने अन्तररेखाझै गीत र गाथा बीचको अन्तररेखा छुट्याउन सकिन्छ । लोकगीतमा गैयता नै प्रमुख गुण हुन्छ र कथानक झिल्काझिल्की यदाकदा देखिन्छन् । परन्तु लोकगाथामा प्रमुखता कथाबस्तुले पाउँछ भने गेयता गौण रुपमा विद्यमान हुन्छ । लयमा कथानकमा निर्मित लोकगाथाको प्रयुक्त रस प्रायः वीररस हुन्छ भने लोकगीतमा श्रृंगार एवं करण रसको प्राधान्यता रहन्छ । वैदिक साहित्यमा प्रयोग भएको गाथिन् शब्दले प्राचीन आख्यान अथवा कथा भन्ने व्यक्तिको वोध गराउँछ भने गाथाबाट “इन” प्रत्यय हटाएपछिको शब्दको बनोटले प्राचीन कथा वा आख्यानलाई संकेत गर्छ । गाथाभित्र गेयता र कथानक दुवै अङ्ग रहन्छन् । स्तुतिपरक, कारुणिक वीररसप्रधान अथवा जुनसुकै विषयबस्तुमा केन्द्रित रहे पनि गाथामा ऐतिहासिकताको स्पर्श हुन्छ र वर्णनात्मक लामो प्रकारको काव्यात्मकता गाथामा रहन्छ । तसर्थः रचनाकार अज्ञात रही प्राचीन वा समसामयिक विषय वा घटनालाई लिएर कथिएको श्रुतिपरम्परामा जीवित गीतबद्ध कथानक नै लोकगाथा हो ।

### ३.६.४ लोककथा

जीवन अथवा जगत्को कथाव्यथाको आख्यानमय मनोरञ्जनमूलक गद्यात्मक अभिव्यक्ति नै लोककथा हो । उच्च कल्पना र व्यापक विषयवस्तु आफूमा समेट्न सक्षम लोककथा लोकसाहित्यको लोकगीत पछिको सबैभन्दा उर्वर विधा हो । यसमा मनोरञ्जनको साथमा धर्म, नीति, शिक्षा, पशुपक्षी दैत्य, दानव, भूतप्रेत, राजकुमार, राजकुमारी परी आदि व्यापक विषयवस्तुसँग सम्बद्ध चमत्कारपूर्ण कथानक हुन्छ । तसर्थः लोकजीवन लोककथा द्वारा पूर्णरुपमा अनुस्थूत देखिन्छ ।

### ३.६.५ लोकनाटक

गीत, नृत्य र संगीतको त्रिवेणी आफूभित्र प्रवाहित गरी लोकमानसलाई मनोरञ्जन प्रदान गर्ने लोकसाहित्यकको एक विधा लोकनाटक हो । लोकतत्वलाई शारीरिक अभिनयद्वारा लोकनाटकमा प्रस्तुत गरिने हुनाले अन्तस्करणले भावधारालाई आंगिक संयोजन तथा प्रर्दशनबाट व्यक्त मनोरञ्जनपूर्ण लोकाभिव्यक्ति लोकनृत्य हो । यसलाई बेद अथवा

नाट्य वेद पनि भनिन्छ र भरतमुनिले आफ्नो नाट्यशास्त्रमा यसको व्यापक चर्चा गरेका छन् ।

### ३.६.६ गाउँखाने कथा

वौद्धिक प्राणी मान्छेले आदिम कालमा एकअर्काको वौद्धिक स्तरको मापन गर्ने महत्वपूर्ण साधनको रुपमा गाउँखानेकथाको सृष्टि गरेको अनुभव हुन्छ । संस्कृतमा यसलाई प्रहेलिका भनिन्छ । संस्कृत साहित्य यस क्षेत्रमा अत्यन्त धनी छ । वर्तमान युगको हाजिरी जवाफको पूर्व रुपको रुपमा मौखिक रुपमा चल्दै आएको गाउँखाने कथा गद्य र पद्य दुबै प्रकारका देखिन्छ । किन्तु टुक्का वा उखान स्वरुपका गाउँखाने कथाहरु नै ज्यादा प्रचलित र जनस्तरमा ज्यादा प्रयुक्त देखिन्छनन् ।

### ३.६.७ उखान टुक्का

उखानको स्रोत उपाख्यान हो भनिएको पाइन्छ तर आज उखान उपाख्यान भन्दा उक्ति अर्थात् लोकोक्ति (लोकको भनाई) का निकट देखिन्छ । लोकले मान्यता दिएका ठूलावडा भलाद्मी वा अझै अनुभवले खरिएका लोकका विचारवान व्यक्तिका अनुभवका निचोडका रुपमा यी उखानहरु जन्मेका देखिन्छन् । यी भनाईहरु अनुभवले खारिएका मार्मिक एवम् सर्वप्रिय हुन्छन् । पुरानो समयदेखि नै ज्ञान र अनुभवका आधारमा निर्माण भई प्रयोग हुदै आएका असिमित ज्ञान र अनुभवका सरल, सहज र प्रभावकारी रुपमा ग्रहण गर्न सकिने सारका रुपमा रहेका प्रस्तुत अनुभवजन्य ज्ञानराशि यी लोकोक्तिहरु पिढी दरपिढीहुदै भाषिक सामाजिक सम्पति भएर हस्तान्तारिक हुदै जान्छन् ।

## ३.७ निष्कर्ष

लोकको साहित्य नै लोकसाहित्य हो । लोकसाहित्य अपठित जनसमुदायबाट सृर्जित साहित्य हो । यसमा लोकसमुदायको खारिएको अनुभवहरु रहेको हुन्छ । लोकजीवनमा जीवनयापन गर्ने क्रममा हाँसो, रोदन, सुख, दुःख, ओकाली, ओराली गर्दै संगालिएको अनुभवहरु नै लोकसाहित्यको विभिन्न विधाहरुमा प्रतिबिम्ति भएको हुन्छ । लोकसाहित्य आधुनिक शिष्ट साहित्यको आधार पनि हो । शिष्ट साहित्यमा जस्तैः लोकसाहित्यको पनि विभिन्न विधाहरु रहेको छन् । जसमा लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक उखान टुक्का र गाउँखाने कथा रहेका छन् । यी विभिन्न विधाहरुको आ-आफ्नै स्वरुप र विशेषताहरु छन् तर समग्र रुपमा लोकसाहित्यको स्वरुप र

विशेषताहरुमा मौखिक परम्परा, कल्पनाको प्रबलता, मनोरञ्जनात्मकता, सामूहिकता, सरलता तथा सरसता र लोकप्रियता रहेका छन् । जुन विशेषता समग्ररुपमा सबै विधाहरुको प्रविनिधित्व गर्ने देखिन्छ ।

लोकसाहित्यको अध्ययनकर्ताले लोकसाहित्यलाई विभिन्न आधारमा वर्गीकराण गरेका छन् । जसमा भाषिक अभिव्यक्ति प्रस्तुतीकरण, संस्कारवद्ध र मुक्त आदि आधार बनाएको देखिन्छ । तर सबैभन्दा लोकप्रिय चाहि विषयगत आधार नै देखिन्छ । सोही अनुसार विभाजन गरिएको छः जसमा, लोकगीत, लोककविता, लोकगााथा/लोककथा, लोकनाटक गाउँखाने कथा र उखान टुक्का रहेको छ ।

अतः लोकसाहित्य भनेको लोकमानसका प्रतिबिम्व नै हो ।

***

# चौथो परिच्च्छेद

## लोककथाको सिद्धान्त र नेपाली लोककथा

### ४.१ लोककथाको परिचय

लोकको कथा लोककथा हो । लोकजीवनमा मौखिक परम्परामा हस्तान्तारित हुँदै आएको कथाहरु नै लोककथा हो । लोककथा लोकसाहित्यको प्राचीन र लोकप्रिय विधा पनि मानिन्छ । एउटाले भन्ने र अरुले सुन्ने चलन भएकोले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोक कथा शव्दको प्रचलन लोकसाहित्यका धारणाको विकास भएपछि भएको हो ।[1] लोककथालाई दन्त्यकथा, कथाकुथूङ्ग्री पनि भनिन्छ । यसलाई हिन्दीमा कहानी भनिन्छ ।

नेपाली भाषाको लोककथा शव्द अङ्ग्रेजीको फोकटेल्स (Folk talels) को समानार्थी हो ।[2] पाश्चात्य जगतमा पौराणिक कथा वा मिथक, दन्त्यकथा, नीतिकथा परीकथामा पनि भेद गरिन्छ ।[3] लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । कथा भन्ने र सुन्ने प्रचलन आदिमा मानिसको आदिम प्रवृतिका रुपमा देखापर्छ । यसरी लोककथा आदिम प्रवृत्तिसँग गाँसिएर संरक्षित र संवद्धित भई व्यापक हुँदै आएको प्राचीन विधाका रुपमा देखिन्छ । भन्ने र सुन्नेका बीचमा अबाध  सम्वन्ध रहने परिस्थितिका कारण यसको गतिशीलतामा कुनै बाधा उपस्थित नभई निरन्तरता रहेको पाइन्छ । यसलाई वेदभन्दा पूर्ववर्ती मानिन्छ ।

लोकसाहित्यको अत्यन्त महत्वपूर्ण विधा लोककथा भन्न र सुन्न कुनै औपचारिक अवसर चाहिदैन । यो जुनसुकै समयमा पनि भन्न र सुन्न सकिए तापनि विशेष गरी बेलुका राती हो । दिनभरको थकाई मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरुको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने, तथा सबैको बसिबियालो गर्ने दृटिबाट यसको ठूलो उपयोगिता र महत्व रहेको छ । मनोरञ्जनको साथै शिक्षा पनि दिने हुँदा यसले लोकजीवनमा अत्यन्त महत्व पाएको छ ।

---

१. चुडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाण्डौं:एकता बुक्स, २०५८), पृ.२८४ ।
२. ऐजन ।
३. ऐजन ।

## ४.२ लोककथाको परिभाषा र स्वरुप

विविधता, व्यापकता, प्राचीनता, आदिका कारण लोककथाको परिभाषा दिनु अत्यन्त कठिन कार्य हो । तर पनि लोककथाको अध्ययन अनुसन्धान गर्ने विद्वानहरुले लोककथाको चिनारी दिने क्रममा परिभाषाको निमार्ण गरेका छन् । ती प्रमुख परिभाषाहरु यस प्रकार छः

**सी.एस.वर्न**

लोक कथा आफैमा तत्कालीन समयको चालचलन रीतिरिवाज, सामाजिक सांस्कृतिक विश्वास, परम्परागत संस्कार र अनुष्ठान आदिको जीवित हस्ताक्षर र प्रतीकात्मक साक्षी हो ।[४]

**ऐभेलिन मार्टिनेगो**

लोककथा आधुनिक कथाहरुको जनक हो र लोकगीत समस्त कविताहरुको जननी हो ।[५]

**द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**

उत्पति जहाँ भए पनि समय र स्थान दुबै दृष्टिले सार्वभौम मौखिक आख्यानात्मक कथालाई लोककथा भनिन्छ ।[६]

**मार्क ट्वेन**

पशुहरु वास्तवमा एक अर्कासंग कुरा गर्छन् । यस विषयमा कुनै कुनै प्रश्न छैन्, म के सोच्छु भने यहाँ धेरै कम व्यक्ति मात्र छन् जो ती कुराहरु बुझ्दछन् ।[७]

**सत्येन्द्र**

लोककथाले लोकमानसको मूल भावनाका रुपलाई स्थूल प्रतिकले अभिव्यक्त गर्दछ ।[८]

---

४. शम्भुप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, दो.स. (विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५६) पृ. १०९ ।

५. ऐजन ।

६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** ( काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६६) पृ. ३७२ ।

७. चुडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाण्डौंः एकता बुक्स, २०५८) पृ.२८३ ।

८. ऐजन ।

**तुलसी दिवस**

लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ ।[९]

**वासुदेव त्रिपाठी**

लोककथाका स्वप्निलता र कल्पनाशीलताको काखमा सुतिरहेका आदिम जीवनका सङ्केतहरुलाई हामीले विश्लेषणात्मक हेराइले आत्मासात गर्नुपरेको छ ।[१०]

**धर्मराज थापा र हंसपुरे सुवेदी**

बिशेषत कल्पनाको धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौपुस्ता मुख -मुखै चलेर आएका कथाहरु नै लोककथा हुन् ।[११]

**नेपाली वृहत शव्दकोश**

परम्परादेखि लोकजीवनमा मौखिक रुपले चलिआएको कथालाई लोककथा भनिन्छ ।[१२]

**मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल**

मौखिक वा श्रुतिपरम्परादेखि सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त, सारगर्भित एवं सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ ।[१३] माथिका विभिन्न विद्वानहरुको परिभाषाको आधारमा लोककथाको स्वरुप यसप्रकार निरुपण गरिएको छ :

१) लोककथा मौखिक वा श्रुतिपरम्परामा हुर्किंदै आगि बढ्छ ।

२) लोककथा एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ ।

३) लोककथाको रचनाकार अज्ञात हुन्छ ।

४) लोककथाको परम्परा अलिखित हुन्छ ।

५) लोककथा संक्षिप्त आकारको हुन्छ ।

६) लोककथा आख्यानात्मक र गद्यात्मक हुन्छ ।

७) लोककथा आदि मध्य अन्त्य संरचनामा आएको हुन्छ ।

८) लोककथा परिवर्तनशील हुन्छ ।

९) लोककथा सारगर्भित हुन्छ ।

---

९. ऐजन, पृ. २८४ ।

१०. ऐजन ।

११. शम्भुप्रसाद कोइराला, पूवर्वत पृ. ११० ।

१२. वालकृष्ण पोखरेल र अन्य (सम्पा) **नेपाली बृहत शब्दकोश**, (काठमाण्डौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान , २०४१) पृ. १११८ ।

१३. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूवर्वत पृ. ३७२ ।

## ४.३ लोकथाका तत्वहरु

लोककथाको निर्माण गर्ने आवश्यक सामाग्रीलाई लोककथाका तत्व भनिन्छ । यसलाई उपकरण, अबयव, संरचक, घटक पनि भनिन्छ । यसको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । आधुनिक कथा र लोककथा दुबैका अनिवार्य तत्वहरु समान हुन्छ । लोककथाका तत्वहरु यसप्रकार छन् :

### ४.३.१ कथानक

लोककथामा घटनाहरुको संयोजनलाई कथानक भनिन्छ । कथानकमा घटनाहरुको व्यवस्थापन वा विन्यास उत्सुकता र संशय जगाउने ढङ्गबाट गरिएको हुन्छ । लोककथामा कथानकलाई महत्व दिएको हुन्छ भने आधुनिक कथामा चरित्रलाई महत्व दिएको हुन्छ । कथानक आदि, मध्य अन्त्य श्रृंखलामा रहेको हुन्छ ।

### ४.३.२ पात्र

घटनासँग सम्बद्ध भएर आउने व्यक्ति वा पात्र लोककथाको एउटा महत्वपूर्ण आवश्यक तत्व हो । लोककथा विभिन्न घटनाहरु मिलेर बनेको हुन्छ । ती घटनाहरको जन्म विभिन्न पात्रका क्रियाकलापहरुबाट हुन्छ । ती घटना वा बस्तु रचनाको आधार नै पात्र हुन् । कतिपय नैतिक र अभिवृत्तीय गुणहरु युक्त पात्रहरुलाई चरित्र भनिन्छ र व्यक्तिलाई देखाउने ढङ्गलाई चरित्रचित्रण भनिन्छ ।

लोककथामा पात्रहरु प्राय मान्छे नै हुन्छन् । कतिपय लोककथामा मान्छे नभएर देवता, राक्षस, पशुपन्छी जस्ता अतिमानवीय तथा मानवेतर पात्रको पनि प्रयोग भएको हुन्छ । अतिमानवीय तथा मानवेतर पात्रहरुले पनि मानवीय चरित्रको उद्घाटन गरेको पाइन्छ ।

### ४.३.३क परिवेश

लोककथाको घटनास्थल समय र सामाजिक परिस्थिति लाई परिवेश भनिन्छ । परिवेश अर्न्तगत देशकाल र वातावरण पर्दछ । ठाउँ र समयका साथै स्थानविशेषको वा समयविशेषको रीतिथिति आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठमूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाई आदि पनि परिवेशभित्रै आउछन् ।[१४]

---

१४. ऐजन पृ. ३७६ ।

लोककथामा स्थानीय परिवेश विशेष महत्व रहेको हुन्छ । परिवेशले कथानक र पात्रलाई आधार स्थल प्रदान गर्दछ ।

### ४.३.४ उद्देश्य

लोककथाको प्रयोजन नै उद्देश्य हो । विना प्रयोजन लोककथाको सृजना हुदैन् । लोककथाले जनसमुदायसामु कुनै सन्देश वा जीवन दर्शन दिन खोजेको हुन्छ । तर लोककथाहरु मुख्यतः मनोरञ्जन प्रयोजनले सिर्जिएका हुन्छ ।[१५] लोककथाको उद्देश्य श्रीतालाई तत्काल मनोरञ्जन दिनु र कुनै न कुनै सत्यको प्रतिष्ठान गर्नु पनि हो । लोककथाले बालक, युवायुवती बयस्क बृद्धसम्म सबै उमेर समूहका मानिसलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखेको छु ।

### ४.३.५ भाषा

लोककथाका अभिव्यक्तिको माध्यम भाषा हो । लोककथा भाषिक कला भएकाले यसका अभावमा लोककथाले रुपाकार र मूर्तता पाउन सक्दैन् । त्यसैले भाषा लोककथाको सर्वोपरि आवश्यक तत्व हो । लोककथाले भाषाको गद्य रुपलाई अँगाल्दछ । लोककथा पटक पटक सुनाउँदा भाषामा केहि परिवर्तन हुन्छ । लोककथालाई विभिन्न ठाउँमा सुनाउदा पनि भाषागत परिवर्तन भइरहेको हुन्छ । लोककथामा स्थानीय भाषाको बहुलता रहेको हुन्छ ।

### ४.३.६ शैली

लोककथा प्रस्तुत गर्ने ढङ्गलाई शैली भनिन्छ । लोककथाको कथानकलाई प्रस्तुत गर्ने तरिका व्यक्ति अनुसार फरक फरक हुन्छ । तर लोककथामा वर्णनात्मक शैली नै बढी प्रयोग गरिन्छ । सरल प्रवाहपूर्ण र कुतूहलवद्धक ढङ्गले लोककथाको प्रस्तुत गरिन्छ । लोककथामा अर्थको जटिलता, विम्ब प्रतिकको प्रधानता हुदैन । यसको शैली सरल किसिमको हुन्छ । लोककथाको प्रारम्भ र अन्त्य गर्ने आफ्नै किसिमको ढाँचा भएको विशिष्ट शैली हुन्छ ।

## ४.४ लोककथाको विशेषताहरु

कल्पनामय अद्भूत अलौकिक घटना र पात्रहरुको माध्यमबाट अभिव्यक्त भएर जीवनलाई चखिलो र आनन्दमय बनाउने लोककथाका अनेकौ विशेषताहरु देखिन्छन् । लोककथाको तत्व र गुणको आधारमा लोककथाको विशेषताहरु औल्याउन सकिन्छ ।

---

१५.	ऐजन ।

श्रुतिस्मृति परम्परामा जीवन्त विधा भएकाले र युगौयुगदेखि मुखमुखैमा चल्दै आएकाले यसको निश्चित सीमाबद्ध विशेषता हुदैन । तर पनि विभिन्न विद्वानहरुले लोककथाको विशेषताहरुलाई विभिन्न रुपमा देखाएका छन् । मूलतः ती प्रमुख विशेषताहरु यसप्रकार देखाउन सकिन्छ :

### ४.४.१ उपदेशात्मकता

लोककथाको उद्देश्य बौद्धिक एवं नैतिक किसिमको उपदेश र सन्देश दिनु हो । आफूले जीवनको लामो कालखण्ड पार गरिसकेका बुढाबुढीले जीवनको अनुभवका आधारमा अनेक तीता मीठा घटना र अनुभूतिलाई मिसाउदै आफ्नो सन्ततिलाई बौद्धिक ज्ञान र नैतिक उपदेश दिने उद्देश्यले विभिन्न किसिमका देवी देवताका, राजा महाराजका, राजकुमार राजकुमारीका तथा वीरपुरुषका पराक्रमी शुरता, वीरता आदिसँग सम्बन्धित कथाहरु सुनाउने गर्दछन् । रोचक र पराक्रमी लोककथाहरु सुनाएर वालवालिकामा सत् बाटोको अवलम्वन गर्ने र असत्लाई त्याग्ने स्वाभावको वृद्धि गराउने उद्देश्य वुढापाकाको रहेको देखिन्छ । त्यसकारण नेपाली लोककथाको महत्वपूर्ण विशेषता उपदेशात्मकता हुनु हो ।

### ४.४.२ कल्पनाको प्रबलता

लोककथामा कल्पनाको प्रबलता रहेको हुन्छ । काल्पनिक क्षमता भएको स्रष्टाले नै लोककथाको रचना गरेको हुन्छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक पुस्तादेखि अर्को पुस्तामा सर्दै जादा काल्पनिक घटनाहरु थपिदै जान्छन् । कल्पनाको बाहुल्यता भए पनि बास्तविक र यथार्थका भोगाईको प्रतिविम्बहरु लोककथामा हुन्छ ।

### ४.४.३ रचनाकार अज्ञात

सम्पूर्ण लोकसाहित्यको संरचना नै अज्ञात व्यक्तिबाट भएको हो भने लोककथा पनि त्यसबाट बाहिर छैन । यसलाई कुनै रचनाकारले रचना गर्‍यो होला र लोकलाई लोककल्याणको भावनाले सुम्पियो होला । लोकले मौखिक रुपमा भन्दै र सुन्दै जाँदा यसको मूल रुप देश, काल र परिस्थिति अनुरुप परिवर्तन हुदै गयो रचनाकारको प्रत्यक्ष संलग्नता हरायो । पुस्त्यौली साझा सम्पतिको रुपमा एक गलाबाट अर्को गलामा एक युगबाट अर्को युगमा चल्दै आयो । आदिम मान्छेले आफूमाथि घटेको विशेष घटनाहरु भन्ने र सुन्ने परम्पराको थालनी भएदेखि नै लोककथाको रचनाकार अज्ञात एक महत्वपूर्ण विशेषताको रुपमा देखिन्छ ।

### ४.४.४ लोकमनोरञ्जनात्मकता

लोककथाको रचना गर्दा रचनकारले लोकमनोरञ्जनलाई विशेष रुपमा ध्यान दिएको देखिन्छ । भन्ने व्यक्तिलाई फूलको माला र सुन्ने व्यक्तिलाई सुनको माला दिने कथन पछाडि पनि लोकलाई उच्च महत्व दिएको देखिन्छ । लोकलाई अधिकाधिक मनोरञ्जन प्रदान गर्ने हेतुले लोककथाकारले समाजलाई आकर्षित तुल्याउन कथामा अनेक तत्वको समावेश गरेका छन् । अद्भूत अलौकिक र अमानवीय घटनाको तारतम्य गरेका हुन्छ ।

### ४.४.५ विषयगत व्यापकता

लोककथामा बिषयबस्तुको अत्यन्त व्यापकता पाइन्छ । यसको विषय मानिसका सुख दुःख, हाँसो आँसु, प्रेम घृणा, आशा निराशा, धैर्य क्रोध, मोह ईर्श्या, आकर्षक विकर्षक, शत्रुता मित्रता, घात प्रतिघात आदि सबै मूलप्रवृतिहरु हुन्छन् । यसको बिषयबस्तु लौकिक वा अलौकिक जे पनि हुन सक्छ । देवीदेवता, राक्षस, भूतप्रेतजस्ता अलौकिक मानिस , पशुपन्क्षीजस्ता लौकिक, हावा, पानी, सूर्य, माटोजस्ता प्राकृतिक आदि जुनसुकै बिषयबस्तुलाई पनि अँगाल्न सक्ने व्यापकता लोककथामा हुन्छ । लोककथाले लोकजीवनका जुनसुकै बिषयलाई समेट्ने हुँदा यसको बिषयबस्तुको कुनै सीमा नै छैन ।

### ४.४.६ उत्सुकताको भावना

उत्सुकताको भावनाको जागृतिकरण कथाको महत्वपूर्ण गुण हो । कौतुहलता विनाको कथा नून विनाको तरकारी जस्तो हुन्छ । जुन कथा सुन्न श्रोता वर्गहरु उत्सुक हुदैनन् । त्यस कथामा आकर्षक तत्वको न्युनता रहेको र त्यो सफल कथा नबनेको स्वतः सिद्ध हुन्छ । उत्सुकताको दृष्टिले हेर्दा लोककथाहरु अति सफल मानिन्छन् । लोककथा सुन्दा श्रोतावर्गलाई कथाको अगाडिको भाग सुन्न लालसा बढ्दै जान्छ । अनि के भयो ? भन्ने जिज्ञासा उत्पन्न गर्न लोककथाहरु सक्षम देखिन्छन् ।

### ४.४.७ गद्यको प्रधानता

लोककथाहरु मुख्यतः गद्यमा रचिएका हुन्छन् । कतिपय लोककथामा बीचबीचमा केही पद्यांशहरु प्रयोग गरिए पनि यसको खास विशेषताचाहि गद्यात्मक हुन्छ । कतिपय लोकगाथालाई पद्यमा लेखिएका कथा मानिए पनि कथा र गाथाको विधागत संरचना भिन्न हुन्छ । पद्यात्मकताका कारण गाथाको संरचना सूक्ष्म हुन्छ भने गद्यात्ममकताका कारण कथाको संरचना स्थूल हुन्छ । बीचबीचमा पद्यको प्रयोग भएका

केही केही नेपाली लोककथाहरु सात भाई र एक बहिनी, हौसिया गुन्ट्या, कान्छीचाँहि भाउजुले नडैसिता पालिन् आदि हुन् ।

### ५.४.८. वर्णनात्मक शैली

लोककथाको शैली मुख्यतः वर्णनात्मक हुन्छ । रोचक तथा स्वाभाविक वर्णनलाई लोककथाको प्राण मानिन्छ । केही लोककथाका बीचबीचमा संवादहरु पनि आउन सक्छन् । यस्ता संवादले लोककथामा नाटकीयताको प्रवर्द्धन गर्दछ । लोककथालाई रसिलो तुल्याउन पद्य वा गीतको प्रयोग पनि हुनसक्छ । यी सब हुदाँहुदै पनि वर्णनको रोचकता, स्वाभाविकता, सहजता सरतला सोझोपन नै यसको विशिष्ट शैलीय विशेषता हो ।

### ४.४.९ सरल शैली

लोककथाहरु प्रायः सरल शैलीमा देखिन्छ । संयुक्त मिश्र वा मिलित वाक्यको प्रयोग प्रायः न्यून रुपमा मात्र भएको पाइन्छ । जस्तो एकादेशमा एक राजा थिए । उनका चार छोरा थिए । छोराहरु पटमुर्ख थिए आदि । लोककथाकारलाई शब्दाडम्बरसँग कुनै सरोकार हुदैन । सहज रुपमा जुन जुन शब्दहरु आउछ ती शब्दहरु समेटेर कथा बनेको देखिन्छ । कथावस्तुमा जुन प्रकारले स्वाभाविक रुपमा बगेको हुन्छ । भाषा पनि त्यस्तै अकृत्रिम हुन्छ ।

## ४.५ नेपाली लोककथाको वर्गीकरण  र आधार

नेपाली लोककथाको वर्गीकरण गर्ने कार्य ज्यादै कठिन कार्य हो किनभने लोककथामा बिषयवस्तुको व्यापकता, भेद, उपभेद पाइन्छ । लोककथाको क्षेत्र अति नै बिस्तृत  र विविधतामय हुने हुनाले यी यति नै वर्गका प्रकारका हुन्छन् भनेर ठोकुवा गर्न गाह्रो हुन्छ । किनभने मानव हृदय तथा मनका अगणित अनुभव तथा मानवकल्पनाहरु र मानवसमाजका प्रचलित विश्वास तथा रीतिरिवाज सब लोककथाको बिषय भित्र पर्दछन् ।[१६] त्यस्तै गरी कथाको बिषयक्षेत्र पनि अत्यन्त फराकिलो भएको विषयगत दृष्टिले असम्भव नै देखिन्छ । यति भएर पनि अध्ययनका क्रममा यसको वर्गीकरण आवश्यक हुने भएकाले पाश्चात्य पूर्वीय विद्वानहरुले लोककथाको वर्गीकरण गर्ने प्रयास पहिल्यैदेखि गर्दै आएको पाइन्छ ।[१७]

---

१६. शम्भुप्रसाद कोइराला, पूवर्वत पृ. ११७ ।

१७. रामनाथ ओझा र मधुसुदन गिरी, **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, चौ.स. (कीर्तिपुर स्टडेन्टस बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्युर्टस, २०६४) पृ. ११२ ।

### ४.५.१ पाश्चात्य वर्गीकरण

**(क) गोमेको वर्गीकरण**

लोकवार्ताका प्रसिद्ध अंग्रेजी विद्वान जर्ज लरेन्स गोमेले **folklore as Historical science (1908)** शीर्षक पुस्तकमा लोककथाको वर्गीकरण गरेका छन् ।

(१) लोककथा (२) वीरकथा (३) लोकगाथा (४) स्थानीय किवदन्ती[१८]

**(ख) वर्नको वर्गीकरण**

लोकवार्ताका विदुषी सी. एस. वर्नले **The Handbook of follclore (1014)** नामक पुस्तकमा लोककथाको वर्गीकरण गरेका छन् :

**(१) साँचो कथाका रुपमा भनिने लोककथा**

(क) पौराणिक कथा (ख) किंवदन्ती (ग) वीरकथा

**(२) मनोरन्जन कथाका रुपमा भनिने लोककथा**

(क) लोककथा (ख) परीकथा (ग) शिशुकथा (घ) पशुकथा

(ङ) हास्यकथा (च) ऋमबद्ध (छ) दृष्टान्तकथा[१९]

**(ग)टम्सनको वर्गीकरण**

लोकसाहित्यका प्रसिद्ध विद्वान स्टिथ टम्सनले लोककथाको वर्गीकरण यसप्रकार गरेका छन् :

(१) परम्परित कथा (२) परीकथा (३) पशुकथा

(४) नीतिकथा (५) पौराणिक कथा[२०]

### ४.५.२ पूर्वीय वर्गीकरण

**(क) आनन्दबर्द्धनको वर्गीकरण**

काश्मिरी विद्वान प्रसिद्ध ध्वनिशास्त्री आनन्दबर्द्धनले आफ्नो कृति ध्वन्यालोकमा कथाका तीन भेद देखाएका छन् : रस पारिपाकको खास स्थान नभएको इति वृत निवद्ध परीकथा बीजदेखि फलसम्म पुर्वकथा समावेश भएको सफल र एकदेश प्रधान खण्ड कथा मानिन्छ ।

---

१८. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूवर्वत पृ. ३८२ ।
१९. ऐजन ।
२०. ऐजन ।

(१) परीकथा (२) सकलकथा (३) खण्डकथा[२१]

**(ख)हरिभद्रचार्यको वर्गीकरण**

हरिभद्राचार्यले कथालाई चार प्रकारमा छुटाएका छन् :

(१) अर्थकथा (२) काम कथा (३) धर्म कथा (४) संकीर्ण कथा[२२]

(ग)दिनेशचन्द्रको वर्गीकरण

भारतीय विद्वान डा. दिनेशचन्द्र सेनले आफ्नो कृति **folk, literature of Bengal (1920)** मा बंगाली लोककथाहरुको अध्ययन गर्ने क्रममा बंगाली लोककथालाई चार भागमा विभाजित गरेका छन् :

(१) रुपक कथा (२) हास्यकथा (३) धार्मिक कथा (४) गीतिकथा[२३]

**(घ) सत्येन्द्रको वर्गीकरण**

भारतीय विद्वान डा. सत्येन्द्रले ब्रजभाषा क्षेत्रका लोककथाको अध्ययन गरी लोककथाको वर्गीकरण यसप्रकार गरेको छन् :

(१) गाथाहरु (२) पञ्चतन्त्रीय कथाहरु (३) परीका कथाहरु

(४) विक्रम कथाहरु (५) बुझौवल (६) निरीक्षणगर्भित कथाहरु

(७) साधुसन्तका कथाहरु (८) कारणनिर्देशक कथाहरु[२४]

**(ङ) कृष्णदेव उपाध्यायको वर्गीकरण**

लोकसाहित्यका प्रसिद्ध भारतीय विद्वान डा. कृष्णदेव उपाध्यायले लोककथाको वर्गीकरण यसप्रकार गरेका छन् :

(१) उपदेश कथा (२) ब्रत.कथा (३) प्रेमकथा (४) मनोरञ्जन कथा

(५) सामाजिक कथा (६) पौराणिक कथा[२५]

### ४.५.३. नेपाली वर्गीकरण

नेपाली लोककथाको वर्गीकरणको सन्दर्भमा हेर्दा हालसम्म त्यति उल्लेखनीय कार्य भएको देखिन्दैन । तर नेपाली लोककथाको वर्गीकरण सम्बन्धी पहिलो काम तुलसी

---

२१. शम्भुप्रसाद कोइराला, पूर्ववत पृ. ११९ ।
२२. ऐजन ।
२३. चुडामणि बन्धु, पूर्ववत पृ. २२१ ।
२४. ऐजन ।
२५. शम्भुप्रसाद कोइराला, पूर्ववत पृ. २२१ ।

दिवसबाट भएको छ । त्यसपछि अन्य विद्वानहरुले पनि नेपाली लोककथाको वर्गीकरण गरेका छन् । ती प्रमुख वर्गीकरणहरु यसप्रकार छन् :

**(क) तुलसी दिवसको वर्गीकरण**

तुलसी दिवसले आफ्नो पुस्तक **"नेपाली लोककथा"** (२०३२) मा लोककथाको वर्गीकरण यसप्रकार गरेका छन् :

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरु

(२) अर्ती उपदेशका लोककथाहरु

(३) पशुपक्षीका लोककथाहरु

(४) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरु

(५) अतिमानवीय रुपका लोककथाहरु

(६) दैवी लोककथाहरु

(७) फलफूलका लोककथाहरु

(८) धार्मिक लोककथाहरु

(९) साहस र बहादुरीका लोककथाहरु

(१०) विविध लोककथाहरु[२६]

**(ख) धर्मराज थापा र हंसपुरे सुवेदीको वर्गीकरण**

धर्मराज थापा र हंसपुरे सुवेदीले आफ्नो पुस्तक **"नेपाली लोकसाहित्यको विवेचना"** (२०४१) मा लोककथाको वर्गीकरण यसप्रकार गरेको छन् :

(१) धार्मिक तथा सांस्कृतिक ऐतिहार्सिक लोककथा

(२) मानवी तथा अतिमानवी लोककथा

(३) पशुपन्छी लोककथा

(४) दैवी लोककथा

(५) विविध लोककथा[२७]

---

२६. चुडामणि बन्धु, पूर्ववत २९२ ।

२७. कृष्णप्रसाद आचार्य, **पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध**, दो.स. (कीर्तिपुर: क्षितिज प्रकाशन २०६७) पृ. ५४१ ।

**(ग) शम्भुप्रसाद कोइरालाको वर्गीकरण**

शम्भुप्रसाद कोइरालाले आफ्नो पुस्तक "**लोकसाहित्य सिद्धान्त र विश्लेषण**" (२०५६)नामक
पुस्तकमा लोककथाको वर्गीकरण यसप्रकार गरेका छन् :

(१) मानवी तथा अतिमानवी लोककथा

(२) पशुपंक्षी तथा फलफूलका लोककथा

(३) दैवी तथा धार्मिक लोककथा

(४) सांस्कृतिक ऐतिहासिक लोककथा

(५) अर्ती उपदेश तथा बहादुरीको लोककथा[२८]

**(घ) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको वर्गीकरण**

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले आफ्नो पुस्तक **"लोकवार्ताविज्ञान र लोकसाहित्य" (२०६३)** नामक पुस्तकमा लोककथाको वर्गीकरण वैज्ञानिक र व्यापक ढङ्गमा गरेका छन् । जुन हालसम्मको व्यापक र बिस्तृत वर्गीकरण हो । जुन यसप्रकार छ :

**(१) शिल्पविधानका आधारमा नेपाली लोककथाका प्रकार**

(क) घटनाप्रधान लोककथा (ख) चरित्रप्रधान लोककथा

(गं) परिवेशप्रधान लोककथा

**(२) भावका आधारमा नेपाली लोककथाका प्रकार**

(क) प्रेमकथा (ख) वीरकथा (ग) करुणकथा (घ) भक्तिकथा

(ङ) हास्यकथा (च) अद्भूतकथा (छ) रोमाञ्चक कथा,

**(३) उद्देश्यका आधारमा नेपाली लोककथाका प्रकार,**

(क) मनोरञ्जनप्रधान लोककथा (ख) नीतिप्रधान लोककथा

**(४) बिषयबस्तुका आधारमा नेपाली लोककथाका प्रकार**

(क) पौराणिक लोककथा (ख) सामाजिक लोककथा

(ग) किवदन्तीमूलक लोककथा (घ) अतिप्राकृतिक लोककथा

(ङ) पशुपक्षीका लोककथा,

---

२८. शम्भुप्रसाद कोइराला, पूर्ववत पृ. १२२ ।

पाश्चात्य पूर्वीय र नेपाली विद्वानहरुले लोककथाहरुको वर्गीकरण गरेको अध्ययन गर्दाखेरि के देखिन्छ भन्ने वर्गीकरणको आधारको रुपमा शिल्पविधान, भाव, र उद्देश्य आदि महत्वपूर्ण आधार भए पनि सबै भन्दा महत्वपूर्ण आधार चाहि बिषयबस्तु नै देखिन्छ । बिषयबस्तुको आधारमा नेपाली लोककथाहरुलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छ :

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरु (२) मानवी र अतिमानवीय लोककथाहरु

(३) पौराणिक किंवदन्तीमूलक लोककथाहरु (४) पशुपक्षीमूलक लोककथाहरु

(६) विविध लोककथाहरु

### ४.५.३.१ सांस्कृतिक ऐतिहासिक लोककथाहरु

ऐतिहासिक एवं सांस्कृतिक व्यक्ति, स्थान तथा घटनाको विवरण चाडपर्व तथा उत्सव आदिको उत्पति र प्रचलित हुनाको कारण र विभिन्न देवीदेवताको मन्दिर निर्माणको प्रसंगसँग सम्बन्धित नेपाली लोकजीवनमा प्रचलित किम्बदन्ती, जनश्रुति, आख्यानिका तथा अवदानहरु सास्कृतिक तथा ऐतिहासिक कथा वर्गअन्तर्गत समाविष्ट हुन्छन् ।[२९] विभिन्न देवीदेवता तिनको उत्पति, मठमन्दिर निर्माण जात्रा, ठाउँ आदिसँग सम्बन्धित कथाहरु सास्कृतिक कथा हुन् भने वीर पुरुष र तिनका साहासिक कार्यहरुसँग सम्बन्धित कथाहरु ऐतिहासिक कथा हुन् [३०]यस्ता कथाहरु सत्य नभए पनि विश्वासको साथ सुनिन्छ ।

### ४.५.३.२. मानवी र अतिमानवीय लोककथाहरु

मानवका विभिन्न स्वाभाव हुन्छन् । ती स्वाभावहरुमा आधारित कथाहरु मानवी कथा हुन् । मान्छेका प्रवृत्ति र स्वभावसँग सम्बन्धित कथाहरुमा लोभी मान्छेका क्रियाकलापसँग सम्बन्धित, ठग र धूर्त मानिससँग सम्बन्धित विश्वासघात र मुख्याईसँग सम्बन्धित कथाहरु नेपाली लोककथाको क्षेत्रमा धेरै पाइन्छन् । 'धूर्त नोकर चंखेको चलाखी' गुनकेशरी मैयाको ढिपी 'लोभी र कन्जसु' सौतेनी आमा र तेजकुमारी एवं अन्धो र लंगडो जस्ता कथाहरुले माथि वर्णित मान्छेका विविध प्रवृत्ति र स्वभावलाई स्पष्ट पारेका छन् ।[३१]

अतिमानवी वर्गका कथाहरुमा भूतप्रेत, राक्षस्, बोक्सी ख्याक, झाँक्री, किचकन्या, भूतप्रेत परी र अप्सरा जस्ता अमानवीय जीव र शक्तिहरुको आश्चर्यजनक

२९. २९. ऐजन पृ. १२४ ।
३०. रामनाथ ओझा र मधुसुदन गिरी, पूर्ववत पृ. ११४ ।
३१. शम्भुप्रसाद कोइराला, पूवर्वत पृ. ११३ ।

चमत्कार यस फाँटका कथाहरुमा भेटिन्छ । खीर पाक ताउली, भूतको जगल्टा, टुनामुना जान्ने बूढी सुनकेशरी रानी र अबोला मैया आदि इत्यादि कथाहरु मानवी वर्गका लोककथाहरु हुन् ।[३२]

### ४.५.३.३ पौराणिक किवदन्तीमूलक कथाहरु

पुराणहरुबाट बिषयबस्तु लिई सृजना भएको कथालाई पौराणिक लोककथा भनिन्छ । यस्ता कथाले श्रोतालाई नैतिक दृष्टान्त एवं अर्ती उपदेश दिने काम गर्दछ ।[३३] पौराणिक आख्यान उपख्यान र धार्मिक कर्मसँग नेपाली लोकसमाज निकट रहेको हुनाले यस्ता कथाहरु प्रशस्त मात्रामा भेट्टाउन सकिन्छ । जसमा श्रवणकुमार, कैलाश, देवता, मञ्जुश्री, सुम्निमा र पारुहाङ्ग, आदि ।

लोकमा प्रचलित असत्य वा अर्धसत्य पुराकथालाई किवदन्ती भनिन्छ ।[३४] यसलाई दन्त्यकथा, जनश्रुति, अनुश्रुति आदि पनि भनिन्छ । किवदन्ती कथाहरुमा वीर, परकमी , राजा महापुरुष आदिको वर्णन गरिएको हुन्छ ।

### ४.५.३.४ पशुपंक्षीमूलक लोककथाहरु

पशुपंक्षी सम्बन्धी लोककथामा विशेष गरी स्याल, हात्ती, कुकुर, विरालो, मुसो, खरायो, बादर, काग, कोइली, सिंह, र भगेरो आदि पशुपक्षीहरु पात्र हुन्छन् । यी पशुपंक्षीहरु मान्छेको भाषा बोल्दछ र बालकहरुलाई मनोरञ्जन प्रदान गर्ने र उनीहरुले अत्यधिक मनपराउने खालका हुन्छन् । स्वाभाविक, उपयोगी र व्यवहारिक शिक्षा यस वर्गका कथाहरुको प्रायः प्रदान गरेको देखिन्छन् र अत्यन्त रोचक एवम् रमाइला यी कथाहरु हुन्छन् । छट्टु स्याल वुद्धिमानी खरायो जस्ता नेपाली लोककथाहरुले यस कथनलाई पुष्टि गर्दछन् ।

### ४.५.३.५ विविध लोककथाहरु

उपयुक्त वर्गीकरणभित्र नपरेका विभिन्न जातिका धर्म सस्कृति चालचलन अनुसारका कथाहरु विविध अन्तर्गत राख्न सकिन्छ । यसरी उपयुक्त वर्गीकरणबाट के कुरा प्रष्ट हुन्छ भने नेपाली लोकजीवन, लोककथाका दृष्टिले उन्नत छ । हाम्रा समाजमा थुप्रै

---

३२. ऐजन ।
३३. रामनाथ ओझा र मधुसुदन गिरी, पूर्ववत पृ. ११३ ।
३४. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत पृ. ३८६ ।

लोककथाहरुको प्रयोग निकै लामो समयदेखि हुदै आएको छ । यो नेपाली समाजमा लोकप्रिय विधाका रुपमा पनि प्रयुक्त भएको छ ।

## ४.६ नेपाली लोककथाको अध्ययन परम्परा

श्रुतिस्मृति परम्परामा जीवित रहने लोकसाहित्यको प्रमुख विधाहरुमध्ये लोककथा पनि एक हो । जब भाषाको निर्माण भयो तब लोककथाहरु पनि अस्तित्वमा देखापरे लोककथा व्यवहारमा आउनको लागि भाषा लिखित रुपमा आउनु आवश्यक पर्दैन । किन भने आज पनि कतिपय भाषाहरु अलिखित अवस्थामा छ । त्यस भाषामा कथा भन्ने सुन्ने परम्परा छ । नेपालको सन्दर्भमा हिन्दु बौद्ध जनजातिय समाजमा विभिन्न लोककथाहरु छन् । यी लोककथाहरु मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका छन् ।

नेपाली लोककथाको संकलन तथा अध्ययनको सुरुवात त्यति लामो छैन । विक्रमको बीसौं शताब्दीको अन्तिम दर्शकदेखि मात्र शुरु भएको हो । बोधविक्रम अधिकारीद्वारा सम्पादित १२ लोककथाहरुको सग्रह नेपाली दन्त्यकथा (१९९६) आजसम्मको एउटा प्रसिद्ध संकलन हो ।[३५] वि.स. १९९९ मा नेपाली भाषा प्रकासिनी समितिले लोककथाहरुको संकलन गरी पठाउनका निम्ति एउटा सुचना जिल्लाहरुमा पठायो । संस्थागत रुपमा लोककथा को संकलनमा रुचि देखाउने यो ऐतिहासिक प्रयास थियो ।[३६] यसपछि ललितजङ्ग सिजपतिको दन्त्यकथा माला (२००३) मा २६ ओटा र ऐतिहासिक कथासंग्रह (२००८) मा जात्रा चाडपर्वसँग सम्बन्धी २० कथाहरु संकलन गरेका छन् ।

यस्तै सुवर्णशमशेर ज.व.रा. को दन्त्यकथा (२००५) मा परम्परासँग सम्बन्धित नौ कथाहरु छन् । यस पुस्तकको भूमिकामा दन्त्यकथाको महत्वबारे जोड दिएको छ र प्रस्तुत दन्त्यकथाहरु सुनेको बाट जस्ताको तस्तै सारिएको हो भनिएको छ । काजीमान कन्दङ्वाको आठ कथाहरु (२००८) मा आठैओटा कथा छन् ।[३७] जुजुराम कुस्लेको सुनौलो कथा (२०१६) र वादलकी रानी (२०१६) लोककथाहरुको संकलन हो । करुणाकार वैद्यको नेपाली दन्त्यकथासंग्रह (२०२०) मा बालवालिकाहरुका निम्ति १८ ओटा कथाहरुको संकलन छ । इमानसिंह चेम्जोङको किराँती दन्त्यकथामा (२०२१) मा किराँती समाजका १९ दन्त्यकथाहरु छन् । ललितजङ्ग सिजापतिको नेपालको लोककथा (२०२४) मा २५ ओटा

३५. चुडामणि बन्धु, पूर्ववत पृ. २९४ ।
३६. ऐजन ।
३७. ऐजन ।

पौराणिक कथाहरु सङ्कलित छन् । पासाङ्ग गोपर्माको बुहारी (२०२४) मा पूर्वी नेपालमा प्रचलित आठओटा लोककथाहरु छन् ।

हाम्रो संस्कृति पत्रिकाले लोककथाको विशेषाङ्कहरु प्रकाशित गरी चार मालाहरु निकालेको छ । यसको पहिलो माला (२०२७) जेठ मा ५१ कथाहरु छन् । दोस्रो माला (२०२७ पौष) मा २६ लोककथाहरु छन् । तेस्रो माला (२०२८ जेठ) मा ५२ लोककथाहरु छन् र चौथो माला (२०२७ पौष)मा २७ लोक कथाहरु छन्। यो संस्थागत रुपमा लोककथाहरुको संकलन र प्रकाशनको ऐतिहासिक महत्व छ । कर्णाली लोकसंस्कृति खण्ड ५ (२०२८) मा प्रदीप रिमालले जुम्लाबाट १० लोककथाहरु संकलन गरेका छन् । तुलसी दिवसको सम्पादनमा नेपाली लोककथा (२०३२) मा १३२ लोककथाहरु संकलन गरिएका हो । यी कथाहरुलाई १४ शीर्षकहरुमा वर्गीकृत गरिएको छ । यसै संकलनको भूमिकामा तुलसी दिवसले नेपाली लोककथाः एक चर्चा (२०३२) मा तुलसी दिवसका लोककथासम्बन्धी लेखहरु संकलित छन् । लीलासिंह कर्माको हाम्रो लोककथा (२०३८) मा २१ ओटा लोककथाहरु संकलन छ । बिजय चालिसेको डोटेली लोकसंस्कृति र साहित्य (२०३९) मा डोटेली लोककथाहरुको नमुना संकलन गरिएको छ । धर्मराज थापा र हसपुरे सुवेदीद्वारा लेखिएको नेपाली लोकसाहित्यको विवेचना (२०४१) मा लोककथाबारे पनि चर्चा गरिएको छ । श्री शिवकुमार श्रेष्ठको किराँती लोककथाहरु (२०४७) मा किराँती समुदायका ३९ ओटा कथाहरु सङ्कलित छन् । त्यसै गरी श्रेष्ठका अर्को किराँती लोककथा सङ्गालो (२०५१)मा किराँती समाजका ३५ ओटा कथाहरु सङ्कलित छन् । मोतीलाल पराजुलीले नेपाली लोककथाको अभिप्रायको अध्ययन (२०५५) मा विद्यावारिधी गरेका छन् । चुडामणि बन्धुद्वारा लेखिएको नेपाली लोकसाहित्य (२०५८) मा लोककथाको बारेमा चर्चा गर्दै केही नमूना लोककथाहरु संकलन गरिएको छ । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलद्वारा लेखिएको लोकवार्ताविज्ञान र लोकसाहित्य (२०६३) मा लोककथाबारे चर्चा गर्दै केही नेपाली लोककथाहरु संकलन गरिएको छ । त्रि.वि.नेपाली केन्द्रीय विभाग लगायत अन्य क्याम्पसहरुमा स्नातकोत्तर स्तरमा शोधकार्यमा नेपाली लोककथाहरुको प्रशस्त अध्ययन अनुसन्धान भएको छ ।

## ४.७. निष्कर्ष

लोकसाहित्यको प्रमुख विधाहरुमध्ये लोककथा पनि एक हो । लोकको कथा नै लोककथा हो । लोककथालाइ एउटाले भन्ने र अरुले सुन्ने भएकोले यसलाई सुन्ने कथा पनि भनिन्छ । यसलाई दन्त्यकथा कथाकुथुंग्री पनि भनिन्छ । यसलाई हिन्दीमा कहानी भनिन्छ । लोककथा अंग्रेजीको (Folktales) को समानार्थी हो । पाश्चात्य जगत्मा पौराणिक कथा वा मिथक, दन्त्यकथा, नीतिकथा, परिकथामा भेद गरिएको छ ।

लोककथा सर्वप्राचीन र लोकप्रिय विधा हो । लोककथा वालकदेखि वृद्धसम्म सबैले एकनासले रुचाउने हुदा यसको लोकप्रियताको प्रमाणित हुन्छ । लोककथा एकजनाबाट अर्कोमा एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुदै जान्छ । जनश्रुति परम्पराको श्रृंखलामा जीवित छ । लोककथाले मनोरञ्जन मात्र प्रदान गरेको हुदैन मनोरञ्जनको साथसाथै नैतिकता र अनुशासनको पाठ पनि सिकाएको हुन्छ ।

लोककथा एउटा सिङ्गो रचना हो । त्यसकारण यसका पनि आधुनिक कथाहरुको जस्तै संरचनाका अवयवहरु हुन्छ । जसमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषा र शैली रहेको छ । लोककथाको पहिचान गर्ने प्रमुख तत्व स्वरुपलाई नै विशेषता भनिन्छ । लोककथाको विशेषताहरुमा उपदेशात्मकता, कल्पनाको प्रबलता, रचनाकारको अज्ञात, लोकमनोरञ्जन बिषयबस्तुको व्यापाकता, उत्सुकता भावना, गद्यको प्रबलता बिषयबस्तुको व्यापपकता, गद्यको प्रबलता वर्णनात्मक शैली रहेको छन् । लोककथाको बिषयबस्तु व्यापक भए पनि लोककथाहरुको अध्ययन गर्न सहजताको लागि अध्येताहरुले विभिन्न वर्गमा वर्गीकरण गरी नेपाली लोककथाका अध्ययनको ढोका खोलिएको छ । लोककथाको अस्तित्व मानव सभ्यता सँगसँगै भए पनि यसको सैद्धान्तिक अध्ययन अनुसन्धान आधुनिक युगपछि मात्र भएको हो ।

***

# पाँचौं परिच्छेद

## इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको संकलन वर्गीकरण र विश्लेषण

### ५.१. इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरु

इलाम जिल्लाको भौगोलिक सीमानाभित्र पर्ने लोकसाहित्य नै इलामको लोकसाहित्य हो । लोकसाहित्य भनेको लोकज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्तिविशेषको नभएर अपठितहरुबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा ⁄लोककाव्य , लोककथा, गाँउखाने कथा, उखान टुक्का, मन्त्र आदि विधाका रुपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।

लोकसाहित्यको विभिन्न विधाहरुमध्ये किराँती लोककथा पनि एक हो । इलाम जिल्लाको भौगोलिक क्षेत्रभित्र पर्ने किराँती लोककथाहरुको बारेमा व्यापक अध्ययन हुन सकेको छैन । अन्य क्षेत्रमा प्रचलित रहेको किराँती लोककथाहरु जस्तै इलाम जिल्लामा पनि प्रचलित किराँती लोककथाहरु रहेका छन् । यहाँका किराँती लोककथाहरुमा किराँती जनजीवनका संस्कार, संस्कृति, परम्परा रीतिरिवाजका मिथक, बिम्बप्रतीकहरुको चित्रण भएको छ । सबै क्षेत्रको लोककथाहरुको संरचना र रुप फरक भए पनि प्रायः उद्देश्यहरु एउटै रहेको हुन्छ । तर यी किराँती लोककथाहरु एकले अर्कालाई भन्ने र सुनाउने क्रममा परिवर्तन हुन सक्छन् । किनकि उक्त ठाउँ विशेषले परिवर्तन गर्न सक्छ । यही अवस्था इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुमा रहेको छ ।

यहाँका किराँती लोककथाहरु अझैं पनि ग्राम्य क्षेत्रमा भन्ने र सुन्ने प्रचलन छ । किराँती लोककथाहरु भन्न र सुन्न कुनै ठाउँ र अवसरहरुको आवश्यकता पर्दैन । तर विशेष गरी किराँती लोककथाहरु बेलुकी समयमा, दिनभरि मेलापात, घाँस दाउरा, लेकबेंसी गरेर थाकेको अवस्थामा, सबैजना भेला भएर बेलुकी खाना खाएपछि अँगेनाको वरिपरि बसेर आगो ताप्दै कथा भन्ने र सुन्ने प्रचलन छ । यहाँका किराँती लोककथाहरुको सुरु गर्दा परापूर्वकाल, उहिले उहिले, एकादेशमा एउटा गाउँ थियो रे भन्दै सुरु गरिन्छ भने अन्त्यमा

यो कथा सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, फेरि भन्ने बेलामा तातातै आइजाला भन्दै अन्त्य गरिन्छ ।

विशेषगरी किराँती लोककथाहरु ठूला मानिसहरुले भन्ने चलन छ । हजुरबा, हजुरआमा, बुबा, आमा, दाजु दिदीहरुले आफूभन्दा कम उमेरकालाई सुनाउने गरिन्छ । किराँती लोककथाहरु सुन्ने र सुनाउने प्रमुख उद्देश्य नै मनोरञ्जन प्रदान गर्नु हो । तर पनि किराँती लोककथाहरुले मनोरञ्जन मात्र दिएको हुँदैन, मनोरञ्जनको साथसाथै उसलाई नैतिकता, आचरण र अनुशासनको पाठ सिकाएको छ । किराँती लोककथाहरुको श्रवणले मानिसलाई आफ्नो वुद्धि तिखार्ने मौका दिएको हुन्छ ।

किराँती लोककथाहरुमा मानिसले भोगेका सुख दुःख, हाँसो रोदन जीवन भोगाइका याव्त कठिनाई र समस्याहरुसँग जुधेर परिपक्व भएर आएको अनुभवहरु नै किराँती लोककथाहरुले स्वरुप लिएको हुन्छ । त्यसकारण किराँती लोककथामा एउटा व्यक्तिको मात्र अनुभव हुदैन, सबैको साझा समस्या, पीडा, वेदना, अनुभूतिहरु समेटिएको हुन्छन् । त्यसैले किराँती लोककथाहरुको रचनाकार अज्ञात हुन्छ । किराँती लोककथाहरु एकपुस्ताबाट अर्कोपुस्तामा हस्तान्तरित हुन्छ यसरी नै किराँती लोककथाहरु जीवन्त बनेका छन् ।

## ५.२ इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको सङ्कलन र बिश्लेषण

इलाम जिल्लाको भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदायमा प्रचलित किराँती लोककथाको बारेमा खासै अध्ययन भएको देखिँदैन । बिशेष गरी किराँत समुदाय राई लिम्बुमा अनेक किसिमको किंवदन्ती, लोककथाहरु प्रचलनमा छन् । यी किराँती लोककथाहरु किराँती लोकसमाजमा अझै जीवित छन् । किराँती लोककथाहरु ग्राम्य क्षेत्रका किराँती लोकसमाजमा भन्ने सुनाउने प्रचलन छ । यही श्रुतिपरम्पराको श्रृंखलामा एकले अर्कोलाई, एकपुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुँदै किराँती लोककथाहरु आएका छन् । किराँती लोककथाहरुमा किराँती लोकसमाजका बिम्ब प्रतिबिम्बको चित्रण भएको छ । किराँती लोकसमाजका दुःख सुख, हाँसो रोदन, आँशु जीवन व्यतित गर्ने क्रममा अनुभव भएका यावत समस्याहरु किराँती लोककथामा आएका छन् । जुन व्यक्तिविशेषको समस्या नभएर सबैको समस्या भएर आएको छ । यही नै किराँती लोककथाहरुको साझा विशेषता हुन् ।

किराँती लोकसमाजमा पनि अनेक किसिमको किराँतीलोककथाहरु छन् । जसमा किराँती लोकजीवनका अनेक मिथकहरु किवंदन्तीहरुमा किराँती लोकजीवनका आदिम स्वरुपदेखि लिएर सृष्टि उत्पति, सभ्यता, संस्कार, संस्कृति, सम्बन्धी किराँती लोककथाहरु हुन् ।

इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको अहिलेसम्म कुनै किसिमको अध्ययन कार्य भएको देखिन्दैन । त्यसैले किराँती लोककथाहरुको अध्ययन गर्ने क्रममा इलाम जिल्लाको भौगोलिक सीमानाभित्र पर्ने किराँती लोककथाहरुको केही नमुना सङ्कलन र विश्लेषण गरिएको छ ।

## ५.२.१ इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको विशेषताहरु

अघिल्लो परिच्छेदमा पनि लोककथाहरुको विशेषताहरु बारेमा अध्ययन गरिसकिएको छ । लोककथाहरुको विशेषताहरु प्राय एउटै हुन्छ । तर पनि इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको अध्ययन गरी किराँती लोककथाहरुको विशेषता यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

### ५.२.१.१ उपदेशात्मकता

किराँती लोककथाले भावी वा नयाँ पिँढीलाई उपदेश दिएका छन् । आफ्नो जीवनमा भोगेका यथार्थक भोगाइको स्थितिलाई समाजका बूढापाका तथा परिपक्क उमेरका व्यक्तिहरुले कथनमा बाँधेर भावी पुस्तालाई सजग र सचेत गराइएको पाइन्छ । आफ्नो सन्ततिलाई बौद्धिक ज्ञान र नैतिक पाठ सिकाउने माध्यम नै लोककथा बन्दै आएको छ । बूढापाका तथा पुरानो पुस्ताले नयाँ पुस्तालाई नैतिक र बौद्धिक सन्देश दिने उद्देश्यले नै लोककथाको आविर्भाव भएको देखिन्छ । त्यसकारण किराँती लोककथामा विभिन्न देवीदेवता, राजमहाराजाका, राजकुमार र राजकुमारीका तथा वीर पुरुषहरुका पराक्रम, साहस, धैर्य, आपतविपत् तथा चरित्र र स्वभावका कुराहरु समविष्ट भएको पाइन्छ । यी लोककथाहरु सन्ततिलाई सुनाएर तिनीहरु पनि वीर, साहसी, धैर्यवान, पराक्रमी, विवेकशील, ज्ञानी, दूरदर्शी बन्नुपर्दछ भन्ने सन्देश दिइरहेको देखिन्छ । विभिन्न रोचक र पराक्रमी लोककथा सुनाएर वालवालिकालाई सत बाटोमा लगाउने र असत्लाई त्याग्ने स्वभावको वृद्धि गराउने उद्देश्य वूढापाकाको रहेको देखिन्छ । त्यसकारण किराँती लोककथाको महत्वपूर्ण विशेषता उपदेशात्मकता हुनु हो भन्ने प्रष्ट छ ।

### ५.२.१.२ कल्पनाको प्रधानता

वास्तवमा किराँती लोककथा कल्पनाकै उपज हो । काल्पनिक क्षमता भएका स्रष्टाले नै लोककथाको रचना गरेको हुन्छ । एक ठाउँबाट अर्को ठाउँमा, एक व्यक्तिबाट अर्को व्यक्तिसम्म, एक पुस्तादेखि अर्को पुस्तासम्म सर्दै जाँदा काल्पनिक घटनाहरु थपिदै जान्छन् । कल्पनाको बाहुल्यता रहे पनि यर्थाथको भोगाई पनि लोककथामा मिश्रित भएको हुन्छ । यथार्थिक घटना र पात्रको व्याख्याले भन्दा कल्पनाको सहाराले रचिएका पात्र र उनीहरुको चरित्रले रोचकता र कौतुहलता थप्ने भएकाले पनि लोककथामा कल्पनालाई अति महत्व दिइन्छ ।

### ५.२.१.३ भाषिक सरलता

किराँती लोककथाको भाषा अत्यन्त सरल बोधगम्य र सुरुचिपूर्ण देखिन्छ । लोककथाका सर्जक ग्रामीण समाजका नै भएकाले उनीहरु आफ्नो सरल जीवनशैली जस्तै भाषा पनि बोलचालको र अजटिल किसिमको प्रयोग गर्दछन् । सरल शब्द र स्वभाविक घटनाहरु सहजै बुभ्न र बुझाउन सक्दछन् । खास गरि मौखिक परम्परा हुने भएकाले लोककथामा सरल भाषाको प्रयोग गरिएको हुन्छ । ग्रामीण समाजकै अनुभावी व्यक्तिहरुले ग्रामीण समाजकै सर्वसाधारणका लागि लोककथा रचना गर्ने हुदाँ लोकभाषाको प्रयोग हुनु स्वाभाविकै हो । केटाकेटीदेखि बूढाबूढी, पठित देखि अपठितसम्म सबैका निम्ति बोधगम्य र सम्प्रेषणीय हुनुको कारण नै भाषिक सरतला हो ।

### ५.२.१.४ मनोरञ्जनात्मकता

अधिकांश किराँती लोककथामा मनोरञ्जनको प्रधानता रहेका छ । केही लोककथाहरु अर्ती, उपदेश दिने खालको शिक्षा वा नीतिप्रधान पनि रहेको छ । तर तिनका माध्यमबाट मनोरञ्जनकै उद्देश्य पूरा गरिन्छ । सत्यको वर्णन गर्न ढाँचामा प्रस्तुत पुरा कथाहरुको उद्देश्य पनि सत्यको उद्घाटन गर्दै मनोरञ्जन प्रदान गर्नु नै रहेको पाइन्छ । किराँती लोककथामा सत् असत् तथा अन्य विविध पात्रको सिर्जना पनि गरिन्छ । अन्ततः किराँती लोककथाहरु सृजना मनोरञ्जनकै हेतुले गरिएको देखिन्छ ।

अतः किराँती लोककथाहरुको विशेषताहरु उपदेशात्मकता, कल्पनाको प्रधानता र मनोरञ्जनात्मकता रहेको छ । यी विशेषताहरु इलाम जिल्लामा प्रचलित किराँती

लोककथाहरुमा प्राप्त गर्न सकिन्छ । यी विषयवस्तुको मुख्य प्रवृतिगत विशेषताहरु निर्क्योल गरिएको छ ।

## ५.३ इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको वर्गीकरण

अघिल्लो परिच्छेदमा नेपाली लोककथाको व्यापक रुपमा अध्ययन गरी वर्गीकरण गरिएको छ । सोही वर्गीकरणलाई आधार बनाएर इलाम जिल्लामा प्रचलित किराँती लोककथाको वर्गीकरण गरिएको छ । जुन यसप्रकार छ :

### ५.३.१ सृष्टि र उत्पतिका किराँती लोककथाहरु

सृष्टि र उत्पति भन्नाले नयाँ कुराको निर्माण हुनु हो । धर्तीमा नभएको नयाँ कुराको रचना गर्नु नै सृष्टि हो भन्ने कुनै बस्तु चीजको उत्पन्न हुनु उत्पति हो । यसक्रममा यस्ता किराँती लोककथाहरुमा मानवको उत्पत्ति, भालु, बाघ, झिंगा, लामखुट्टे आदिसम्बन्धी किराती लोककथाहरु पाइन्छ । जसमा पारुहाङ र सुम्निमा, चण्डी नाचको उत्पति, वीरुमा र मानिसको सृष्टि रहेका छन् ।

### ५.३.२ संस्कार र संस्कृतिमूलक किराँती लोककथाहरु

मानिसको सृष्टि र उत्पति भएपछि, मानव जीवनको दैनदिन कार्य सम्पादन गर्ने क्रममा , जीवनलाई सहज रुपमा व्यापन गर्न विभिन्न किसिमको विधिविधानहरु रहेको हुन्छ । जसलाई संस्कार र संस्कृति भनिन्छ । किराँती समाजमा संस्कार र संस्कृतिको निर्माण कसरी भयो भन्न कुराको जानकारी संस्कार र संस्कृति अन्तर्गतको कथाहरुले स्पष्ट पारेको छ । कुनै पनि संस्कार र संस्कृतिको सुरुवात हुन कुनै पनि कारक तत्वको आवश्यकता पदर्छ । ती कारक तत्व के भन्ने कुरा संस्कार र संस्कृतिको किराँती लोककथाहरुमा आएको छ । कुनै पनि परम्परा संस्कार संस्कृति र रीतिरिवाज निर्माण हुन समाजमा विभिन्न किसिमको कारक तत्वहरु हुन्छ । संस्कार र संस्कृति अर्न्तगतको किराती लोककथाहरुमा, केसामी र नामसामी, हेच्छाकुवा, मूलखाबोको पुजा, खावाको अविष्कार रहेको छ ।

### ५.३.३ साहस र बहादुरी सम्बन्धी किराँती लोककथाहरु

साहस र बहादुरी सम्बन्धी किराँती लोककथाहरुमा साहस र बहादुरी पराक्रमी सम्बन्धी लोककथाहरु पर्दछन् । यस्ता लोककथाका नायकहरु शुरवीर शक्तिशाली धैर्यता, धीर किसिमको हुन्छ । जस्तोसुकै किसिमका कठिन किसिमका कामहरु पनि आफ्नो धैर्य र

साहसको साथ सम्पन्न गर्दछ । यस  अन्तर्गतका किराँती लोककथाहरुमा मुक्केगुवा, किरावा किवा  माक्सा र बुढासुब्बा रहेको छ ।

### ५.३.४ पशुपंक्षी सम्बन्धी किराँती लोककथाहरु

पशुपंक्षीहरु प्रमुख पात्र भएको कथाहरु नै पशुपंक्षीसम्बन्धी किराँती लोककथाहरु हुन् । यस्ता कथाहरुमा पात्रहरु कलचुडा, कालिज, बाघ, भालु, चितुवा, परेवा, ढुकुर आदि रहेको छ । यस्ता पात्रहरुले मानवीय रुपको प्रतिनिधित्व गरेको हुन्छ । यस वर्गमा पर्ने किराँती लोककथाहरुमा कलचुडाको कथा, टुवा र टुम्पासा आदि रहेको छ ।

### ५.३.५ उपदेश र नीति सम्बन्धी किराँती लोककथाहरु

किराँती लोककथाको मूल उद्देश्य मनोरञ्जन दिनु भए पनि गौण उद्देश्यका रुपमा लोकमानसलाई अर्ती उपदेश दिनु पनि रहेको देखिन्छ । मनोरञ्जनात्मक रुपमा संरचित लोककथामा अन्त्यमा गएर कर्तव्यपालन, परोपकार, सत्य, दया, धर्म, न्याय आदि असल गुणको विकास गर्नतर्फ कथाले प्रेरित गरेको हुन्छ । असल काम गर्नेको बिजय र खराब काम गर्नेको पराजय देखाउदै पुरस्कृत र दण्डका माध्यमबाट उपदेश र नीतिसम्बन्धी शिक्षा दिने उद्देश्यले रचना गरिएका लोककथाहरु यस अन्र्तगत पर्दछ । जसमा पञ्चवोली हुन् ।

### ५.३.६ विविध सम्बन्धी किराँती लोककथाहरु

माथिका वर्गीकरणभित्र पर्न नसकेको विविध विषयबस्तुका किराँती लोककथाहरु विविध सम्बन्धी किराँती लोककथाहरु अन्र्तगत वर्गीकरण गरिएको छ । जसमा हेङमावा, देवता मानिस, मिचिबुङमा आदि रहेको छ ।

अतः इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको वर्गीकरण गर्ने प्रमुख आधार भनेको कथाबस्तुले उठाएको विषयबस्तु नै प्रमुख आधार हो । यसै सन्दर्भमा किराँती लोककथाहरु छ भागमा वर्गीकरण गरिएको छ । सृष्टि र उत्पतिसम्बन्धी, संस्कार र सँस्कृति, साहस र वीरता, उपदेश र नीति, पशुपंक्षी र विविध सम्बन्धीमा वर्गीकृत गरिएको छ । सीमित अध्ययन गरी सिमित रुपमा वर्गीकरण गरिएको छ । तर व्यापक अध्ययन गरी व्यापक रुपमा पनि वर्गीकरण गर्न सकिन्छ । किनभने यो प्रारम्भिक अध्ययन मात्र रहेको छ ।

## ५.४ किराँती लोककथाको विश्लेषण गर्ने आधारहरु

इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको विश्लेषण गर्ने प्रमुख आधारको रुपमा लोककथाको तत्वहरुलाई नै आधार बनाइएको छ । आधुनिक कथाका तत्वहरु र लोककथाको तत्वहरु समान रहेको छ । लोककथाका तत्वहरु कथानक, पात्र, परिवेश, उद्देश्य, भाषा र शैली रहेको छ । यी तत्वहरु नै लोककथाको विश्लेषण गर्ने आधार हुन् । यस सम्बन्धी अघिल्लो परिच्छेदमा अध्ययन गरिएको छ । त्यसैले यहाँ चर्चा गरिएको छैन् ।

## ५.५ इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको विश्लेषण

### ५.५.१ पारुहाङ र सुम्निमा, लोककथाको विश्लेषण

पारुहाङ र सुम्निमा किराँतीहरुको आदिम पुर्खा पनि हो भन्ने आदिम देवता पनि हो । सुम्निमा र पारुहाङ्ग किराँती लोकसमाजमा अत्यन्त प्रचलित लोकप्रिय लोककथा हो । यो लोककथालाई सृष्टि र उत्पतिसम्बन्धी लोककथा अन्तर्गत वर्गीकरण गरिएको छ ।

**(क) कथानक**

बोखोपी र सुरुखको एउटा पुत्री जन्मिइन् । उनको नाम सुम्निमा राखियो । सुम्निमाको कोही साथीसंगी थिएनन् । केवल वनजंगलको चराचुरुङ्गी मात्र थिए । ऊ विस्तारै विस्तारै तरुनी हुन थाली । उनले मनमा कुनै पुरुषको कल्पना गर्न थालिन् । त्यसैबेला आकाशबाट पारुहाङ पृथ्वीमा आएर जंगलमा घुम्न थाल्यो । पारुहाङको आकर्षक शरीर देखेर सुम्निमा पारुहाङप्रति आकर्षित भइन् । तर सुम्निमा र पारुहाङको भेट हुन सकेन् । सुम्निमाले पारुहाङसँग जसरी पनि भेट्ने इच्छा गरी र आफ्ना साथीहरुसँग सल्लाह मागी । साथी चराले सल्लाह दिए अनुसार हावासँग कुरा गरी हावालाई खबर पठाइन् । हावाको खबर सुन्नसाथ पारुहाङ पनि पृथ्वीमा आए । सुम्निमाको ओडारतिर लाग्यो । तर सुम्निमाले पारुहाङको मोटो आकर्षक शरीरमात्र देखेकी थिइन् । तर रुप देखेकी थिइनन् । सुम्निमा जति सुन्दर थिई, पारुहाङ त्यत्तिकै कुरुप थियो । सुम्निमा डराएर भागिन् र पारुहाङ पनि आफ्नो अपमान भएको ठानी पारुहाङले जंगलमा भएको पानी सबै सुकाईदियो । केवल कर्कलाको पातमा अलिकति पानी छाडेर आकाशतिर गए । वनजंगलमा पशुपक्षी सबैमा पानीको हाहाकार भयो । सुम्निमालाई तिर्खा लाग्यो । खोल्सा खोल्सीतिर पानी खोज्न गई तर कतै पानी थिएन । आफ्नो साथीलाई पानी खोज्न पठाए तर कही भेटेन । लाहाचेले रुखको

टोड्कामा अलिकति पानी भेट्यो । ऊ आफैले खायो । चिभेले कर्कलाको पातमा अलिकति पानी भेट्यो र सुम्निमालाई ल्याईदियो । सुम्निमाले आँखा चिम्लेर पानी पिई । धे एक महिनापछि सुम्निमा थला परी । जोखना हेराउँदा कर्कलाको पातको पानी, पानी नभएर पारुहाङको टुना रहेछ । त्यसैको प्रभावमा विरामी भएकी रहिछे । अब के गरेर निको हुने भनेर साथीसँग सल्लाह माग्दा साथीहरुले भने पारुहाङलाई बोलाएर औषधी गरे निको हुन सक्छ । त्यसपछि ञपारुहाङलाई बोलायो । पारुहाङ पनि आएर सुम्निमाको जडिबुटिद्वारा उपचार गऱ्यो । त्यही गुणमा सुम्निमाले पारुहाङलाई पति मानी । सुम्निमाको एकैचोटि पाँचजना छोराछोरी भए । जसमा अनौठा खालका बच्चाहरु थिए जेठो बाघ, माहिलो मानिस (हेनकम्बु), साइलो भालु, काहिलो चितुवा, कान्छो कुकुर । पारुहाङ आकाश फर्के, सुम्निमा एक्लै आफ्ना, पाँचभाई छोराहरुको साथ बसीन् । यसरी यस लोककथाको कथानक विकास भएको छ । यो कथानक आदि, मध्य र अत्यको श्रृंखलामा आएको छ । यो सरल रेखीयमा प्रस्तुत भएको लोककथा हो ।

**(ख) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर चराहरुको समेत सहभागिता देखिन्छ । मानवीय पात्रमा नारी र पुरुष पात्र रहेको छ । मानवीय पात्रमा बोखोपी सुरुख, सुम्निमा पारुहाङ रहेको छ भने मानवेतर पात्रमा लाहाचे, चिभे, लाटोकोसेरो, न्याउली, कुथुर्के आदि छन् । यति धेरै पात्रहरुको सहभागिता भए पनि कथाको प्रारम्भदेखि अन्त्यसम्म देखापर्ने पात्रहरुमा सुम्निमा र पारुहाङ मात्र छन् । यिनीहरुकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । अन्य पात्रहरु गौण रुपमा रहेको छन् ।

**(१) सुम्निमा**

सुम्निमा, बोखोपी र सन्त सुरुखको पुत्री हुन् । सुम्निमाको साथीको रुपमा चराचुरुङ्गी मात्र थिए । उनी एक्लै जंगल घुम्दै दिन विताउथिन् । उनी विस्तारै विस्तारै वय यौवन हुँदै गइन् । उनले मनमा एउटा पुरुषको कल्पना गर्न थाली । आकाशबाट आएको पारुहाङ्गको शरीर देखेर आकर्षित भई । तर पारुहाङ्गको कुरुप अनुहार देखि उनी डराएर भागी । पारुहाङ्गले आफ्नो अपमान भएको ठानी जंगलको सबै पानी सुकाईदिए । पानीको अभावमा सबै हाहाकार भयो । सुम्निमा पनि तिर्खाले हरहर भई । तर पानी काही थिएन । चिभेले ल्याएको पानी खाएपछि सुम्निमा थला परी । जोखना हेदाखेरि सुम्निमा पारुहाङ्गले

टुनामुना गरेको पानी  खाएकोले विरामी भएको थाहा भयो । पारुहाङले जडीबुटीले उपचार गरे निको हुने सल्लाह अनुसार, पारुहाङ्गलाई बोलाइयो । उपचार पनि भयो । त्यही गुणमा सुम्निमाले पारुहाङ्गलाई पति मानी उसको पाँच जना छोराहरु भए ।

(२) **पारुहाङ्गः**

पारुहाङ्ग आकाश निवासी हुन् । ऊ कहिले काहीँ पृथ्वीमा आएर जंगलतिर घुम्छ । एक दिन पारुहाङ्ग जङ्गल घुम्ने क्रममा सुम्निमाले देखी र सुम्निमा आकर्षित भई । तर पारुहाङ्गले सुम्निमालाई देखेन । त्यति कै आकाश फर्की गए । सुम्निमाले हावा मार्फत पारुहाङ्गलाई भेटने खबर पठाए । पारुहाङ्ग पृथ्वीमा आएर सुम्निमाको ओडारतिर गए । तर पारुहाङ्गको कुरुप अनुहार देखि सुम्निमा भागी, पारुहाङ्गले आफ्नो अपमान ठानी पृथ्वीमा भएको सबै पानी सुकाईदिए । कर्कलाको पातमा केहि पानी छोडे । उक्त पानी खाए, खाएपछि सुम्निमा विरामी भई । पारुहाङ्ग पृथ्वीमा आई सुम्निमाको उपचार गरेपछि सुम्निमा निको भई । पारुहाङ्गले सुम्निमासँग विवाह गऱ्यो । उनीहरुको पाँचजना सन्तान भए । तर आकाश निवासी पारुहाङ्ग फर्की गए । कथाको शुरुदेखि नै देखापरेको पारुहाङ्ग प्रमुख पुरुष पात्र हुन् । पारुहाङ्गको शारीरिक बनावट सुन्दर भए पनि कुरुप अनुहार भएकोले सुम्निमाको तिरस्कार सहनुपऱ्यो । त्यही रिसमा उनले पृथ्वीको सबै पानी सुकाई दिए । त्यसैले पारुहाङ्ग निकै रिसाहा देखिन्छ ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश एकान्त निर्जन जंगल रहेको छन् । जहाँ मानिस भनेको कोही छैन, खाली पशुपंक्षीमात्र रहेको छ । जसले मानव विकासको शुरुवातको संकेत गर्दछ । मानिसलाई गाह्रो र समस्या पर्दा खेरि हावा, चराहरुले सहयोग गरेको देखिन्छ । सुम्निमाको साथी चराहरुमात्र देखिन्छ भने समस्या परेको बेलामा सहयोग गर्ने सल्लाह दिने हावा र चराहरु नै देखिन्छ । सुम्निमालाई पारुहाङ्गबाट उपचार हुन्छ भनी सल्लाह दिने चरा नै रहेको छ । यसरी के देखिन्छ भने यो लोककथामा मानव विकासको आदिम अवस्था नै देखिन्छ ।

**(घ) उद्देश्य**

यस लोककथाको मूल उद्देश्य लोकवासीलाई मनोरञ्जन दिनु नै हो । मनारञ्जनको साथसाथै यस लोककथाले विभिन्न सन्देशहरु पनि प्रवाहित गरेको छन् । यी

सन्देशलाई आत्मसात गर्दा यो लोककथा निकै शिक्षाप्रद देखिन्छ । कसैले कसैलाई तिरस्कार र धोका दिदा त्यसको परिमाण राम्रो हुदैन भन्ने देखिन्छ । कुनै पनि काम गनुभन्दा अघि त्यसको बारेमा राम्रो विचार गर्नुपर्छ भन्ने मूल सन्देश दिएको छ । सुम्निमाले पारुहाङ्गको बाहिरी शारीरिक सुन्दर बनावट देखेर आकर्षित भएरर बोलाए तर पारुहाङ्गको अनुहार कुरुप देखेर सुम्निमा डराएर भागी, जसको फलस्वरुप पारुहाङ्गलाई अपमान भएको बोध भयो । उनी रिसाएर जंगलको पानी सबै सुकाईदिए । पशुपक्षी, सुम्निमा सबैमा पानीको हाहाकार भयो । यसले के देखिन्छ भन्ने अरुले अपमान तिरस्कार गऱ्यो भन्दैमा सबैलाई दुःख दिनु ठीक होइन भन्ने देखिन्छ । मूलतः यस लोककथाको मूल उद्देश्य भनेको कुनै पनि काम गर्दा निर्णय लिदा राम्रोसँग बुझी निर्णय गर्नु वेश हुन्छ भन्ने रहेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषा शैली सरल, सहज, प्रवाहपूर्ण र अत्यन्त आकर्षक देखिन्छ । पूर्वेली नेपाली भाषिकाको प्रयोग गरिएको हुनाले सबै भाषिकाको श्रोताका निम्ति यो लोककथा उतिकै सरल र सहज अनि बोधगम्य बनेको छ । यस कथामा भाषिक जटिलता छैन ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक पारुहाङ्ग र सुम्निमा रहेको छ । पारुहाङ्ग र सुम्निमा यस लोककथाको प्रमुख पात्र हुन् । उनीहरुको केन्द्रीयतामा कथानकको विकास भएको छ । त्यसैले यस लोककथाको शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

### ५.५.२ चण्डी नाचको उत्पति लोककथाको विश्लेषण

चण्डी नाचको उत्पति लोककथा किराँत राई समाजमा अत्यन्तै लोकप्रिय लोककथा हो । चण्डी नाच राईहरुको उभौली, उधौलीमा चण्डी नाच नाच्छ । चण्डीलाई साकेवा, साकेला पनि भन्छ । साकेला नाच्ने शैलीलाई सिली भनिन्छ ।

**(क) कथानक**

यस लोककथाको प्रमुख पात्र पारुहाङ्ग र सुम्निमा हुन् । स्वर्गबाट पारुहाङ्गले पृथ्वीमा सुम्निमालाई देखे । सुम्निमा साह्रै राम्री थिइन् । सुम्निमालाई कसरी फकाउने भनी विचार गर्दाखेरि एउटा राम्रो काँगियो बनाएर सुम्निमाको अगाडि खसाल्यो । उक्त काँगियोदेखि सुम्निमाले मनमनै भनी विवाह गर्न पाए त । पारुहाङ्गले सुम्निमाको मनसाय

बुझेपछि चेन्चेवा चरीलाई लमी पठाए । पारुहाङ्ग र सुम्निमाको विवाह भयो । उनीहरुका निनिया नामकी छोरी भइन । निनिया पनि विस्तारै तरुनी भई र उनको विवाह गर्न शुक्र ग्रह कहाँ एउटा चरा मार्फत प्रस्ताव पठाए । तर चरा जादा खेरी शुक्र ग्रह अस्ताएर उक्त ठाँउमा वृहस्पति थियो । चराले वृहस्पतिसँग निनियाको प्रस्ताव राख्यो । तर वृहस्पतिले प्रस्तावलाई अस्वीकार गरे किनभने वृहस्पति गडाँहा थिए । निनियाले आफूलाई मन पराउदैंन भन्ने कुरा उसलाई थाहा थियो । तर चराले बढी कर गऱ्यो । उनी राम्रो कपडा लगाएर निनियाकोमा गए । तर निनियाले मनपराइनन् । उसले अपमान र तिरस्कारको बोध गरी पृथ्वीको सबै पानी सुकाईदिए । निनियालाई साह्रै प्यास लाग्यो । पृथ्वीमा काहीँ पानी थिएन । एउटा रुखको टोड्कामा पानी देखे निनियाले पानी खाई । त्यो पानी नभएर वृहस्पतिको पिसाब थियो । केही समयपछि निनिया गर्भवती भई । उसबाट बाघ, भालु, र किराँती जन्मे । सुम्निमा पारुहाङ्गले किराँतीहरुलाई धनुकाँडको लागि मलीबाँस सृष्टि गरे । भस्मे फाडेर खेती गर्न सिकाए । पारुहाङ्गले त्रिशुलले डोप लगाउदै गए भने उक्त डोपमा सुम्निमाले दुध लगाउदै गई र अन्नको उत्पति भयो । जाँड रक्सीको लागि मर्चा बनाए । किराँतीहरुले देवता मान्नुपर्छ भनेर साकेवाको प्रारम्भ गरे । त्यही बेलादेखि साकेवा पूजा गर्ने चलन किराँती समाजमा चलेको हो । साकेवालाई चण्डी पनि भनिन्छ । यो बैसाके पूर्णिमा र मंसिरे पूर्णिमाको वर्षमा दुई चोटि मनाउक्छन् । यस लोककथा आदि, मध्य र अन्त्यको सरलरेखीयमा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस किराँती लोककथा चण्डी नाचको उत्पति कथाको प्रमुख पात्रहरुमा पारुहाङ्ग र सुम्निमा नै रहेका छन् भने सहायक पात्रहरुमा निनिया र वृहस्पति छन् । यस लोककथाको सम्पूर्ण कथानकको विकासमा पारुहाङ्ग सुम्निमाको प्रमुख भूमिका देखिन्छ । तर पनि निनियाको पनि भूमिका त्यतिकै देखिन्छ । यसमा मानवेत्तर पात्रहरु पनि छन् । जसमा चेन्चेवा चरी , चरा अत्यन्त नगण्य छ । प्रमुख र सहायक पात्रको संक्षिप्त विश्लेषण गरिएको छ ।

**(१) पारुहाङ्ग र सुम्निमा**

पारुहाङ्ग र सुम्निमा यस लोककथाको प्रमुख पात्र हो । उनीहरु सृष्टिकर्ताको रुपमा देखापरेको छन् । धर्तीमा निनियाको गर्भबाट किराँतीहरुको जन्म भएपछि ती

किराँतीहरुका लागि चाहिने आधारभूत कुराहरुको निर्माण गरिदिएका थिए । किराँतीहरुलाई चाहिने धनुकाँडको लागि मली बाँसको उत्पति गरे भने बाच्नको लागि अन्नको सृष्टि गरे । किराँतीहरुलाई एकत्रित गर्नको लागि साकेवाको चलन चलाए ।

(२) **निनिया**

यस लोककथाको सहायक पात्र निनिया हुन् । उनी सुम्निमा र पारुहाङ्गको पुत्री हुन् । उनी वृहस्पतिको पिसाबबाट गर्भवती भई अरारो काडाँ, बाघ, भालु र किराँतीको जन्म दिएकी छन् । तर यसबाहेक उनको भूमिका गौण नै छ ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश यकिन गरीकन तोकिएको छैन । तर पनि यो कथामा प्रस्तुत भएको परिवेश पृथ्वी नै रहेको छ । सृष्टिको प्रारम्भिक अवस्थाको परिवेश सृजना गरिएको छ । किराँतीहरुसँग अररो काँडा, बाघ, भालुको जन्म एकसाथ भएको छ भने किराँतीहरुलाई धनुकाडको लागि मलीबाँसको उत्पति भएको छ भन्ने बाच्नको लागि अन्नको सृष्टि गरेको देखिन्छ । जसले गर्दाखेरि प्रस्तुत लोककथाको परिवेश आदिम अवस्था नै हो भन्न सकिन्छ ।

**(घ) उद्देश्य**

यस किराँती लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै हो । तर पनि मनोरञ्जनको साथसाथै मानवको सृष्टिको प्रारम्भिक अवस्थाको जानकारी गराउनू पनि रहेको छ । मानवको सृष्टि कसरी भयो ? मानवको सृष्टि पछि उसको लागि के कस्तो आवश्यकताहरु पऱ्यो ? त्यसको बारेमा पनि जीवनयापन गर्ने कममा आवश्यक पर्ने अन्नको सृष्टि गरेको छ भन्ने सिकारको लागि धनुकाडँ चाहिन्छ । धनुकाडँको लागि मलीबाँसको उत्पति गराएको छ । मानिसलाई धर्मले सुमार्गमा लगाउछ भन्ने भावनाले सृष्टिको प्रारम्भिक चरण देखि नै धर्मको नाममा रहेको देवता मान्ने परम्पराको शुरुवात भएको देखाएको छ । यस लोककथाले मनोरञ्जनको साथ-साथै मानव विकासको आदिम सभ्यतालाई प्रष्ट पारेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज किसिमको छ । पूर्वेली नेपाली भाषाको प्रयोग भएको छ भन्ने केही किराँती भाषाको शब्दहरु पनि प्रयोगमा आएको छ । चेन्चेवा

चरी, कलिया, अम्बाबुङ, सिलीहाङपा र सिलीमाङपा जस्ता शब्दहरु आएको छ जुन किराँती भाषाका शब्दहरु हुन । जसले यस लोककथालाई मौलिकता प्रदान गरेको छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक चण्डीनाचको उत्पति रहेको छ । चण्डीनाचलाई राई वान्तावा भाषामा साकेवा भनिन्छ । चण्डी नाचको उत्पति कसरी भयो ? यसको पूजा विधि के कस्तो छ भन्ने कुराको बारेमा प्रष्ट पारिएको छ । चण्डी नाच कसरी नाचिन्छ ? यसको विधिविधान बारेमा जानकारी दिएको छ । चण्डीनाच र किराँतीहरुको उत्पति सँगसँगै भएको भन्ने जानकारी पनि दिएको छ । त्यसकारण चण्डी नाचको उत्पति शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

## ५.५.३ बीरुमा लोककथाको विश्लेषण

बीरुमा लोककथा माझकिराँतमा प्रचलित प्रसिद्ध लोककथा हो । बीरुमा प्रमुख पात्र वा नायिका रहेको प्रस्तुत लोककथामा बीरुमा सातजना माइतीको एक्ली चेली हुन् । आज पनि राई समाजमा सातजना दाजुभाईको एउटा चेली भएमा बीरुमा नाम राख्ने चलन छ ।

**(क) कथानक**

बीरुमा सातजना दाजुभाईका एकजना चेली थिइन् । बीरुमा प्रस्तुत कथाकी प्रमुख नायिका हुन् । बीरुमाको दाजुभाई परदेश घुम्न गएको बेलामा बीरुमा घरमा एक्लै बसिरहेकी थिईन । घरमा खानेकुरा केही थिएन् । घरमा कसिङ्गर बढार्दै खेरी मकैको दानाहरु भटिन्थे । ती मकैको दानाहरु बीरुमाले कुटुक्क टोक्थिन् । टोकेको आवाज सुनेर बीरुमाको घरमा पालेको विरालो म्याउ गर्दथ्यो । तर बीरुमा तँलाई दिन बिसेछु भन्थिन् । एक दिन बीरुमादेखि विरालो रिसाएर अगेनामा गएर मुत्दा मिलुक्पा (अगेनाको आगो) निभ्यो । घरमा आगो निभे पछि बीरुमालाई आगोको खोजी गनुपर्ने अवस्था सृजना भयो । त्यसै क्रममा अग्लो रुखमा चढेर चारैतिर हेर्दा खेरि एक ठाउँमा धुवाँ आएको देखिन् । उक्त ठाउँमा आगो लिन गई । आँगो भएको ठाउँ राक्षसनीको घर थियो । तर राक्षसनीले आफ्नो शर्तमा मात्र आगो दिने भई उक्त शर्त बीरुमाले सहर्ष स्वीकार गरी , आगो लिएर आउँदा घरसम्म खरानी छरेर आउनुपर्ने थियो । बीरुमाले राक्षसनीले भने जस्तै गरिन् ।

बीरुमाले घरमा आगो ल्याएको रात त्यो राक्षसनीको वूढो राक्षस बीरुमाको घरमा आए । बीरुमाको घरको ढोकामा आग्लो लगाएको थियो । आग्लोलाई धेरैपल्ट लात्तले हिर्काएर ढोका खोले । बीरुमा टाडमाथि लुकेकी थिई । बीरुमालाई राक्षसले देखेर खान खोज्यो । बीरुमाले भन्ने तिमी मुख आँ गर म आफै पस्नेछु भनेर उसले दुवै हात फैलाएर राक्षसको मुखमा पसिन् । बीरुमाको काखीमुनिको भाग पसे भने माथिको भाग बाहिर रह्यो । यसै बेला बीरुमाको दाजुभाई आइपुगे, दाजुभाईले ढोका खोल भनेर भन्न थाले । तर ढोका खोलिन् । बीरुमा निदाइन् भनी दाजुहरुले ढोका घच्घचाएर ढोका खोलेर भित्र पसेर हेर्दा बीरुमाको त्यो अवस्था देखे । उनको दाजुहरुले राक्षसलाई मारे । बीरुमाको दाजुभाईले उक्त राक्षसलाई मारेर उनको उदार गरे । यसरी यस लोककथाको कथानक विकास भएको छ ।

**(ख) पात्र**

बीरुमा लोककथाको प्रमुख पात्र बीरुमा नै हुन् । उनको सातजना दाजुभाईहरु रहेको छन् । उनीहरु सहायक पात्र हुन् भने राक्षसनी , राक्षसनीको बुढा , विरालो गौण पात्र हुन् । यस लोककथाको कथानकलाई अगाडि बढाउने प्रमुख भूमिका बीरुमाको नै रहेको छ । बीरुमाको माइतीहरु परदेश गएको बेलामा विरालो रिसाएर अगेनाको आगोमा मुत्तेर आगो मार्छ । आगो मारेपछि बीरुमा आगोको खोजीमा निस्कछ । राक्षसनीको घरमा पुगेर आगो ल्याउछ । बीरुमालाई पछ्याउदै राती आएर राक्षसनीको बुढोले बीरुमालाई खान्छ तर पुरै निल्न सक्दैन । आधामात्र निल्छ । त्यही बेलामा बीरुमाको सातजना दाजुभाई आएर बीरुमाको उदार गर्छ । राक्षसलाई मार्छ । बीरुमाका भूमिका शुरुदेखि अन्त्यसम्म नै रहेको छ । यसैले ऊ प्रमुख पात्र हो । बीरुमाको सातजना माइतीहरु पनि घरमा नबसी बीरुमालाई एक्लै छोडि परदेश गएको देखिन्छ । तर बीरुमालाई आपत पर्दा सातैजना माइतीहरु आएर बीरुमाको उदार गरेको छ । बीरुमालाई राक्षसको मुखबाट पुत्काएर बचाएको देखिन्छ । त्यसकारण बीरुमाको माइतीहरु सत् पात्रको रुपमा चित्रित छन् । राक्षसनीको नियत राम्रो देखिन्दैन आफ्नो घरमा आगो लिन आएको बीरुमालाई शर्तमा आगो दिन्छ । त्यही शर्त अनुसार बीरुमा राक्षसको फन्दामा परेको देखिन्छ । राक्षसले बीरुमालाई खान खोज्छ र खान्छ पनि तर बीरुमाले हात फैल्याएको कारण पुरै निल्न सक्दैनन् । बीरुमाका माइतीहरु आएर उसलाई मार्छ । बीरुमाको उदार गर्छ । त्यसैले राक्षस र राक्षसनी खल असत् पात्रको

रुपमा चित्रण गरिएको छ । यस लोककथामा मानवेतर पात्रको रुपमा विरालो आएको छ । विरालोको भूमिका गौण रहे पनि कार्यव्यापारको दृष्टिकोणले पनि निकै महत्वपूर्ण छ । विरालो एक ठाउँमा झुलुक्क झुल्किएको छ तर विरालाको कार्यले सम्पूर्ण कथाबस्तुलाई धकेलेर अगाडि बढाएको छ ।

अतः यस लोककथाको प्रमुख पात्र बीरुमा हुन भन्ने अन्य पात्रहरु सहायक गौण पात्रहरु रहेको हुन् । बीरुमा शुरुदेखि अन्त्यसम्म नै देखापरेको केन्द्रीय पात्र हुन् ।

**(ग) परिवेश**

प्रस्तुत किराँती लोककथा बीरुमाको परिवेश यकिन गरी तोकिएको छैन । तर माझकिराँतीको कुनै गाउँ भनीएको छ । त्यसकारण यस लोककथाको परिवेश ग्राम्य क्षेत्र नै रहेको छ । बीरुमाको माइतीहरु परदेश जानु र घरमा बीरुमा र एउटा विरालो मात्र हुनु । केही समयपछि खानेकुराको अभाव हुनु र बीरुमाले घरमा कसिङ्गर लगाउदा मकैको दानाहरु भेटेर खानु, विरालोले मकैको दाना टोकेको सुनेर म्याऊ गरी खानु माग्नु, बीरुमाले विरालोलाई खान नदिदा विरालोले अगेनाको आगोमा पिसाब गरेर आगो निभाउनु, बीरुमा आगोको खोजीगर्न अग्लो रुखमा चढेर चारैतिर हेनु, धुवाँ आएको ठाउँमा आगो माग्नु जस्तो परिवेश चित्रण भएको छ । त्यसैले प्रस्तुत लोककथाको परिवेश ग्रामीण क्षेत्र नै रहेको देखिन्छ । राक्षसले बीरुमालाई खाएको तर निल्न सकेको अवस्था देखिन्दैन । यस लोककथाले मानव सभ्यताको प्रारम्भिक चरणको सङ्केत गर्दछ ।

**(घ) उद्देश्य**

प्रस्तुत किराँती लोककथा वीरुमाको प्रमुख उद्देश्य लोकलाई मनोरञ्जन प्रदान गर्नु नै हो । तर पनि मनोरञ्जनको साथसाथै बौद्धिक ज्ञान पनि प्रदान गरेको छ । कुनै पनि विषय वा वस्तुलाई हल्का रुपमा लिनु हुँदैन, त्यसले गम्भीर दुर्घटना पनि गराउन सक्छ भनेर सङ्केत गरेका छन् । कसैले कसैको वेवास्ता गर्दाखेरि नराम्रो दुस्परिणम भोग्नु पर्ने अवस्था सृजना हुन्छ भनी प्रमाणित गर्न कोशिश गरेको छ । वीरुमाले विरालोको बेवस्ता गर्दाखेरि विरालो रिसाएर अगेनाको आगोमा पिसाव गरीदिदा आगो मऱ्यो र उक्त आगोको खोजी गर्ने क्रममा वीरुमाले सोच्दै नसोचेको दुर्घटनाको सिकार हुनु परेको देखिन्छ भन्ने वीरुमाको माइतीहरु पनि चेलीलाई एक्लै घरमा छाडेर र खानेकुराको कुनै व्यवस्था नगरी परदेश गएको देखिन्छ । परदेशबाट फर्किएर आउँदा बहिनीको दुर्दशा त्यस्तो देखिन्छ । यसैले

प्रस्तुत लोककथाको घटनाविवरणले कुनै पनि कार्य गर्नुभन्दा अगाडि सोचविचार गर्नुपर्छ भन्ने सङ्केत गरको छ । यदि वीरुमाको दाजुभाई मध्ये कोही भाई बसेको भए र खानेकुराको प्रबन्ध पनि राम्रो गरेको भए, त्यस्तो दुर्घटना हुने सम्भावना कम हुने थियो । अतः प्रस्तुत किराती लोककथाले मनोरञ्जनको साथसाथै निकै राम्रो शिक्षाप्रद जानकारी प्रदान गर्न सफल भएको छ ।

**ङ. भाषाशैली**

प्रस्तुत किराँती लोककथाको भाषा सरल सहज प्रवाहमय रहेको छ । यसमा सरल र छोटा वाक्य संरचना भएको वाक्यहरु आएको छ । यहाँ राई वान्तावा भाषाको केही शव्द र वाक्यहरु पनि आएको छ । जसमा 'आनी मेनु मान्नएना ई' र मिलक्पा शव्दहरु रहेका छन् । यसको नेपाली अर्थ 'विरालो तँलाई बिर्सिहालेछु' र 'अगेनामा राखिएको आगो' रहेको छ । यस लोककथाको शैली पनि सिलसिलाबद्ध किसिमको छ ,खासै कुनै किसिमको अवरोध सृजना भएको छैन । सरल रुपमा अघि बढेको छ ।

**च. शीर्षक**

प्रस्तुत लोककथाको शीर्षक वीरुमा रहेको छ । वीरुमाको परिधिमा नै कथानक अघि बढेको हुनाले शीर्षक सार्थक देखिन्छ । वीरुमाको कथानकलाई अगाडि बढाउने क्रममा अन्य पात्रहरु पनि आएको छ तर वीरुमा जतिको भूमिका छैन । यसैले वीरुमा शीर्षक उपर्युक्त र सार्थक नै देखिन्छ ।

## ५.५.४ किरावा, किवा र माक्सा लोककथाको विश्लेषण

प्रस्तुत लोककथा किराँती लोकसमाजमा प्रचलित प्रसिद्ध लोककथा हो । किरावा किवा र माक्सा एकै आमाका सन्तान हुन् । तर किरावा र किवा बीच वैमनस्य उत्पन्न भएको छ । जसले गर्दा दाजुभाई वीच शत्रुता उत्पन्न भएको छ ।

**क. कथानक**

प्रस्तुत किरावा, किवा र माक्सा लोककथाको कथानक अति छोटो छ । त्यसैले यसलाई लघु लोककथा भन्नु उपयुक्त देखिन्छ । यस लोककथाको प्रमुख पात्र किरावा हुन । सहायक पात्र किवा र गौण पात्रमा माक्सा रहेको छ । यी तीनै जना एकै आमाका सन्तान हुन । किरावा र किवा बीचमा ईश्या र वैमनस्य थियो । एकदिन किरावा र किवा सिकार खेल्न वन गए र किरावाले किवाको नियत के रहेछ भनी बुझ्नको लागि रुखको ठुटामा

आफ्नो कपडा राखेर मान्छे जस्तै बनाए । किरावाचाहि रुखमा बसे एकछिन पछि किवा आएर उक्त ठुटालाई आक्रमण गऱ्यो । आक्रमण गरेको दाजु किरावाले रुखमा बसेर हेरिरहेको थियो । किरावाले सोध्यो के गरेको भाई भन्दाखेरि व्युझाउन खोजेको भनेर उत्तर दियो । किरावा खाजा खाइरहेको थियो । किवाले सोध्यो के खाएको, खाजा खाएको भनेर उत्तर  दियो । त्यसपछि किवाले पनि माग्यो । मुख आँ गर भनेर किरावाले भन्यो । किवाले मुख आँ गरेको बेलामा तीर हानेर किवालाई माऱ्यो । उक्त कुरा थाहा पाएर आमाले किवालाई जाँड र अदुवा खुवाएर व्युताईन । त्यसबेलादेखि किवा घर नर्फकेको भने चलन छ ।

प्रस्तुत लोककथाको कथानक आदि मध्य अन्त्यको सरलरेखीयमा प्रस्तुत भएको छ । जसमा किरावा र किवाको बीचमा बैमनस्य उत्पन्न हुनु । त्यही कारणले किवाले किरावा भनी जंगलमा असफल आक्रमण गर्नु तर किरावा बच्न सफल हुनु । किरावाले किवालाई तीर प्रहार गरी हत्या गर्नु । यो अवस्थासम्म कथानक प्रारम्भ हो भन्ने आमाले किवालाई जाड र अदुवा खुवाएर बचाउनु मध्यवस्था हो भने किवा बाचे पछि आमाले दुवैलाई सम्झाउदै किवा खोलातिर हुदाँ किरावा डाडाँतिर र किरावा खोलातिर हुदा किवा डाडाँतिर हिड्नु भनी सम्झाउदाको अवस्था कथानकको अन्त्यावस्था सृजना भएको छ । यसरी यस लोककथाको कथानक क्रमिक रुपमा विकास भएको छ ।

**(ख) पात्र**

प्रस्तुत लोककथाको प्रमुख पात्र किरावा सहायक पात्र किंवा र गौण पात्र माक्सा र आमा रहेको छ । जसमा किरावा र आमा मानवीय पात्र हुन् भने किंवा र माक्सा मानवेत्तर पात्र हुन् । यस लोककथाको प्रमुख पात्र किरावाले नै कथानकलाई अघि बढाएको छ । किरावा सुरुदेखि अन्त्यसम्म भएको हुनाले बद्ध पात्र हुन् । किवाको भूमिका सहायक छ । ऊ असत् पात्रको रुपमा चित्रित छ किनभने उसले किरावासँग ईर्श्या र वैमनस्य गरेको छ । किरावा र किंवा सँगसँगै सिकारमा जादा किवाले किरावालाई मार्ने असफल प्रयास गरेको छ । जसको फलस्वरुप किवा आफै मृत्युको मुखमा पुगेको छ ।

त्यसैले किवा असत् प्रतिकूल पात्रको रुपमा चित्रित छ । किरावा किवा र माक्साको आमाको भूमिका गौण छ तर निकै महत्वपूर्ण छ । आफ्नो छोराहरुलाई समान

रुपमा हेरेको छ । किरावाले मारेको किवालाई बचाएर दुबै दाजुभाईलाई सम्झाएको छ । त्यसैले आमाको भूमिका सत् अनुकूल छ ।

**(ग) परिवेश**

प्रस्तुत किराँती लोककथाको परिवेश निश्चित तोकिएको छैन । तर पनि मानव सभ्यताको प्रारम्भिक अवस्था देखिन्छ । मानवको प्रारम्भिक अवस्था सिकारी अवस्था थियो । त्यही सिकारी अवस्थाको परिवेश चित्रण गरिएको छ । यस कथाको परिवेशको रुपमा कुनै जंगल रहेको छ । किवाले किरावालाई मार्न खोजेको छ भने किरावाले भाईको नियत बुझेपछि तीर हानी मारेको छ । जुन परिवेशले आदिम सभ्यताको शुरुवातीको संकेत गर्दछ आमाले किवालाई जाडँ र अदुवा खुवाएर बचाएको छ । जसले गर्दा किराँतीहरुको आदिम सभ्यताको विकास क्रमको संकेत गर्दछ ।

**(घ) उद्देश्य**

प्रस्तुत लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गनु नै हो । तर पनि मनोरञ्जनको साथसाथै शिक्षाप्रद पनि देखिन्छ । एउटै आमाको सन्तान भएर दाजुभाईका वीचमा ईश्या र वैमनस्य गर्‍यो भन्ने त्यसको परिमाण राम्रो हुनेछैन भन्ने संकेत गरेको छ । कसैले कसैमाथि त्यसै ईश्या र वैमनस्य गर्‍यो भने त्यसको परिमाण राम्रो हुदैन । आफूले नै त्यसको दुष्परिमाण भोग्नुपर्छ भन्ने सन्देश दिएको छ । यस लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन भए पनि निकै शिक्षाप्रद र वौद्धिक देखिन्छ ।

**(ङ) भाषाशैली**

प्रस्तुत लोककथाको भाषाशैली सरल सहज प्रवाहमय छ । सरल छोटा वाक्यमा संरचित छ । यस लोककथामा किलष्ट दुर्वोध्य शब्दहरुको खासै प्रयोग भएको छैन । गाउँघरमा प्रचलित सरल भाषाशैलीको प्रयोग गरिएको छ । यहाँ वान्तावा भाषाको शब्दको प्रयोग भएको छ । जसमा किरावा (किरात) किवा (बाघ) माक्सा (भालु) रहेको छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक तीन प्रमुख पात्रहरु किरावा, किवा र माक्साको संयुक्त रुपमा राखिएको छ । यसको कथानक मुख्य रुपमा किरावा र किवाको द्वन्द्वयुद्धले अघि बढेको छ । त्यसैले यस लोककथाको शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

### ५.५.५ केसामी र नामसामी लोककथाको विश्लेषण

केसामी र नामसामी किराँती लोककथा हो । यो विशेष गरी लिम्बू समुदायमा प्रचलित लोककथा हो । यो सृष्टि सम्बन्धी लोककथा हो । केसामी (बाघ) र नामसामी (मानिस) एउटै आमाको सन्तान हुन् । यिनीहरुबीच ईश्या र बैमनस्य उत्पन्न भएको छ । यसैमा यस लोककथाको विकासक्रम भएको छ ।

**(क) कथानक**

उहिले पाँचथरको चिलिङ्देन गाउँमा दुईजना दाजुभाइ र एक जना चेली बस्दथे । दाजुभाई ठूला सिकारी थिए । दाजूभाईले सिकार गरि ल्याउथे । बहिनीले भने उक्त सिकारको विलो बाँड्थिन् । एकदिन चेली पनि दाजुहरुसँग सिकारमा जाँदा उनलाई थकाई र तिर्खा लाग्यो । तिर्खा प्यास मेटाउनको लागि पानीको खोजी गर्दाखेरि थुकुवा खोला छेऊको एउटा ठूलो ढुंगाको दुईटा खोपिल्टामा पानी देखिन् । त्यो पानी खाएर आफ्नो प्यास मेटिन् । तर, त्यो पानी थिएन् । एउटा खोपिल्टामा बाघ र अर्कोमा मानिसको पिसाब थियो । उक्त पिसाब खाएपछि चेली गर्भवती भईन् । चेलीका गर्भबाट केसामी र नामसामीको जन्म भयो । केसामी र नामसामी हुर्किदै गए तर आपसी बैमनस्य पनि बढ्दै गयो । जसको फलस्वरुप उनीहरु एकले अर्कोलाई सिध्याउने विचारले अभिप्रेरित भएको थिए । एकदिन केसामीले आमालाई भन्यो म नामसामीलाई नखाई सक्दिन । त्यस पछि नामसामीले पनि युद्धको तयारी गऱ्यो । नामसामीले नौ ओटा तीर बनायो । तीर लिएर सीमलको रुखमा नौतला माथि बस्यो । केसामी आए, नामसामीलाई खानको लागि सिमलको रुखमा चढ्यो । नामसामीले तीर प्रहार गर्नथाले र तर जति केसामी माथि चढ्यो । नामसामीले तीर हाने पनि लागेन । आठौ तलमा केसामी आईपुग्दा नामसामीसँग एउटामात्र तीर थियो । उक्त तीर प्रहार गरि केसामीलाई माऱ्यो । केसामी सीमलको रुखबाट तल झऱ्यो । तर नामसामीलाई केसामी मऱ्यो कि मरेन भने दुविधा भयो । नामसामीले त्यही सिमलको रुखमा बस्ने लोथर्केलाई हेर्न पठायो । तर लोथर्के बाघको डरले जान सकेन । एकछिन पछि गिद्ध आयो र गिद्धलाई हेन पठायो । गिद्धले मरेको खबर दिएपछि नामसामी रुखबाट ओलियो । नामसामीले केसामीको छाला काढेर संसार घुमाएर सुकाउदा पनि काही सुकेन अन्त्यमा पाँचथरको आङसाराङ्गमा लगि सुकाउदा मात्र सुक्यो । उक्त छाला सुकेको डाँडालाई लिम्बू भाषामा सेहोनाम्लाङ्ग थेगू भनिन्छ । नेपाली भाषामा छाला सुकुवा डाँडा भनिन्छ ।

हाल उक्त ठाउँको नाम छालासुकुवा डाँडाका नामले परिचित छ । छाला सुकेपछि उक्त छालालाई भोटमा लगेर नुन साटी ल्याएर आमालाई नुन खाउ भन्दा खेरी जनावर भए पनि मेरो गर्भबाट जन्मिएको सन्तान हुन् । त्यसैले उसको छालाले साटेको नुन कसरी खानु भनेर आमाले भनिन् । त्यहीबेलादेखि मानिस मर्दाखेरि नुन बार्ने चलन चलेको हो भनी किराती समुदायमा किंवदन्ती छ । यसरी यस लोककथाको कथानक विकास भएको छ । कथानक आदि, मध्य र अन्त्यको क्रमिकतामा नै विकास भएको छ ।

**(ख) पात्र**

प्रस्तुत लोककथामा केसामी, नामसामी, आमा, लोथर्के गिद्ध आदि पात्रहरु रहेको छ । नामसामी मुख्य पात्र हुन् केसामी सहायक पात्र हुन् । आमा, गिद्ध र लोथर्के गौण पात्र हुन् । नामसामी र आमा मानवीय पात्र हुन् भने केसामी, लोथर्के र गिद्ध मानवेत्तर पात्र हुन् ।

**(१) नामसामी**

प्रस्तुत लोककथाको प्रमुख पात्रको रुपमा नामसामी रहेको छ । नामसामी कथाको सुरुदेखि अन्त्यसम्म देखिन्छ । उनको भूमिकामा कथानकको विकास भएको छ । नामसामी मानवीय पाात्र हो । नामसामी र केसामीबीच आपसी बैमनस्य बढ्दै जाँदा खेरी तिमीहरु बीच द्वन्द्व हुन्छ । नामसामीले सिमलको नौतलामाथि बसेर केसामीसँग युद्ध गर्छ । उक्त युद्धमा नामसामीले केसामीलाई तीर प्रहार गरि मार्छ । केसामीको छाला काढेर सुकाउदा खेरि काही नसुकेपछि आङसाराङ्गको एउटा डाँडामा लगेर सुकाउदा सुक्छ । उक्त डाँडाको नाम नै छाला सुकुवा डाँडा रहेको छ । छाला सुकेपछि उनले भोटमा लगेर नुन साटेर ल्याउछ । आमालाई नुन खाऊ भन्दाखेरि आमाले नुन खान नमाने पछि त्यही बेला देखि मानिस मर्दा नुन बार्ने चलन चलेको हो । नामसामी मानवीय अनुकूल सत्पात्रको रुपमा नै देखिन्छ । तर आफ्नो दाजुले आफूमाथि गरेको दुश्मनी व्यवहारदेखि नामसामीले केसामीलाई मारेको र केसामीको छाला काढेर सुकाई नुन साटी ल्याएको हुनाले उनलाई पूर्णरुपमा सत्पात्र र अनुकूल पात्रको रुपमा चित्रण गर्न सकिन्दैन ।

**(२) केसामी**

केसामी नामसामीको दाजु हुन् । उनी मानवेतर पात्र हुन् । ऊ आफ्नो भाई नामसामीसँग ईश्या र बैमानस्य गर्ने प्रतिकूल र असत् पात्रको रुपमा चित्रित छन् । एउटै

आमाको कोखबाट जन्मीएको नामसामी र केसामी पहिले एकआपसमा मिले पनि पछि ईश्या र बैमनस्य बढ्दै गयो । विशेष गरी केसामीले आफ्नो भाई नामसामीमाथि दुश्मानी व्यवहार प्रर्दशन गरे । जसको फलस्वरुप दाजुभाई बीच बैमनस्य बढ्यो र द्वन्द्व हुदाखेरि नामसामीको तीर प्रहारबाट केसामी मऱ्यो । केसामी असत् र प्रतिकूल किसिमको पात्र हुन् किन भने आफ्नो भाई नामसामीलाई खान खोज्नु र आमालाई समेत धम्काएर नामसामीको खोजी गरेको देखिन्छ ।केसामीले नामसामी माथि त्यस्तो व्यवहार नगरेको भए केसामीले त्यस किसिमको दुर्गति भोग्नुपर्ने अवस्था आउने थिएन् । त्यसैले केसामी मानवेत्तर पात्र भए पनि असत् प्रतिकूल पात्र हो ।

**(ग) परिवेश**

प्रस्तुत लोककथाको परिवेश पाचँथरको चिलिङ्गदेन गाउँको पृष्टभूमिमा सृर्जित भएको छ । चिलिङ्गदेनको थुकुवा खोला हुदै घर,जङ्गल, आङसाराङ्गको छालासुकुवा डाँडा र भोट हुदै अन्त्य भएको छ । यसको परिवेश ठूलो भए पनि कार्यव्यापारको रुपमा पाँचथरको चिलिङ्गदेन नै प्रमुख रहेको देखिन्छ । चिलिङ्गदेनको कुनै घरको दुई जना दाजुभाई र एकजना चेलीको घर देखिन्छ । उनीहरु जङ्गलमा सिकार खेल्न गएको छ । सिकारमा चेलीलाई प्यास लागेर पानी खोजी गरि पानी खाएको छ । केसामी र नामसामीको जन्म भएको छ । उनीहरु बीच युद्ध हुदा केसामी मारिएको छ । केसामीको छाला काढि संसार घुमाउदा काही नसुकेर अन्त्यमा आङसाराङ्गको एक डाँडामा सुकाउदा छाला सुकी भोट लगी नुन साटी ल्याएको सम्म परिवेश चित्रण गरिएको छ । जुन परिवेशले मानव सभ्यताको शुरुवात चरण रहेको छ ।

**(घ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य भनेको लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु हो । तर पनि मनोरञ्जनको साथसाथै शिक्षाप्रद पनि देखिन्छ । विनाकारण कसैमाथि ईश्या र वैमनस्य राख्दा त्यसको परिमाण राम्रो हुदैन भन्ने रहेको छ । केसामी दाजु भएर आफ्नो भाई नामसामीमाथि ईश्या र बैमनस्य राख्दा भाईको तीर प्रहारबाट मृत्युको मुखमा पुगेको छ । एउटै आमाको गर्भबाट जन्मिएको सन्तान जे जस्तो भए पनि आमाको लागि सबै समान हुन्छ । कसैलाई प्यारो, कसैलाई तिरस्कारको व्यवहार आमाबाट कदापि हुन सक्दैन भन्ने सन्देश प्रस्तुत गरिएको छ । यस लोककथा संस्कार संस्कृति अर्न्तगत पर्ने लोककथा

हो किनभने मानिस मर्दा नुन बार्ने चलन कसरी शुरुवात भयो भन्ने कुरा प्रष्ट पारेको छ । नामसामीले केसामीको छालालाई सुकाएर भोटमा लगेर नुन साटेर ल्याई आमालाई खाऊ भनेर भन्दाखेरी मेरो जेजस्तो भए पनि केसामी सन्तान नै हो । त्यसैले उसको सम्झना नुन वार्नुपर्छ भनेर चलन चलाए । यही चलन अनुसार किराँती समुदायमा आफ्नो मानिस मर्दा नुन बार्ने चलन चलि आएको हो भन्ने कुरालाई स्पष्ट पारेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज प्रवाहमय आकर्षक देखिन्छ । यस लोककथाको भाषामा कुनै किसिमको अवरोध सुजना भएको छैन । सरल र छोटा वाक्यहरुमा संरचित छ । छोटा छरितो संवाद पनि प्रयोग भएको देखिन्छ । जसमा केही संवादहरु :

एकदिन, केसामीले आमालाई भन्यो- "म भाईलाई नखाई छोडदिन" नामसामीले पनि आमालाई भन्यो - "म दाईलाई नमारी सक्दिन ।" यी संवादहरुले दाजुभाइ बीचको शत्रुता भएको जनाएको छ । यस लोककथामा लिम्बू भाषाको शब्दहरु पनि आएको छ । केसामी (बाघ) नामसामी (मान्छे) सेक्मुरिफुङ (एकप्रकारको सुगन्धित फूल) ओन्दोङफुङ (वावरी फूल) र सेहोनाम्लाङ थेगु (छाला सुकुवा डाँडा) रहेको छ । यी लिम्बू भाषाका शब्दवलीहरुले यस लोककथालाई मौलिकता प्रदान गरेको छ ।

**(च) शीर्षक**

प्रस्तुत लोककथाको बिषयबस्तु केसामी र नामसामीले प्रस्तुत गरेको छ । सम्पूर्ण कथाबस्तुको उठानदेखि बैठान सम्म केसामी र नामसामीको परिधिमा घुमेको छ । नामसामी र केसामी प्रमुख र सहायक पात्र हुन् । उनीहरुको कार्यव्यापारमा नै कथानक अगि बढेको छ । त्यसैले प्रमुख र सहायक पात्रहरुको नामबाट यस लोककथाको शीर्षक राखिएको हुनाले शीर्षक सार्थक  र उपयुक्त नै देखिन्छ ।

### ५.५.६ हेच्छाकुवा लोककथाको विश्लेषण

हेच्छाकुवा प्रसिद्ध किराँती लोककथा हो । यो विशेष गरी राई समुदायमा प्रचलित छन् । हेच्छाकुवा लोककथा खियामा र तायामा र हेच्छाकुवा चेलीमाइतीको कथा हो । हेच्छाकुवालाई किराँतीहरु आदि पुर्खा पनि मान्छ । यहि हेच्छाकुवाको कथादेखि किराँतीहरुको सृष्टि भयो भनिन्छ । राईहरु आफ्नो आदिमस्थलबाट जहाँ जहाँ पुगेको छ, त्यहाँ त्यहाँ हेच्छाकुवा खियामा र तायमाको कथाहरु पुगेको छ । यो किँराती लोककथा

संस्कार संस्कृति अन्तर्गत वर्गीकरण गरिएको छ । हेच्छाकुवा खियामा र तायामाको कथा देखि राई समाजमा सांगेन, बालोम संस्कारको सुरु भएको हो भन्छन् बुढापाकाहरु ।

**(क) कथानक**

हेच्छाकुवा तथा खियामा र तायामा चेलीमाइती हुन् । हेच्छाकुवा सानो छदा नै उनीहरुका बाबुआमा मरेका छ । खियामा र तायमाको साथमा हेच्छाकुवा बसेको हुन्छ । एकदिन हेच्छाकुवालाई साह्रै भोक लाग्छ तर खियामा र तायामा तान बुन्न व्यस्त हुन्छ । त्यसै बेलामा हेच्छाकुवा दिदीहरुलाई भोक लाग्यो भन्छ । तर दिदीहरु एकले अर्कोलाई भन्न भन्दै टार्दै जान्छन् । हेच्छाकुवा भोकले व्याकुल भई त्यतिकै निदाउँछ । हेच्छाकुवा गहिरो निद्रामा हुन्छ । दिदीहरुले भाई मरेछ भनी चिहान बनाएर दाहसंस्कार गर्छन् । उसको चिहानको छेऊमा केरा र कर्दा राखेको हुन्छ । केही समयपछि उनी विउँझे । उनलाई भोक लागिरहेको थियो । उनले केराको बोट र कर्दा देखे । उनले केराको बोटलाई तँ पसाउछस किँ तँलाई काटूँ ? त्यसपछि केरा पसायो । त्यसपछि केराको बोटलाई पाकिहाल्स कि काटूँ भन्दाखेरि पाकिँहाल्यो । केराको बोटमा चढेर हेच्छाकुवा केरा खान्छ । त्यही बेला चाक्लुडधिपमा राक्षसनीले देख्छे । केरा माग्छे । तर हेच्छाकुवाले फालिदिन्छ, फालेको केरा खादिन भन्छे । खुट्टाले केरा दिन्छ, केरा दिँदा हेच्छाकुवालाई खुट्टाबाट तानेर झार्छे ।

बोरामा पोको पारी घरमा पुराउँछ । आफ्नो छोरीलाई हेच्छाकुवालाई मारी पकुवा बनाउन अह्राउँछे । राक्षसनी आफ्नो माइती बोलाउन जान्छे । छोरीले चाहि बोरा खोलेर हेर्दा घुँघारिएको कपाल भएको सुन्दर केटा देख्छे । घुँघारिएको कपाल उसलाई साह्रै राम्रो लाग्छ । हेच्छाकुवाको जस्तो कपाल बनाउन मन लाग्छ । कसरी बनाएको भनी सोध्दा खेरी हेच्छाकुवा भन्छ मेरी आमाले तेल तताएर खनाएपछि यस्तो भएको भन्छ । राक्षसनीको छोरीले पनि त्यसै गर्छे । तर तातो तेलमा मर्छे । हेच्छाकुवाले राक्षसनीको छोरीको कपडा लगाएर छोरीको पकुवा बनाउँछ । राक्षसनी र उसको माइती आएर पकुवा खान्छन् । राक्षसनीका माइतीहरु घर फर्किन्छन् । राक्षसनी आफ्नो छोरीको मासु र रगत खाएर मातेर सुतेको बेलामा आँखामा खोटो दलिदिन्छ । हेच्छाकुवा टाँडमा गएर छोरीको मासु खाने भनी जिस्काउँछ । राक्षसनीले यो कुरा सुनी हेच्छाकुवामाथि शङ्का गरी लखेट्छे । हेच्छाकुवा पनि भाग्दै जादा राक्षसनीले भेट्ने खोज्दा सदविउ, पलविउ छरिदिन्छ । राक्षसनी सदविउ, पलविउ टिप्न थाल्छे । हेच्छाकुवा निकै पर पुग्छ । फेरि भेटन खोज्दा कुखुराको अण्डा

फुटाउछ । कुखुराको अण्डाबाट खोला बन्छ । हेच्छाकुवा र राक्षसनी वारिपारि हुन्छन् । खोला तर्न खोज्दा राक्षसनीलाई खोलाले बगाउँछ । हेच्छाकुवाका मामाहरुले खोलामा टिप थापेको हुन्छ । त्यही टीपमा राक्षसनी पस्छे । हेच्छाकुवाका मामाहरुले निकालेर घर लान्छन् । हेच्छाकुवाले आफ्नो मामाहरुलाई यथार्थ सबै कुरा बताउँछ । एकदिन मामाहरुले राक्षसनी र हेच्छाकुवालाई विदा गर्छन् । राक्षसनीलाई विदा गर्दा खेरि बाघ भालु उत्पन्न भई राक्षसनीलाई खान्छन् । उता हेच्छाकुवालाई पनि विदा गर्दा विर्को भएको ढुंग्रो दिन्छ । आफ्नो जन्मथलोमा गएर खोल्नु भन्छन् । हेच्छाकुवाले त्यसै गर्छ । घर धनसम्पति हीरा मोती हुन्छ । ऊ खुशीसाथ जीवन विताउँछ । एकदिन हेच्छाकुवालाई भोजभतेर गर्न मन लाँग्छ । तर खियामा र तायामा दिदीहरु हुँदैनन् । कुखुराको भालेलाई तायामा र खियामा बोलाउन पठाउँछ । दिदीहरु पनि हेच्छाकुवाको घर नजिक पुग्छन् । भाइ मऱ्यो भनेर संस्कार गरेकोले उनीहरुलाई भाइको घरमा जान लाज मान्छन् । हेच्छाकुवाले पनि  कुरा बुझी खानेकुरा पठाइदिन्छ । उनीहरुले खान्छन् । त्यही बेलादेखि 'साङ्गेन' भन्ने परम्पराको सुरुवात भएको हो ।

यसरी यस लोककथाको कथानक विकास भएको छ । कथानक आदि, मध्य अन्त्यमा श्रृंखलामा नै विकास भएको छ । यस लोककथाको सरल रैखिक ढाँचामा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

प्रस्तुत लोककथाको प्रमुख पात्र हेच्छाकुवा रहेको छ भन्ने सहायक पात्रहरुमा खियामा र तायामा र गौण पात्रमा राक्षसनी चाक्लुंधिपमा र हेच्छाकुवाको मामाहरु रहेको छन् । यस कथाको प्रमुख पात्र हेच्छाकुवाको भूमिकामा कथानक आगाडि बढेको छ भने कथानकलाई अगाडि बढाउन खियामा तायामा राक्षसनी चाक्लुङधिपमा हेच्छाकुवाको मामाहरुको भूमिका पनि उतिकै छ ।

**(१) हेच्छाकुवा**

यस लोककथाको प्रमुख पात्र हेच्छाकुवा हो । उ खियामा र तायामाको भाई हो । उनीहरुको बाबु आमा छैन । एकदिन हेच्छाकुवालाई सारै भोक लाग्छ र दिदीहरुलाई भन्दाखेरि दिदीहरुले एकले अर्कोलाई भन्दै टार्दै जाँदा, हेच्छाकुवा निदाँउछ । दिदीहरुले हेच्छाकुवा मऱ्यो भनेर दाहसंस्कार गर्दछ । हेच्छाकुवा निन्द्राबाट व्युँझिन्दा कोही हुदैन ।

राक्षसनीको फन्दामा पर्छ । राक्षसनीको छोरीलाई मारी त्यसको कपडा लगाएर राक्षसनीको छोरीको पकुवा बनाएर राक्षसनी र राक्षसनीको माइतीलाई खुवाउछ । राक्षसनीले थाहा पाएर उसलाई खेल्दै जादा , राक्षसनीलाई खोलाले बगाउछ । हेच्छाकुवाको मामाले राक्षसनीलाई उदार गर्छ र घरमा लान्छ । त्यसैवेला हेच्छाकुवा पनि मामा घर पुगेर यथार्थ सबै कुरा आफ्नो मामालाई भन्छ । एक दिन मामाघरबाट हेच्छाकुवा  विदा हुन्छ । आफ्नो जन्मथलोमा गएर सुख साथ दिन काटिरहेको बेलामा भोजभतेर गर्न मन लाग्छ । तर चेलीहरु हुदैन । चेलीहरुलाई बोलाउछ । आफ्नो भोजभतेर काम सफल बनाउछ । हेच्छाकुवा कथानक शुरुवातदेखि अन्त्यसम्म नै प्रमुख भूमिका साथ देखापरेको छ । त्यसैले वद्ध पात्र हुन् । उनी सत् अनुकूल पात्रको रुपमा नै देखिन्छ ।

(२) **खियामा र तायामा**

खियामा र तायामा यस लोककथाको सहायक पात्र हो । खियामा र तायामा हेच्छाकुवाको दिदीहरु हुन । उनीहरु तान बुन्ने काममा व्यस्त भएको बेलामा हेच्छाकुवालाई भोग लाग्छ तर वेवास्ता गर्छ । हेच्छाकुवा गहिरो निद्रामा पर्छ । उनीहरुले मऱ्यो भनी दाहसंस्कार गर्छ । खियामा र तायामा वेपत्ता हुन्छ । तर पछि हेच्छाकुवाले आफ्नो भोजभतेरको कार्यमा दिदीहरुलाई बोलाउन कुखुराको भाले पठाउछ । खियामा र तायाले पहिले नै भाई मऱ्यो भनी दाहसंस्कार गरेको हुनाले आफ्नो भाईको निम्तोमा आउन निक्कै गारो मान्छ । तर पनि भाईको घर नजिकसम्म पुग्छ । हेच्छाकुवाले पनि दिदीहरुको मनसाय बुझी, टाढैबाट भएकोले पनि स्वागत गर्छ ।

यस लोककथाको सहायक पात्र खियामा र तायामाले पनि कथानकको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । यदि खियामा र तायामाले हेच्छाकुवाको राम्रोसँग हेरचार गरेको भए कथाले अर्को मोड लिने थियो । तर कथामा खियामा र तायामाले आफ्नो कार्यमा व्यस्त रहि भाई हेच्छाकुवालाई वेवास्ता गर्दा कथाले अर्को मोड लिन पुगेको छ । त्यसकारण खियामा र तायामालाई बद्ध सत् अनुकूल पात्रको रुपमा चित्रण गर्न सकिन्दैन ।

(ग) **परिवेश**

प्रस्तुत किराँती लोककथाको परिवेश निश्चित तोकिएको छैन । तर कथाको पृष्टभूमि अनुसार यसको परिवेश ग्राम्य क्षेत्र नै रहेको छ । खियामा र तायामा तान

बुनिरहेको , हेच्छाकुवाको मृत्यु भयो भनि दाहसंस्कार गरेको ठाउँ, राक्षसनीको घर, हेच्छाकुवाको मामाघर, हेच्छाकुवाको घर आदि परिवेशले ग्राम्य परिवेश भन्ने प्रष्ट हुन्छ ।

**(घ) उद्देश्य**

प्रस्तुत किराँती लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै हो । तर पनि मनोरञ्जनको साथसाथै विभिन्न सन्देशहरु पनि प्रदान गरेका छन् । खियामा र तायामाले आफ्नो भाई हेच्छाकुवाले भोक लाग्यो भन्दाखेरि एकले अर्कोलाई भन भन्दै तानमा व्यस्त रहन्छ । तर भाई हेच्छाकुवा भोकले व्याकूल भएर त्यतिकै भुईमा निदाउछ । खियामा र तायामाले भाईलाई व्युँझाउन खोज्दा हेच्छाकुवा व्युँझन्दैन । त्यसपछि हेच्छाकुवा मऱ्यो भनेर दाहसंस्कार गर्छ । यस कथाले के देखाउछ भन्ने कुनै पनि कामलाई वेवास्ता गर्नुहुदैन भन्ने सन्देश दिएका छन् । यस लोककथाको प्रमुख उद्देश्य भनेको राईहरुको विवाहमा हुने साङ्गेन वा वालोम संस्कारको उत्पति कसरी भयो भनी जानकारी दिनु पनि रहेको छ । त्यसैले संस्कार संस्कृतिमूलक किराँती लोककथा हो ।

**(ङ) भाषाशैली**

प्रस्तुत किराँती लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय छ । कुनै किसिमको अवरोध सृजना भएको छैन । छोटा र सरल वाक्यमा संरचित भएको छ । राई वान्तावा भाषाका केहि वाक्यहरु पनि आएको छ । जसमाः आमना ताया लो (तेरी दिदी तायालाई भन) आमना खिया लो (तेरी दिदी खियालाई भन) रहेको छ । प्रायः गरि नेपालीको पूर्वेली भाषिकाको प्रयोग गरिएको छ । कुनै किसिमको भाषिक जटिलता छैन ।

**(च) शीर्षक**

प्रस्तुत किराँती लोककथाको शीर्षक हेच्छाकुवा राखिएको छ । हेच्छाकुवा प्रमुख पात्र हो । हेच्छाकुवा खियामा र तायामा चेलीमाइती हुन् । उनीहरुको नै कथाबस्तुमा कथा अघि बढेको छ । यो लोककथा संस्कार र संस्कृति अन्तर्गत वर्गीकरण पनि गरिएको छ । राईको विवाह संस्कार सम्पन्न गर्दाखेरि साङगेन वा बालोम संस्कार पनि सम्पन्न गरिन्छ । साङगेन वा बालोम संस्कारमा हेच्छाकुवा खियामा र तायामाको सम्झनामा मुन्धुम गाउने गरिन्छ । त्यसैले हेच्छाकुवा शीर्षक सार्थक र उपयुक्त नै देखिन्छ ।

### ५.५.७ पञ्चबोली, लोककथाको विश्लेषण

पञ्चबोली लोककथा नीतिमूलक लोककथा हो । किराँती समुदायमा अझै पनि कुनै पनि समस्या उत्पन्न भयो भने त्यसको निर्णय र टुङ्गो लगाउने काम पञ्चहरुको हुन्छ । आज अदालतमा न्यायधीशले न्यायको छिनोफानो गर्दछ । तर उहिलेदेखि अहिलेसम्म गाउँघरमा भलापञ्चको निर्णयलाई सर्वोपरि र विश्वासिलो मानिन्छ । यसै सन्दर्भमा यस पञ्चबोली किराँती लोककथाको सृजना भएको हो ।

**(क) कथानक**

अघिको कुरा हो । किराँती वंशमा चुकमिवा नाम गरेका एकजना मानिस थिए । उनी अन्धविश्वास मान्दैन थिए । भला पञ्चहरुको कुराहरुमात्र सही मान्थे । उनी वुद्धिमा मात्र तरुनो थिएनन् उमेरमा पनि तन्नेरी थिए । त्यसैले भर्खरै दुलही ल्याएका थिए । दुलान फर्काउनका लगि पण्डितलाई जोखना हेराउनु पर्ने थियो । तर उनले त्यस कुरालाई ध्यान दिएनन् । त्यसैले चुकमिवाबाट जोखानाहरु रिसाएका थिए । उल ससुरालीतिर हिँड्यो । जोखनाहरु आफूलाई अवज्ञापूर्ण व्यवहार गरेकोले उससँग बदला लिने सोचमा थिए । उनीहरुले यही मौका उपयुक्त ठाने । उनीहरुमध्ये एकजना जोखनाले उपयुक्त मौका ठानी जोखनाको रुपबाट साधारण मानिसको रुप लिएर चुकमिवा दुलान फर्काउन हिडिरहेको बेलामा जोखानाले नववधुलाई प्यास जागाईदियो । नवबधु प्यासले छट्पटाउन थालिन् । चुकमिवा खोल्साखोल्सीतिर पानी खोज्न गए । तर काही पानी भेटनन् । अन्त्यमा केराको दाम्चा काटी पानी ल्याए । तर चुकमिवाले दुलही देखेनन् । अघि नै जोखानाले चुकमिवाको रुप धारण गरी दुलहीलाई पानी दिएर दुलहीसाथ बाटो लागेको थियो । चुकमिवाले दुलही को खोजी गर्ने क्रममा डाडाँबाट हेर्दा दुइजना हिडिरहेको देखे । चुकमिवा त्यहाँ पुग्दा स्वयम आफ्नो रुपको मानिसले दुलही लिएर हिडेको देखपछि उनी आश्चर्यमा परे । उनले आफ्नो होश खोजे र आफू ठीक भएको ठानी दुलहीको ठाउँमा पुगे । जोखनाबाट आफ्नी दुलही छुटाउने क्रममा जोखना र चुकमिवाको झगडा भयो । त्यति बेला नै देवता प्रकट भए । उनीहरुको समस्या बुझी देवताले एउटा उपाय बताए । करुवाको मुखबाट छिरी टुटीबाट निस्कने नै स्त्रीको दुलहा हुन्छ भने देवताको कुरा सुन्नबितिकै जोखना जीउ घटाएर करुवाको मुखबाट छिरी हाल्यो । तर चुकमिवाले उक्त कुरा स्वीकार गरेन । त्यसैले उनी भला पञ्चकोमा जाने भए । भला पञ्चको न्याय गर्ने शक्ति जाच्नको लागि देवताले तीनवटा

गाग्रोमा गुप्त तबरले पहिलोमा रगत दोस्रोमा फेटा तेस्रोमा पानी राखी ढकनी लगाएर सभामा राखे । पञ्चहरुले पनि आपसमा सल्लाह गरे । एकजनाले सत् सम्झेर जस्तो विचार गर्छ । त्यसलाई सर्वसम्मति कायम गर्ने सल्लाह गरे । सभामा पहिलो गाग्रो देखाएर देवताले सोधे पञ्चहरु एकमत भई पानी छ भने । घोप्टाउदा रगतको सट्टा पानी हुन्छ । दोस्रो गाग्रोमा के छ भनी प्रश्न गर्दा सर्प छ भने, साच्चिकै सर्प र तेस्रोमा पनि के छ भनी प्रश्न गर्दा दूध भने । यसरी पञ्चहरुको जीत भयो । त्यसपछि पञ्चहरुले चुकमिवा र जोखनाको वयान सुनी निर्णय गरे आखिरमा चुकमिवाको जीत भयो । जोखाना र देवता अलप भए । यसरी यस लोककथाको कथानक क्रमिकताको साथ आदि मध्य र अन्त्यको श्रृंखलामा विकास भएको छ । यो सरलरेखीयमा प्रस्तुत भएको लोककथा हो ।

**(ख) पात्र**

यस लोककथाको पात्रहरुमा चुकमिबा जोखना, चुकमिवाको दुलही, देवता, मुखिया र पञ्चहरु रहेका छन् । यस लोककथाको प्रमुख पात्रमा चुकमिवा रहेको छ । चुकमिवाको केन्द्रीयतामा कथानक अघि बढेको छ भन्ने सहायक पात्रहरु जोखना, देवता, दुलही र पञ्चहरु रहेको छ ।

**(१) चुकमिवा**

यस लोककथाको प्रमुख पात्र चुकमिवा हो । चुकमिवाको केन्द्रीयतामा कथानक अघि बढेको छ । चुकमिबालाई यस कथानकबट हटाउने हो भने पुरै कथा विगठित हुन पुग्छ । चुकमिवा युवा तन्नेरी छ । ऊ अन्धविश्वासी परम्पराको विरोधी देखिन्छ । भला पञ्चहरुको कुरामा मात्र विश्वास गर्छ । उसले दुलही ल्याएको छ । दुलान फर्काउनुपर्ने हुन्छ । दुलान फर्काउनका लागि साइत हेनुपर्ने हुन्छ । तर ऊ जोखना हेराउदैन । जोखनाहरुले आफूमाथि अपमान बोध भएको ठान्छ । त्यसको बदला लिने उपयुक्त मौकाको खोजी गर्छ । यसैक्रममा चुकमिवा दुलान फर्काउन ससुराली हिडेको उपयुक्त मौका ठानी चुकमिवाको यात्रालाई अनिष्ठकर बनाउन जोखना सफल हुन्छ । जोखनाले आफ्नो रुपधारण गरी आफ्नो स्त्रीलाई हरण गरेर लान्छ । तर चुकमिवा आफ्नो दुलहीलाई भलापञ्चसम्म पुगेर भए पनि छुटाउन सफल भएको देखिन्छ । त्यसकारण चुकमिवा अन्धविश्वासको विरोधी पञ्चहरुको समर्थक देखिन्छ । त्यसैले चुकमिवा सत् अनुकूल पात्रको रुपमा देखिन्छ ।

(२) **जोखना**

जोखना खलपात्र हुन् । जोखनाहरु अन्धविश्वासको प्रतिमुर्तिको रुपमा देखापर्छ । आफ्ना कुराको कसैले विरोध गऱ्यो भन्दैमा उक्त विरोधीसँग बदला लिन खोज्ने जोखना पुरै खलपात्र प्रतिकूल पात्रको रुपमा चित्रित छ । तर त्यसको परिमाण राम्रो भएको छैन । भला पञ्चको आगडि आफ्नो हार भएपछि देवतासँगै जोखना पनि अलप भएको छ ।

यस लोककथामा रहेको अन्य पात्रहरु देवता, मुखिया, भलापञ्चहरुको भूमिका पनि महत्वपूर्ण छ । देवता देवता भएर पनि असत् प्रतिकूल पात्र हुन् भने मुखिया भला पञ्चहरु सत् अनुकूल पात्रको रुपमा रहेको छ ।

(ग) **परिवेश**

यस लोककथाको परिवेश यकिन गरी यही ठाउँ भनि तोकिएको छैन । तर कुनै न कुनै ठाउँको चित्रण भएको छ । यस क्रममा चुकमिवा दुलान फर्काउने क्रममा बाटोमा चुकमिवाको दुलाहीलाई प्यास लाग्नु, चुकमिवा पानी खोज्न खोल्साखोल्सीमा जानु, दुलाहीको खोजको क्रममा डाँडामा जानु, चुकमिवा र जोखनाको बीचमा भीडन्त भएको ठाँउ, देवता प्रकट भएको ठाउँ , भलापञ्चले न्याय निसाफ गर्ने ठाउँ आदि ठाउँ परिवेशको चित्रण भएको छ। यसको परिवेश व्यापक छ।

(घ) **उद्देश्य**

यस लोककथाको मुख्य उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु नै हो। तर मनोरञ्जनको साथै मानवले जीवन जीउने क्रममा याव्त कठिनाईहरु जेल्नुपर्छ भन्ने सन्देश पनि रहेको छ । यसक्रममा चुकमिवाले अन्धविश्वासको विरोध गर्दाखेरी उनी जोखनाबाट जुन किसिमको प्रताडित हुन पुगेको छ । जसले के कुराको संकेत गर्दछ भन्ने समाजमा भएका ठूलाहरुको हैकमलाई सबै अनुशरण गर्नूपर्ने देखिन्छ । यदि अनुशरण नगरे ठूलाहरुबाट प्रताडित हुनु पर्ने अवस्था सृजना भएको देखिन्छ । यस लोककथाको प्रमुख उद्देश्य भनको जति छलकपट टुनामुना जादु गरे पनि सत्यको नै विजय हून्छ भन्ने कुरा प्रष्ट पारेको छ । यसक्रममा जोखानाले जति छलकपट गरे पनि आखिरमा भला पञ्चको अगाडि हार खानुपऱ्यो ।

(ङ) **भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय देखिन्छ। छोटा र छरितो

किसिमको वाक्यहरु रहेको छ । कुनै किसिमको अवरोध आएको छैन ग्राम्य क्षेत्रमा प्रचलित सबैले बुझ्न सक्ने खालका भाषाशैलीको प्रयोग भएको छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक पञ्च लोली रहेको छ । यस लोककथाको बिषयबस्तु पनि पञ्च बोलीको सेरोफेरोमा नै घुमेको देखिन्छ । चुकमिवा अन्धविश्वासको विरोधी छन् । उनी कुनै पनि समस्याको सही निर्णय र फैसला भला पञ्चहरुबाट सही हुन्छ भनि विश्वास गर्छ । यस लोककथाको कथानक पञ्च बोलीमा नै केन्द्रित रहेको हुनाले शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

## ५.५.८ मुककेगुबा लोककथाको विश्लेषण

मुक्केगुबा किराँती लोक समुदायमा प्रचलित प्रसिद्ध किराँती लोककथा हो । यो साहस र बहादुरी अर्न्तगत वर्गीकरण गरिएको किराँती लोककथा हो । यस लोककथामा मुक्केगुबाले आफ्नो वीरता र साहसको प्रर्दशन गरेको छ ।

**क) कथानक**

किराँती राजा सुवाङहाङका दुईजना छोराहरु छेन्पोहाङ र मुक्केगुबा थिए । त्यसबखत उत्तर तिब्बतमा होरु राजाको राज्य थियो । होरु राजा अत्यन्त धनी तर प्रजा शोषक र निष्ठुर राजा थिए । प्रजालाई साह्रै सताएको हुनाले उनका प्रजाजनले एकमत भई परमात्माको भक्ति गरी न्याय माग्न थाले । परमात्माले प्रजा उपर अन्याय भएको देखी होरु राजालाई दण्ड दिने निश्चय गरे । उनले किराँती राजा सुवाङहाङलाई राती सुतेको बखत सपना देखाए । सपनामा होरु राजाको राज्य भोग पुग्यो । उक्त देशमा हमला गरी त्यसका शाखासन्तान सबैलाई नष्ट गर्नू । सुबाङहाङले होरु राजाका देशमाथि लडाई गर्ने उपाय सोच्न थाले । उनले आफ्ना दुईजना राजकुमारहरुलाई आ-आफ्नो धनुवाण लिएर जङ्गलमा पठाए ।जङ्गलको एउटा खुल्ला मैदानमा लक्ष्य राखेर दुवैले वाण हान्न लागे । होडबाजीमा कान्छो छोरो वीर ठहर्‍यो । सुबाङहाङ राजाले कान्छो मुक्केगुबाको वीरत्व बुझी उनलाई आफ्नो अग्निवाण, ढाल, तरवार दिई होरु राजासँग युद्ध गर्न पठाए । मुक्केगुबा आफ्ना शस्त्रअस्त्रले सुसज्जित भई आफ्नो पिताको वायुपङ्खी घोडामा सवार भई आकाशमार्ग बाट उत्तर दिशातिर प्रस्थान गरे । रणदेवी युमासाम्माङको सहयोगले मुक्केगुबाले होरु राजाको दरबार पत्ता लगाए । उनी होरु राजाको दरबारको छेऊमा पुगे । एउटा चैत्य बनाई उनले

सानो बालकको रुप लिई त्यस चैत्यभित्र बसेर अनौठो किसिमका ढ्याङ्ग्रो बजेको आवाज निकाल्न थाले । तर होरु राजाले त्यो सुनेर तत्कालै चैत्य भत्काउने हुकुम दिए । सिपाहीहरुले तत्कालै चैत्य भत्काए । एउटा सानो बालक भेटेर राजालाई बुझाए । राजाले आफ्नो राजपुत्रलाई भन्दा बढ्ता प्यार गरे । होरु राजाको बाह्र हजार फौज थिए । उक्त फौजलाई नष्ट गर्न मुक्केगुबाले युमासाम्माडको प्रार्थना गरे । होरु राजाको फौजलाई देवगण प्रकट भएर सवै नष्ट गरे । होरु राजा पनि ढाल तरवार लिएर आफ्नो फलामे गढमा लुक्न गए । मुक्केगुबा माकुराको रुप लिएर होरु राजा लुकेको गढमा पुगेर राजासँग युद्ध गर्न थाले । युद्धमा मुक्केगुबाले होरु राजाको टाउको काटी मारे । होरु राजाकी रानीले लुकाइराखेको होरु राजाका छोराहरु सवैलाई मारिदिए । मुक्केगुबाले आफ्नो सवै काम सफलताको साथ सिद्धाएर आफ्नो देश फर्किए । मुक्केगुबा, युमासाम्माङ र राजाको आज्ञा लिई फेरि होरु देशका राजा भए । यसरी यस लोककथाको कथानक आदि मध्य र अन्त्यको श्रङ्खलामा विकास भएको छ । यो लोककथा सरलरेखीयमा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस लोककथाको प्रमुख पात्र मुक्केगुबा हुन भने सहायक पात्रमा होरु राजा र गौण पात्रको रुपमा सुवाङहाङ, होरु रानी, युमासाम्माङ, छेन्पोहाङ होरु राजाका सेनाहरु, देवगण सेनाहरु, काचुङहाङ खेवायोङवा आदि रहेको छ । यस लोककथाको कथानकलाई अगाडि बढाउने प्रमुख भूमिका मुक्केगुबाको रहेकोछ । कथाबस्तु उनकै केन्द्रीयतामा घुमेको छ । होरु राजा सहायक पात्र हुन् । जसले कथानकलाई अघि बढ्न सहयोग पुऱ्याएको छ । अन्य गौंण पात्रको पनि त्यतिकै महत्व रहेकोछ ।

**(१) मुक्केगुबा**

मुक्केगुबा सुवाङहाङ राजाको कान्छो छोरा हो । उनी धनुवाण चलाउनमा वीर थिए । त्यसैले सुवाङहाङ राजाले उत्तर तिव्बतको होरु राज्यमा चढाई गर्न आफ्नो ढाल तरवार दिई पठाए । मुक्केगुबाले होरु राजासँग युद्ध गर्नको लागि शक्ति प्राप्त गर्नको लागि परमात्माको तप गरे । स्वप्नामा भगवान निङ्माफूमाले भन्यो-युद्ध गर्न डराउनु पर्दैन आपद पर्दा भगवानलाई सम्झनु । युमासम्माङलाई रणदेवीको रुपमा पठाउनु भन्यो । मुक्केगुबा होरु राज्यको राज्यमा पुगेर रुप परिवर्तन गऱ्यो । एउटा सानो बालक भएर एउटा चैत्यभित्र बसेर अनौठो किसिमको ढयाङ्ग्रो बजाउन थाले । राजाले थाहा पाई तत्काल चैत्य भत्काउन

लगाए । तर सानो बालक सिपाहीहरुले भेटेर राजालाई बुझाए । राजाले आफ्नो राजपुत्र भन्दा बढि प्यार गरे । मुक्केगुबा बिस्तारै बयस्क भएर होरु राजाको सैनिक संरचना बुझी होरु राजाको विनाश गर्ने उपाय खोजी गर्ने क्रममा युमासाम्माडको सहयोगमा देवगणको साहाराले होरु राजाको सबै सेनाको विनाश गरेर राजाको विनाश गरी आफ्नो देश फर्किए । पछि फेरि पिता र युमासाम्माङको आर्शीवाद लिएर होरु राज्यको राजा भए तर उनी जीवनभरी महारोगी भए । आफ्नो पिता सम्मान रहेको होरु राजाप्रति विश्वास घात गरे । त्यसैले गुम्केगुवालाई पूर्णरुपमा सत् र अनुकूल पात्रको रुपमा चित्रण गर्न सकिन्दैन ।

(२) **होरु राजा**

होरु राजा तिब्बतका राजा हुन् । उनी धनी थिए । तर प्रजा शोषण भएका कारण आफ्नो राज्यमा नै अलोकप्रिय थिए । त्यसैले प्रजाहरुले राजाविरुद्ध विद्धोह गर्ने उपाय खोजी गर्दै थिए । त्यसै क्रममा होरु राजा विरुद्ध मुम्केगुवा युद्ध गर्न गुप्त रुपमा होरु राज्यमा पुग्छ । मुक्केगुवाको असली रुप नबुझी उसलाई शरण दिन्छ । तर मुक्केगुवाले उसको आन्तरिक संरचना बुझी होरु राजाको सबै सन्तान सहित विनाश गर्दछ । होरु राजा असत् प्रतिकूल किसिमको पात्र भए पनि मुक्केगुवाको छलकपटको कारण निकै सहानुभूतिको पात्र भएको छ ।

(ग) **परिवेश**

यस लोककथाको परिवेश सुवाङहाङ राजाको राज्यदेखि लिएर सुवाङहाङ राजाको राज्यदेखि उत्तर दिशामा पर्ने तिब्बत देशका होरु राज्यसम्मको चित्रण भएको छ । मुक्केगुबा र छेन्पोहाङ बीच धनुवाणको प्रतिस्पर्धा भएको जंगल, पहाडको टाकुरा ,होरु राजाका दरबार, होरु राजाका सेना र देवगण बीच युद्ध भएको परिवेश आदि आएको छ । यस लोककथाको परिवेश व्यापक रहेको छ ।

(घ) **उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । तर पनि शिक्षाप्रद देखिन्छ । यस लोककथाले दिन खोजेको मुख्य सन्देश भनेको तिब्बतका राजा होरु धनी राजा भए पनि आफ्नो प्रजामाथि दमन शोषण गरेकोले होरु राजा आफ्नै राज्यमा अलोकप्रिय भई, बाहिरको शत्रुको गुप्त रुपबाट परास्त भएको छ । त्यसैले कसैलाई शरण दिनु पनि ठीक होइन भन्ने सन्देश दिएको छ । किन भने कसैलाई शरण दिदा खेरी उसको असल, खराब

नियत के छ ? बुझी शरण दिनु पर्छ नत्र भने आफ्नै विनास हुन्छ भन्ने मुख्य सन्देश दिएको छ । प्रजाहरको मनोभाव बुझि शासन गर्दाखेरी राज्य नै बलियो हुन्छ भन्ने सन्देश रहेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय छ । छोटा छरिता वाक्यहरुले संरचित छ । नेपाली भाषाको पूर्वेली भाषिका प्रयोग भएको छ । झरो शब्दावलीको पनि त्यतिकै बाहुल्यता छ । त्यसैले यस लोककथा नेपाली भाषाको पूर्वेली भाषिकाको लागि आकर्षक र रोचक छ । यस लोककथामा भाषिक दुरुहता  आएको छैन । ग्राम्य क्षेत्रको जो कोहीले पनि सहज रुपमा ग्रहण गर्न सक्छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक मुक्केगुबा रहेको छ । मुक्केगुबा प्रमुख पात्र हो । उनको कार्यव्यापारमा नै कथानक अघि बढेको छ । सम्मूर्ण घटनाहरुलाई मुक्केगुबाको कार्यव्यापार गर्दा अघि बढेको छ । यस लोककथाबाट मुक्केगुबा लाई हटाउने हो भन्ने यसको कथानक नै विघटित हुन्छ । त्यसैले मुक्केगुबा शीर्षक सार्थक उपयुक्त देखिन्छ ।

## ५.५.९ मानिसको सृष्टि लोककथाको विश्लेषण

यस किराँती लोककथा मानिसको सृष्टि भन्ने रहेको छ । मानवको सृष्टि कसरी भयो भन्ने बिषय नै यसको प्रमुख बिषय बस्तु हो । यो लोककथा सृष्टि र उत्पति अर्न्तगत वर्गीकरण गरिएको छ । यो लोककथा किराँती समुदायमा अत्यन्तै लोकप्रिय कथा हो ।

**(क) कथानक**

पोरोक्मी यम्फामिवा यस लोककथाको प्रमुख पात्र हो । उसले पोरोक्मी यम्फामिबाले तागेरा निङवाफूमासँग बरदान मागे । म पृथ्वीको सृष्टि गर्न सकू, तागेरा निङवाफूमाले तथास्तु भने । उनले पृथ्वीको सृष्टि गर्नथाले । त्यसैक्रममा उनले सुन, चाँदी, तामा, फलाम, हीरा, मोतीको मानव बनाए । तर सास हाल्न सकेनन् । त्यसपछि पोरोक्मी यम्फामिवाले तागेरा निङवाफूमासँग बरदान मागे । तागेरा निङवाफूमाले राती सपनामा जे देख्छौ त्यही बमोजिम गर्नु भने मालिङ्गो, निगालो, खपतरी आदिको खरानीलाई सिरुको पातमा रहेको शीतमा मुछी त्यसको मानव शरीर बनाए । त्यसपछि उनले त्यो मानिस बोल्छ कि बोल्दैन भनेर बोलाउदा 'हुँ' भनी बोलाए । उक्त मूतिर्ले 'उँ' भनी जवाफ दियो ।

यसरी मानवको सृष्टि भयो । तर पोरोक्मी यम्फामिवाको मनमा के विचार उठिरहेको थियो भने मानव जाति अमर होस भनी सुन चाँदी फलाम हीरा मोतीको मानिस बनाए तर सास हाल्न सकिन । खरानीबाट बनेको यो मानिसले पृथ्वीमा के गर्ला ? थुक्का भनी थुक्दा खरानीबाट बनेको मानिस ढलेर मरि गयो । फेरि निङवाफूमासँग बरदान मागे मैले मानिस बनाएँ, तर रिसको झोकमा थुक्दा मरिगयो । अब के गर्नुपर्ला ? त्यो शीर ढलिमरेको हुनाले माङगेन्ना पुजा गर्नु भन्यो । तर त्यो मानिस अमर हुदैन भन्यो । त्यसैबेला देखि शीर उठाउने माङगेन्नाको पूजाको परम्परा बसेको हो । यसको कथानक आदि मध्य अन्त्यको श्रृंखलामा, विकास भएको छ । यो लोककथा सरलरेखीयमा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

प्रस्तुत लोककथामा सृष्टिकर्ताको रुपमा पोरोक्मी यम्फामिवा भगवान तागेरा निङवाफूमा जस्ता सिमित पात्र रहेको छ । यी दुई पात्रमा नै कथानक अघि बढेको छ । पोरोक्मी यम्फामिवा मात्र प्रत्यक्ष र प्रमुख पात्र हुन् भने तागेरा निङवाफूमा अप्रत्यक्ष सहायक पात्र हुन् । पोरोक्मी यम्फमिवाले मानवको सृष्टि गरेको छन् । मानव अमर होस भन्ने हेतुले पहिलो चोटि सुन, चाँदी हिरा मोतीको मानव बनाउछ तर सास हाल्न सक्दैन् । फेरि खरानीको मानिस बनाएर 'हुँ' भनी बोलाउदा 'उँ' भनी जवाफ दिन्छ । पोरोक्मी यम्फामिवालाई रिस उठ्छ र सुन चाँदी हीरा मोतीको मुर्ति बनाउदा नबोल्ने खरानीको मूर्ति बनाउदा बोल्ने भनी थुकी दिदा मानवको शीर खसी मऱ्यो । फेरि, तागेरा निवाङफूमालाई बरदान मागी शीर उठाएर उक्त बचाए । तर अमर हुन सकेन ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश निश्चित तोकिएको छैन । तर पृथ्वीको सृष्टि हुनु भन्दा अघिदेखि शुरु भएको छ । पृथ्वीको सृष्टि पोरोक्मी यम्फामिवाले तागेरा निङवाफूमासँग बरदान मागी गरेको छ । त्यसपछि जमीन समुन्द्र डाँडाँकाडाँ हिमालय खोलानालाको सृष्टि गरे । तर मानिस नभएको पृथ्वीमा नरमाइलो सृजना भयो । त्यसको लागि पृथ्वीमा मानिसको सृष्टि गरेको देखिन्छ । यस लोककथाको परिवेश निश्चित तोकिएको छैन । छोटो पनि छ ।

**(ग) उद्देश्य**

यस लोककथाको खास उद्दश्य मनोरञ्जन प्रदान गुर्न हो । तर पनि यस

लोककथामा पृथ्वीको सृष्टि कसरी भयो ? पृथ्वीको सृष्टि भएपछि मानवको सृष्टि कसरी भयो भनी जानकारी दिनु पनि यस लोककथाको खास उद्देश्य हो । त्यसैले यस लोककथा समग्र रुपमा शिक्षाप्रद नै रहेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय रहेको छ । छोटो र छरितो वाक्यमा संरचित छ । भाषामा कुनै किसिमको जटिलता छैन । ग्राम्य क्षेत्रमा प्रचलित सरल भाषाको प्रयोग गरिएको छ । जसले गर्दा सबैले नै लोककथाको बोध गर्न सक्छ ।

**(च) शीर्षक**

सृष्टिकर्ता पोरोक्मी यम्फामिवाले तागेरा निवाङफूमासँग बरदान मागी, पृथ्वीको सृष्टि गरे । खाँली पृथ्वीमा मानवको महसुस गरी मानिसको सृष्टि गरे । यसरी मानवको सृष्टि भएको कुराको जानकारी दिएकोले यस, लोककथाको शीषर्क सार्थक र उपयुक्त देखिन्छ ।

## ५.५.१० मूलखाँबो पूजा लोककथाको विश्लेषण

मूलखाँबोको पुजा किराँती लोक समुदायमा प्रचलित प्रसिद्ध किराँती लोक कथा हो । यस लोककथालाई संस्कार संस्कृति अन्तर्गत वर्गीकरण गरिएको छ । किराँतीहरुले सृष्टिको क्रममा कसरी घर बनाउन सिके भन्ने कुरालाई स्पष्ट पारेको छ ।

**(क) कथानक**

सृष्टिको प्रारम्भमा सुम्निमाले कुहुम (हावा) लाई जन्म दिइन् । कुहुम वयस्क हुदै गयो । एकदिन अचानक कुहुम मावली घर गयो तर फर्किएन । सुम्निमा छक्क परिन् । उनले फेरि, दोस्रो सन्तानको जन्म दिइन् । उनको नाम नायम राखिन । नायमलाई सुम्निमाले सबै किसिमको ज्ञान दिइन् । नायम तरुनी हुँदै थिइन । एकदिन खोलामा नुहाउन गएकी थिए । नुहाइसकेर ढुंगोमा आराम गरिरहेको बेलामा भुसुक्कै निदाइन् । त्यही बेला आँधी हुरी आएर नायमका सबै कपडाहरु च्याति दियो । उनको सबै अंगहरु देखिए । नायमको जनेन्द्रिय देखेर कुहुमले थुहुक्क भनेर थुकी पठायो । कुहुम र नायम दाजुबहिनी हुन भनेर दुबैलाई थाहा थिएन । आफू नांगै भएकोले नायम हतार हतार घर फर्किइन् । तर सुम्निमालाई नायमको चाल ठीक लागेन । नायमलाई जुन बाटो आएको थिईस त्यही बाटो गइहाल भनिन् । नायम खोलामा देह त्याग गर्न गइन् । नायमले खोलामा हाम फालिन् ।

त्यस खोलामा सातजना सिकारीहरु बस्थे । ती सिकारीहरुमध्ये कान्छोले खोलामा नायमलाई टिपमा भेटे । तर उनी बेहोश भए, अरु दाजुभाइ आएर नायम र कान्छो भाईलाइ निकाले । जेठो सिकारी र नायम बुढाबुढी भएर सँगै बस्न थाले । जनावरको विगविगी भएकोले नायमको दिमागमा घर बनाएर बस्ने जुक्ति आयो । नायमले उक्त कुराको प्रस्ताव राखिन् । नायमको प्रस्ताव अनुसार जेठो सिकारीले खोक्लिसोक्पाको सहयोगमा खाँवो काटेर ल्यायो । खाँवो काटेर ल्याएपछि खाडल खनेर गाडे तर निदाल अडाउने ठाउँ थिएन । त्यही बेला चिभे चरा आएर निदालमा बस्यो । चिबेको पुच्छर देखेर नायमले जेठो सिकारीलाई भन्यो । यस्तै कापे परेको खाँबो काटेर ल्याउनु सोही अनुसार जेठो सिकारीले खाँवो काटेर ल्यायो । तर कापे पट्टि गाँडेको हुनाले यसरी होइन उल्टो भयो, यसरी पो हो भनेर नायमले सिकाउदा नायमको नानी खाडलमा परेर मऱ्यो । जति बल गरेर खाँबो निकाल्न कोसिस गरे पनि निकाल्न सकेनन् । खाँबोले भोक खाएको हुनाले, खाँबो बाहिर निकाल्न सकिदैन भन्ने सबैले ठहर गरे । यसरी खाँबोको आविष्कार भयो । खाँवोले मानिसको भोग नखाओस भनेर अन्य जन्तु जनावरको भोग दिने चलन आयो भनिन्छ । यसरी यस लोककथाको कथानक क्रमिकताको साथ आदि, मध्य, अन्त्यको श्रृंखलामा विकास भएको छ । यो लोककथा सरलरेखीयमा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस लोककथामा प्रमुख पात्रको रुपमा नायम रहेको छ भने सहायक पात्रहरुमा सुम्निमा पारुहाङ्ग जेठो सिकारी हुन् । गौण पात्रमा कुहुम, सातजना सिकारीहरु खोक्लिसोक्पा नायमको मावलीहरु चिभे चरा रहेको छन् ।

**(१) नायम**

नायम सुम्निमाको छोरी र कुहुमको बहिनी हुन् । यस लोककथाको कथानक विकासमा नायमको प्रमुख भूमिका रहेको छ । नायम विना यो लोककथा अपुरो रहन्छ । नायम सुम्निमाकी एक्ली छोरी हुन् । सुम्निमाले नायमलाई सिकाउनु पर्ने कुराहरु सबै सिकाएको हुन्छ । तर एकदिन नायम खोलामा नुवाएर ढुङ्गामाथि बसेको बेलामा नायमको कपडाहरु हावाहुरीले उडाएर च्यातिदिन्छ । नायमको लाजको अङ्गहरु देखेर कुहुमले थुकिदिँदा नायम गर्भवती भएकी छ । नायम घर फर्किदा नाङ्गै फर्किएकोले आमाले जुनबाटोबाट आएकी थिइस त्यहीबाटो गईहाल भनेर गाली गऱ्यो । नायम पनि खोलामा

हामफालेर मर्न गयो । हामफाले तर शिकारीहरुले टिप थापेको हुनाले टिपमा परेकोले निकालेर बचाए । त्यही शिकारी मध्ये जेठो शिकारीसंग विवाह गरे । नायम र शिकारीले घर बनाएर बस्ने निधो गरे ।  घर बनाउनको लागि मुल खाँबोको आवश्यकता पर्छ । सोही अनुसार जेठो सिकारीले मूल खाँबो काटेर ल्याए । गाड्दा खेरी उल्टो गाडेकोले नायमले उल्टो भयो भनेर सिकाउँदा नायमको बच्चा खाडलमा परेर मर्‍यो । खाँबो कसैले निकाल्न सकेन् । सबैले भन्यो खाँबोले भोग खायो भनेर ठहर गयो । त्यहीबेला देखि खाँबोले मान्छेको भोग नखाओस भनेर अन्य जनावरको भोग दिने चलन चलेको हो । नायमको प्रमुख भूमिकामा कथानकको विकास भएको छ । त्यसकारण नायम प्रमुख पात्र हो । नायम सत् अनुकूल वद्ध पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश मानव विकासको प्रारम्भिक चरणको नै देखिन्छ । मानव सृष्टि भएपछि उसलाई बस्नको लागि घरको आवश्यकता पर्दछ । यहाँ तितेपातीले बारेर घर बनाएको छ । घर बनाउदा मूल खाँबोको आवश्यकता पर्दछ । जंगलमा गएर खाँबो काटी ल्याएको छ, खाँबो गाड्नको लागि खाडल खनेको छ, चिभे चरा खाँबोमा आएर बसेको, खाँबो गाड्दा खेरी नायमको बच्चा खाडलमा झरेर खाँबोले किची मारेको आदि परिवेशको चित्रण गरिएको छ । जुन परिवेशले मानव विकासको प्रारम्भिक चरणको संकेत गर्दछ ।

**(घ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु' हो । तर पनि मनोरञ्जनको साथ साथै सन्देशमूलक तथा जानकारीमूलक पनि छ । मानव विकासको प्रारम्भिक चरणमा मानवले कसरी घर बनाउन सिके, घरमा मूल खाँबो गाड्न कसरी जाने भन्ने कुराको जानकारी दिएको छ । मूल खाँबो बनाउने क्रममा चिभे चराको पुच्छर जस्तो कापे बनाउनुपर्छ  भनेर मान्छेले चिभे चराबाट सिके । मूलखाँबो गाड्ने क्रममा नायमको बच्चा खाडलमा झरेर खाँबोले किचेर मार्‍यो । त्यसैले मूलखाँबोले मानिसको भोक नखाओस् भन्नको लागि जनावरको भोग दिने चलन चलिआएको कुरा यस लोककथामा आएको छ ।

**ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय आकर्षक रहेको छ । छोटो

छरितो वाक्यहरुमा संरचित छन् । नेपाली भाषाको पूर्वेली भाषिकाको प्रयोग भएको प्रस्तुत लोककथा नेपाली भाषी सबैले सजिलै बोध गर्न सक्छ । पूर्वेली भाषिकाको झर्रो शब्दवलीहरुको प्रयोगले यस लोककथालाई आकर्षक र रोचकता थपेको छ । यस लोककथामा कुनै किसिमको भाषिक जटिलता र दर्वोध्यता छैन । ग्रामीण क्षेत्रका बालकदेखि वृद्धसम्म अपठितदेखि पठित सबैले सहजै ग्रहण गर्न सक्छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक मूल खाँबोको पूजा रहेको छ । यसमा मूलखाँबोको अविस्कार कसरी भयो भन्ने विषयबस्तुको प्रस्तुत भएको छ । घरमा मूल खाँबो गाडेपछि त्यसको पूजा गर्ने शुरुवात कसरी भयो ? र मूलखाँबोको पूजाको विधिविधान बारेमा जानकारी दिएको यस लोककथाको शीर्षक मूल खाँबो पूजा उपयुक्त र सार्थक देखिन्छ ।

## ५.५.११ हेङमावा किराँती लोककथाको विश्लेषण

हेङमावा, किराँती लोकसमुदायमा प्रचलित प्रसिद्ध किराँती लोककथा हो । राई वान्तावा भाषामा रक्सीलाई हेङमावा भनिन्छ । हेङमावाको कथा नै रक्सीको कथा हो । हेङमावा खाएपछि मानिस मात्तेर आफ्नो व्यवहार कसरी परिवर्तन गर्छ भन्ने कुरालाई प्रष्ट पारेको छ ।

**(क) कथानक**

किराँती गाउँको कुरो हो एकजना बुढीको काम हेङमावा बनाउने र बाच्ने थियो । एकदिन हेङमावा बनाउदा बुढीको  हेङमावा झरेन । बुढि सारै चिन्तित भई । दोवालाई जोखाना हेराई । दोवाको जोखाना अनुसार बुढिको घर नजिको पीपलको रुखको दाउरा बनाए हेङमावा झर्छ भने अनुसार बुढिले पीपल ढालेर दाउरा बनाएर हेङमावा बनाउन थालिन् । उक्त रुखमा मैना, सुँगा, सिंह, र सुगुँर बस्ने गर्दथे । रुख ढाल्नु अघि अर्को गाउँमा घुम्न गएका थिए । तर उनीहरु आउदा खेरी पीपलको रुख थिएन । नजिकै बुढीको हेङमावाको भट्टीमा बलिरहेको देखे पछि उनीहरु पीपलको मायाले त्यही भट्टीमा एक पछि अर्को गरी हामफालेर मऱ्यो । बुढीको रक्सी साह्रै झऱ्यो । त्यसपछि उक्त हेङमावा खादा मानिसमा मात्ने गुणको विकास भयो । पहिलो एक घुट्की हेङमावा खादा मान्छे मैना जस्तो बोल्छ अनि फेरि थपेर खाए सुगा झै कुरा फेर्न थाल्छ । जब त्यसभन्दा बढि हेङमावा थपेर खाए सिँह जस्तै झगडा गर्छ । त्यसभन्दा अझ बढ्ता  हेङ्मावा खाए सुँगुर जस्तै जताभावी

सुत्छ भन्ने कथन छ । यसरी यस लोककथा क्रमिक  रुपमा आदि मध्य अन्त्यको श्रृंखलामा विकास भएको छ । यस लोककथा सरलरेखीयमा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस लोककथाको प्रमुख पात्र बुढी रहेको छ भने सहायक पात्रहरुमा मैना, सुगाा, सिह र सुगुर रहेको छ भन्ने गौण पात्रमा दोवा छ ।

**(१) बुढी**

यस हेडमावा लोककथाको प्रमुख पात्र बुढी हुन् । उनको भूमिकामा नै कथानको विकास भएका छ । बुढीको प्रमुख काम भनेको हेडमावा बनाउने र बाच्ने हो । तर एकदिन हेडमावा बनाउदा, हेडमावा झर्दैन र उनी सारै चिन्तित हुन्छ । त्यसको उपाय खोजी गर्ने क्रममा दोवाकोमा पुगेर जोखाना हेराउछ । जोखानाको सल्लाह अनुसार बुढीले घर नजिकको पीपलको रुख ढालेर त्यसमा हेडमावा बनाउदा हेडमावा झर्छ । त्यो पीपलको रुखमा मैना, सुगुर, सिह र सुगा बस्दथे । दाउरा बनाएर हेडमावा बनाएको हुँदा, उक्त हेडमावा भट्टीमा यी चारै पंक्षी जनावर हाम्फालेर मर्छ । बुढीको रक्सी पनि सारै झर्छ । बुढीले पीपलको रुख ढालेर त्यसको दाउरामा हेड्मावा बनाउँदा उता पीपलको रुखमा बास बस्ने सुगा मैना, सिह र सुगुर पीपलको मायाले बुढीको हेडमावाको भट्टीमा हाम्फालेर मरेको हानाले उनीहरुको गुण नै हेडमावा खादा मानिसमा सर्छ भन्ने भनाई छ । यस लोककथाको प्रमुख पात्र बुढी बद्ध पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश किराँती गाउँको कुनै ठाउँ रहेको छ । यकिन गरेर यही ठाउँ तोकिएको छैन । तर उक्त किराँती गाउँमा एकजना बुढी मान्छे छ । उसको प्रमुख काम भनेको हेडमावा बनाउने हो । हेडमावाको लागि घर छेउको पीपलको रुख काटेर हेड्मावा बनाएको छ । उक्त पीपलको रुखमा मैना, सुगा, सिह र सुगुरको बास स्थान रहेको देखिन्छ । बुढीको हेडमावाको भट्टी, भट्टीमा उक्त चार जीवहरु आएर हाम फालेर मरेको आदि परिवेशको चित्रण गरिएको छ ।

**(घ) उद्देश्य**

हेडमावा खाएपछि मानिसको व्यवहार परिवर्तन हुन्छ । हेडमावा पहिलो चोटि एक घुट्की खादा मान्छे मैना जस्तै मीठो बोल्छ, फेरि थपेर खायो भन्ने सुगा जस्तै कुरा

फेर्छ । अझ बढ्ता खायो भन्ने सिंह झै गर्जेर आक्रमण र लडाई गर्न थाल्छ । त्यसभन्दा अझ बढ्ता खायो भन्ने सुगुर जस्तै जहाँ पायो त्यही सुत्छ भन्ने तथ्यलाई बाहिर ल्याएको छ । त्यसैले यस लोककथाले मनोरञ्जनको साथसाथै हेडमावा बढि खायो मान्छेको व्यवहार परिवर्तन पनि हुन्छ । तिनीहरु पशुपक्षीको जस्तै व्यवहार प्रर्दशन गर्छ भन्ने तथ्यलाई बाहिर ल्याएको छ ।

**(ङ) भाषाशैली**

कथालाई श्रोतासम्म ल्याउने माध्यम भनेको भाषा हो भन्ने त्यसलाई प्रस्तुत गर्ने ढङ्ग शैली हो । यस क्रममा यस लोककथामा भाषाशैली सरल सहज र प्रवाहमय रहेको छ । छोटो र छरितो वाक्यमा संरचित छ । कुनै किसिमको भाषिक जटिलता र दुवोध्यता छैन । ग्राम्य क्षेत्रका बालकदेखि लिएर बृद्धसम्म अपठितदेखि पठित सबैको लागि सुवोध्य देखिन्छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक हेडमावा रहेको छ । हेडमावा खाएपछि मान्छे मात्छ । मातेपछि मान्छेको व्यवहार क्रियाकलापमा परिवर्तन हुन्छ । हेडमावा खाएपछि व्यवहार परिवर्तन हुने कारण खोजी गरी स्पष्ट पारेको हुनाले यस लोककथाको शीर्षक सार्थक उपयुक्त देखिन्छ ।

## ५.५.१२ कलचुडाँको कथा लोककथाको विश्लेषण

कलचुडाँको कथा किराँती लोक समुदायमा निकै प्रसिद्ध लोककथा हो । यो पशुपक्षी सम्वन्धी लोककथा हो । यसमा कलचुडाँको कथा रहेको छ । विहान बेलुकी पख कलचुडाँ मीठो आवाज निकालेर गीत गाउँछ । त्यही गीत सुनेर किराँती राजा तसेथिङ प्रभावित भएर कलचुडाँको खोजी गरेर कलचुडाँलाई बकस स्वरुप चुच्चो र खुट्टामा सुन जस्तै सुवर्णमय बनाएको कुरालाई बुढापाकाहरु अहिले पनि बताउँछन् ।

**(क) कथानक**

किराँती वंशमा तसेथिङ्ग नामक राजा थिए । उनी एकदिन बेलुकापख बगैचामा निस्केको बेलामा एक्कासी अनौठो तर सुमधुर लय भएको गीत सुने । उक्त गीतबाट राजा साह्रै प्रभावित भए । त्यो गीत गाउने जीवको खोजी गर्न राजाले आफ्ना सिपाहीहरुलाई खटाए । सिपाहीहरुले यस्तो गीत गाउने जीव खोज्ने क्रममा एउटा भ्यागुतो भेटे । यही

भ्यागुतो हो भनेर सिपाहीहरुले भ्यागुतोलाई सूर्योदय र सूर्यास्त हुनु अगाडि गीत गाउने तँ हो भनी सोध्दा हो भन्यो । सिपाहीहरुले भ्यागुतोलाई दरवारमा पुऱ्याएर राजाको अगाडि गीत गाउन लगाउदा घोक्रो फुलाएर क्रेक क्रेक टर्र टर्र गरेर गीत गाउन थाल्यो । तर राजाले सुनेको गीत त्यस्तो थिएन । राजा रिसाएर त्यसलाई कुकुरको अगाडि राखीदिए । फेरि सिपाहीहरु त्यस्तो सुमधुर गीत गाउने जीवको खोजीमा निस्के । सिपाहीहरुले खोजी गर्दाखेरि एउटा कालो चरा फेला पारे । भ्यागुतोलाई जस्तै प्रश्न सोधियो । उक्त कालो चराले मै हुँ भन्यो । सिपाहीहरुले उक्त कालो चरालाई दरबारमा लगे । दरबारमा पुऱ्याएर राजाको सामू हाजिर गराए । राजाले कालो चरालाई आफ्नो गीत सुनाउन भन्यो । कालो चराले पनि आफ्नो गीत चि चि च्यू मा का, चि चि च्यू म योङ भन्दै गीत गाउन थाले । गीत मन्त्र जस्तै थिए ।  सबैजना मोहित भए । राजा पनि खुशीले गदगद भए । राजाले कालो चरालाई गीतको अर्थ लगाउन लगायो । कालो चराले गीतको अर्थ यसरी लगायो । 'सानो भाग्य लिएर जन्मेको हुँ  तापनि मेरो भविष्य त ठूलो नै गरिदिनुहोस भनी साँझ विहान म भगवान्को प्रार्थना गर्दछु र भगवानकै ध्यानमा म साँझ विहान मस्त रहन्छु ।' गीतको अर्थ बुझेर राजा खुशी भए । राजाले हुकुम दिए आफ्नो भाई भारदारहरुलाई भगवानको विहान बेलुका जपना गरुन् । एउटा सानो चरा भएर पनि यसले मानिस जातिका लागि ज्ञान दिएको हुनाले पुरस्कार स्वरुप यसको चुच्चो र खुट्टा सुवर्णमय बनायो । त्यस चराको नाम कलचुडाँ   रहयो । यसरी यस लोककथाको कथानक क्रमिकताको साथ आदि मध्य अन्तयको श्रृंखलामा विकास भएको छ । यो लोककथा सरलरेखीयमा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस लोककथामा मानवीय र मानवेतर पात्रहरुको सहभागिता देखिन्छ । मानवीय पात्रमा, तसेथिङ राजा, तसेथिङका मन्त्रीहरु र सिपाहीहरु रहेको छन् । मानवेतर पात्रमा कलचुँडा रहेको छ । तसेथिङ राजा यस लोककथाको प्रमुख पात्र हुन् । तसेथिङ राजा एउटा सानो चरोको गीतबाट प्रभावित भएर उक्त चराको खोजी गरेर चराको गीतको अर्थ खुट्टाउन लगाएको छन् । चराको गीतको अर्थ बुझेर तसेथिङ राजाले आफ्ना भारदारहरुलाई विहान बेलुका एकपल्ट भगवानको नाम जपना गरुन् भनी हुकुम दिए । सानो चराले यस्तो ज्ञान सिकाएको हुनाले चराको चुच्चो र खुट्टा सुवर्णमय बनाइदिए । यस लोककथाको

सहायक पात्र कलचुँडा हो । कलचुँडा चरा भएर पनि विहान बेलुकी भगवानको नाम जपना गर्छ । कलचुँडाको आर्दशबाट राजा पनि प्रभावित भए । त्यसैले कलचुँडालाई आर्दश पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

**(घ) परिवेश**

यस लोककथाको परिवेश तसेथिङ राजाको दरबार, बगैंचा, सूर्योदय र सूर्यास्त भएको साथ विहानको समय आदि परिवेश चित्रण भएको छ । यस लोककथाको परिवेश अधिकांश दरबार वरिपरि घुमेको छ । दरबारको राजारानीको कोठा, दरबारको बगैंचा, ठाउँ, राजाको सभा बस्ने ठाउँ, कालो चरा, भ्यागुतो खोजेको ठाउँ आदि परिवेश आएको छ । यस लोककथाको परिवेश राजदरबारको वरिपरि नै केन्द्रित भएको देखिन्छ ।

**(ङ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु नै हो । तर पनि मनोरञ्जनको साथ साथै शिक्षाप्रद तथा सन्देशमूलक पनि देखिन्छ । राम्रो कुरा सबैबाट सिक्नुपर्छ भन्ने सन्देश रहेको छ । तसेथिङ्ग राजाले कलचुडाको गीतबाट प्रभावित भएर आफ्ना भारदारहरुलाई पनि विहान बेलुका एकचोटि भगवानको नाम जपना गरुन् भनी हुकुम दिएको छ । त्यसकारण राम्रो कुराको अनुकरण सबैबाट गर्नुपर्छ भन्ने रहेको छ ।

**(च) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय रहेको छ । छोटा र छरितो वाक्यमा संरचित छ । यस लोककथामा कुनै किसिमको भाषिक दुवोध्यता र जटिलता छैन । ग्रामीण क्षेत्रका सबैले सजिलै वोध गर्न सक्ने देखिन्छ ।

**(छ) शीर्षक**

यस लोककथाको शीर्षक कलचुडाँको कथा रहेको छ । यसको शीर्षक अनुसार नै कलचुडाको कथा नै रहेको हुनाले यसको शीर्षक सार्थक र उपयुक्त नै देखिन्छ ।

## ५.५.१३ टुवा र टुप्पासा  लोककथाको विश्लेषण

टुवा र टुम्पासा लोककथा पशुपक्षीसम्बन्धी लोककथा हो । टुवा र टुम्पासा वान्तावा भाषामा कालिज र बनढाडे हो । यी दुबै मीत हुन् । तर यी दुबै बीच वैमनस्यता रहेको छ ।

**(क) कथानक**

टुवा र टुम्पासा मीत हुन् । उनीहरु एकआपसमा पर्म गरी एक अर्कोलाई सगाउने गर्दथे । यसक्रममा वनढाडे कालिजको बारीमा काम गर्न आयो । काजिलले आफ्नो पोथीको फूल फकाएर बनढाडेलाई खान दियो । बनढाडेले कालिजको फूल खाएपछि मनमनै विचार गऱ्यो । यसको फूल यति मीठो भने यसको मासु झनै मीठो होला । अर्को दिन कालिज बनढाडेको बारीमा काम गर्न गयो । बनढाडे घरमा खाजा बनाउन गयो । तर घरमा खानेकुरा केही थिएन । वनढाडेले एकछिन विचार गऱ्यो । अनि बल गरेर अलिकती दिसा गऱ्यो । त्यही दिसालाई पातमा पोका पारेर कालिजलाई लगेर दियो । तर कालिजले खाएन् । बेलुका काम सकेपछि कालिजले वनढाडेलाई भन्यो पर्म खेल्न छोडौ । केही टाढा जानुपर्ने भयो । वनढाडेले कालिजलाई बाटोमा ढुकेर मारेर खाने विचारले सोध्यो कतातिर जानु हुन्छ भनेर सोध्यो । कालिजले पनि म बेंसीतिर घुम्न जान्छु भन्यो । तर कालिज बेंसी नगई लेकतिर गयो । वनढाडेले कालिज हिडने बाटोमा धराप धापेर ढुक्यो । तर कालिज आएन । बेलुका कालिजको घरमा गएर सोध्यो । आज मीतसँग घुम्न जाऔ भनेर बाटोमा पर्खे तर आउनुभएन र कालीजले भन्यो, बाटो फेरो पऱ्यो होला । भोलि कतातिर जानुहुन्छ भनी वनढाडले सोध्यो । कालिजले भन्यो लेकतिर जान्छु तर बनढाडेले विचार गरेर बेसी जाने बाटोमा धराप थापेर ढुक्यो । कालिज पनि गीत गाउँदै लेक तिर  नगई बेसी झर्दै थियो । धरापमा पऱ्यो । बनढाडेले पनि समाती हाल्यो । कालिजले वनढाडेलाई सोध्यो के खान्छौँ त । बनढाडेले पनि खान त समातेको त भन्यो । कालिजले पनि एउटा उपाय सोच्यो र भन्यो । अब मलाई खाने नै भयो । त्यसैले कोसीमा लगेर वालुवामा गाड् अनि तिमी कोसीमा मुख धुएर खाऊ भन्यो । बनढाडेले पनि कालिजको भने जस्तै गऱ्यो । बनढाडे कोसीमा मुख धोएर आउँदा कालिज बालुवाबाट निस्केर पखेटा भ्याट् भ्याट् गर्दै वनढाडेको आँखामा वालुवा लगाईदिएर कोसी पारि उडेर गयो । एउटा रुखको हाँगामा बस्यो । बनढाडे हेरेको हेरै भयो । यसरी यस लोककथाको कथानक विकास भएको छ । कथानक आदि मध्य र अन्त्यको श्रृंखलामा नै विकास भएको छ ।

**(ख) पात्र**

यस लोककथामा सीमित पात्र रहेका छन् । मानवेतर पात्र कालिज र वनढाडे रहेका छन् । यी दुबै मुख्य पात्र हुन् । यस लोककथामा अन्य पात्रहरु आएका छैनन् ।

कालिज र वनढाडे मीत हुन् । उनीहरु खेतीको समयमा एकआपसमा पर्म गर्छन् । पर्म गर्ने क्रममा कालिजले वनढाडेलाई खाजाको रुपमा आफ्नो पोथीको फूल वनढाडेलाई पकाएर दियो । फूल बनढाडेलाई सारै मिठो लाग्यो । मासु झन मिठो होला भने सोच्यो । कालिजलाई मारेर खाने विचार गऱ्यो त्यसै क्रममा कालिज घुम्न जाने भयो । वनढाडेले कालिजलाई बाटो ढुकेर मारेर खाने विचार गऱ्यो । कालिज पनि बेसितिर जान्छु भनेको बेलामा लेकतिर जान्थ्यो । लेकतिर जान्छु भन्दाखेरि बेसितिर जान्थ्यो । एकदिन कालिजलाई वनढाडेले बाटो ढुक्यो । कालिजलाई समात्यो । कालिज र वनढाडे मीत साथी भए पनि वनढाडे कालिजको फूल खाएपछि कालिजमाथि नकारात्मक दृष्टिकोण राख्ने दृष्ट प्रतिकूल असत् पात्रको रुपमा चित्रित छन् । यस लोककथामा कालिज र वनढाडे दुबैको भूमिका बराबर छ । त्यसैले दुबै मुख्य पात्र हुन् ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश यही ठाउ हो भनी तोकिएको छैन । तर कथानक विकास हुनेक्रममा क्रमिक रुपमा कथाको परिवेश पनि खुलेको छ । कालिज र वनढाडे बीच पर्म गरी काम गर्ने खेतवारी कालिज र वनढाडेको घर, कालिज लेक र बेसी गर्ने बाटो, कोशीको बालुवाको किनार, कोशी पारी आदि परिवेशहरु आएको छ ।

**(घ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु हो । तर मनोरञ्जनको साथसाथै सन्देशमूलक तथा शिक्षाप्रद पनि छ । कसैले कसैमाथि नकारात्मक दृष्टिकोण राख्नु आफ्नै लागि हानी नोक्सानी हो भन्ने कुराको संकेत गरेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय रहेको छ । छोटा र छरितो वाक्यमा संरचित छन् । यस लोककथाको केही राई वान्तावा भाषाको वाक्यहरु पनि आएको छ । जसमाः एवा खाना खानी उखायाङ (साथी तिमी कता जान्छौं ?) लाङली युनी खायाङा (बेसीतिर जान्छु) आबो खाना आसा उसेक्ङा चाङाडा मोलो (साथी मलाई मारेर खान्छौं त)

ओदा मान्चादाङ कोशी चुम्दा खाताङ किना वाखाडा खुम्ताङकि आम्दो बासुवा कि सेराङचाङ (यहाँ मलाई नखाऊ कोशी किनारमा लगेर वालुवामा मलाई गाड र कोशीमा

मुख धुएपछि मलाई खाऊ) यी वान्तवा भाषाको वाक्यहरुले यस लोक कथाको रोचकता कौतुहलता प्रदान गरेका छन् ।)

**(च) शीर्षक**

यस लोककथाको शीर्षक टुवा र टुम्पासा रहेको छ । टुवा र टुम्पासा वान्तावा भाषामा कालिज र बनढाडे हुन्छ । यी दुबै जीव मीत हुन् । यी मीतहरुको कथा नै टुवा र टुम्पासाको कथा हो । यी दुबै मुख्य पात्र भएको हुनाले यसको शीर्षक सार्थक र उपयुक्त नै देखिन्छ ।

## ५.५.१४ देवता- मानिस लोककथाको विश्लेषण

पहिले पहिले सभ्य जाति आफूलाई देवता ठान्थे भने सभ्य नभएकोलाई मानिस ठान्थे । मानिस जातिमा जो बदमास हुन्छ । तिनीहरुलाई देवता मानिसहरु राक्षस भन्थे । साधारण मानिससँग ज्ञान हुदैन भनेर देउता मानिस नाता जोड्दैनन् । यस लोक कथामा देवता मानिस र साधारण मानिसको बीचमा नाता कायम भएको छ । तर दीर्घ रुप लिन सकेको छैन ।

**(क) कथानक**

धेरै पहिले दुई किसिमका मानिस बस्तथे । सभ्य आफूलाई ठान्ने देवता र असभ्यलाई मानिस भन्थे । देवता मानिसहरु साधारण मानिससँग नाता जोडदैन थियो । देउता मानिसहरु  साधारण मानिसँग नाता जोड्दैनथ्यो । साधारण मानिसहरु अज्ञानी हुन्छ भन्थ्यो । देवता मानिसहरु तान्त्रिक ज्ञानद्धारा साधारण मानिसलाई चमत्कार देखाउथे । उनीहरु युद्ध गर्नुपर्दा उडीउडी हजारौं बाणको वर्षा गराउन सक्थे । देवता मानिसहरु प्राय साधारण मानिसको नै क्रियाकलाप गदथे । एकदिन देवता मानिसको छोरी र साधारण मानिसको छोरा बीच मायाप्रिति बसी गर्न्धव विवाह भयो । देवता मानिसहरुले यी कुरा सुनेर औलमा आएर केटाकेटीको खोजी गरेर दस्तुर बमोजिम विवाह गरिदियो । ज्वाँईलाई लेकतिर बोलायो । ज्वाँई पनि लेकतिर गयो । लेकाली हावापानी सारै चिसो थियो । तर खानपान दवाई बुटीले खासै जाडो भएन । ससुराले ज्वाँईलाई सोध्यो औलमा कस्तो किसिमको सिकार पाइन्छ ? ज्वाँईले भन्यो मृग जरायो चितल आदि पाइन्छ । ससुराले भन्यो हिउँको सिकार देखेको छैनौं होला । सिकार गर्ने गौंडामा ढुकेर बस्नुहोला । हामी सिकार लखेटेर झार्छौं । ज्वाँईले यसलाई नउम्काउनु होला । ससुराको कुरा सुनेपछि काडँ धनु ठीक

पारी तादो चढाँई गौंडामा ढुक्न गयो । सिकार सिकार आयो भन्ने शब्द सुन्यो । ऊ चनाखो भएर ढुक्यो । तर केही पनि देखेन । अन्त्यमा एउटा चरा आयो । मुस्टे चरोलाई धनुले हिर्काएर  मार्‍यो र जाबीमा राख्यो । एकछिनमा देवता मानिसहरु आएर सिकार आएन भनी सोधे । साधारण मानिसले देखिन भन्यो । उनीहरुले सिकारको गन्ध खोजी गर्नथाले । ज्वाँईले आफ्नो जावीमा भएको मुस्टे चरा देखायो । यत्रो सिकार लुकाएको देखेर देवता मानिसहरु छक्क पर्‍यो । चराको छाला काटेर विलो बाँडे । ज्वाँईको भागमा मुस्टेको फिला पर्‍यो । ज्वाँई रिसले चुर भयो । घरमा उसको पत्नी तान बुनिरहेको थियो । तेरो माइतीको सिकार भनेर मुस्टेको फिला फ्याँकी दियो । मुस्टेको फिलाले उसकी स्वास्नीको फिला ठनक्कै भाँचियो । ऊ छक्क पर्‍यो। विहान उठेर ससुराली गाउँमा पुगेर आफ्नो घरको दुदर्शा बतायो । ससुरा पनि तुरुन्त औंलमा आई आफ्नो छोरीको उपचार जडीबुटि तन्त्रमन्त्रबाट गर्‍यो । निको बनाइहाल्यो । साधारण मानिसले देवता मानिससँग छुटिने विचार गर्‍यो । तर देवता मानिसले ज्वाई साधारण मानिसलाई सम्झाउदै भन्यो सम्बन्ध जोडिहाल्यौ छुटिने कुरा नगर । एकचोटि छुटिएपछि फेरि सम्बन्ध जोडिन्दैन भनेर सम्झायो । तर साधारण मानिसले उक्त कुरालाई अगाडि बढायो । अन्त्यमा साधारण मानिसलाई देवता मानिसले भन्यो । पाँच महिनापछि हामी आउछौं, त्यसबेला निर्णय गरौं भन्यो । पाँच महिनापछि देवता मानिसहरु औलमा झर्‍यो । ज्वाँईले छुटिने नै निर्णय गरेको हुनाले देवता मानिसले पाँच हात लामो रेशमी कपडाको एक छेउ देवता मानिसलाई अर्को छेउ अर्को देवता मानिसलाई समात्न लगाए । उत्तरपट्टि देवता मानिसको सन्तान बसे भने दक्षिणी पट्टि साधारण मानिसका सन्तान बसे । त्यसरी हेर्दाहेर्दै देवता मानिस अल्पिए । यसरी यस लोककथाको कथानक विकास आदि मध्य अन्त्यको श्रृंखलामा विकास भएको छ । यो लोककथामा सरलरेखीय प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस लोककथामा देवता मानिस साधारण मानिस, देवता मानिसको छोरी, साधारण मानिसको छोरा ससुरा अन्य देवता मानिसहरु र साधारण मानिसहरु आएको छ । यस लोककथाको प्रमुख पात्रहरुमा जुवाई नै प्रमुख रहेको छ । उनको भूमिकामा नै कथानकको विकास भएको छ । सहायक पात्रहरुमा देवता मानिसहरु, देवता मानिसको छोरीहरु रहेको  छ ।

(१) **ज्वाँई**

ज्वाई यस लोककथाको प्रमुख पात्र हो । ऊ साधारण मान्छेको छोरो हो । ऊ साधारण मानिसको छोरा भए पनि देवता मानिसको छोरीलाई नाचगानबाट प्रभावित पारेर विवाह गर्छ । ऊ साधारण मानिस र देवता मानिसको बीचमा सम्बन्ध जोड्ने पहिलो साधारण मानिस देखिन्छ । देवता मानिसले आफ्नो बासस्थान लेकतिर बोलाउछ । ऊ लेकतिर जान्छ । लेकको चिसो हावापानी ,भए पनि देवता मानिसको खानपान जडीबुटिले खासै प्रभाव पार्दैन । देवता मानिस ससुराले औलमा कस्तो किसिमको सिकार पाउछ भनेर सोध्दा जरायो मृग थार पाउछ भन्छ केही महिनापछि हामी सिकार लखेट्दै ल्याउछौ । तिमीले आफ्नो सिकार ढुक्कने गौडामा ढुक्नु कुनै हालतमा नछोडनुहोला भन्यो । ज्वाईले पनि त्यही गरे । तर सिकारको नाममा एउटा मुस्टे चरा फेला पऱ्यो । त्यही मुस्टे चरा माऱ्यो । देवता मानिसहरुले मुस्टो चराको विलोको भाग लगायो भाग लगाउदा जुवाईको भागमा मुस्टेको फिला पऱ्यो उ रिसाएर मुस्टेको फिला आफ्नो स्वास्नीलाई फालिदिदा मुस्टेको फिलाले उसकी स्वास्नीको फिला भाचियो । उ देवता मानिससँग सम्बन्ध जोडिने साधारण मानिस हुन् । तर आफ्ना व्यवहारमा परिवर्तन हुन नसकेको हुनाले देवता मानिससँग सम्बन्ध तोडेको देखिन्छ ।

(२) **देवता मानिस**

देवता मानिस यस लोककथाको सहायक पात्र हो । देवता मानिस देवता मानिसहरुको प्रतिनिधि पात्र हो । देवता मानिस साधारण मानिसहरुलाई जादुटुना गरेर चमत्कार देखाउने गर्दथे । युद्धगर्नु पऱ्यो भने उडी उडी वाणको वर्षा पनि गराउन सक्थे । देवता मानिसले आफ्नो छोरी साधारण मानिसको छोरासँग सम्बन्ध गाँसेको हुनाले खोजी गरेर आफ्नो परम्परा अनुसार विवाह पनि गरिदिन्छ । साधारण मानिसलाई आफ्नो जस्तै ज्ञानगुणको कुरा सिकाउन चाहान्छ । मुस्टेको फिला दिन्छ । तर साधारण मानिसले त्यसलाई अस्वीकार गर्दछ । उक्त मुस्टेको फिला स्वीकार गरेको भए साधारण मानिस पनि देवता मानिस जस्तै बन्ने थियो । तर साधारण मानिसले स्वीकार गरेनन् । साधारण मानिस र देउता मानिस विचको गाँसिएको सम्बन्ध पनि त्यतिकै तोडियो । अन्त्यमा देवता मानिसहरु अलप भई गए देवता मानिस यस लोककथाको सत् अनुकूल पात्रको रुपमा चित्रिण गर्न सकिन्छ ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश निश्चित तोकिएको छैन । तर पनि कथानकको विकास हुनको लागि परिवेशको आबश्यक पर्दछ । यस लोककथाको परिवेशमा विभिन्न ठाउँहरु आएको छ ।  पानी, पँधेरा, रत्यौली खेल्ने ठाँउ, देवता मानिस र साधारण मानिले तरुल खनेको ठाँउ, नाचगान र भेटघाट गर्ने ठाँउ, देवताहरु बस्ने लेकाली क्षेत्र, साधारण मानिस बस्ने औल, देवता मानिस र साधारण मानिसले सिकार खेल्ने गौडा, ससुरा देवता मानिसको घर, साधारण मानिस जुवाँईको घर, साधारण मानिसकी पत्नीले तान बुन्नेको ठाँउ देवता मानिस अल्पिएको ठाँउ आदि परिवेश यस लोककथामा चित्रित भएको छ ।

**(घ) उद्देश्य**

यस लोककथाको मूल उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नू नै हो । तर मनोरञ्जनका साथसाथै यस लोककथाले विभिन्न सन्देशहरु पनि प्रवाहित गरेको छ । यस लोककथामा देवता मानिस साधारण मानिस बीचको सम्बन्ध कायम भए पनि लामो समयसम्म टिकाउ हुन सकेको छैन । जुन देवता मानिसहरुको व्यवहार र क्रियाकलाप साधारण मानिसलाई मनपरेको छैन । त्यसकारण देवता मानिस र साधारण मानिसलाई बीच जोडिएको सम्बन्ध पनि टुट्न गएको छ । देवता मानिसहरु आफूलाई ज्ञानी ठानेको छ भन्ने साधारण मानिस अज्ञानी अबौद्धिक ठानी त्यस्तै किसिमको व्यवहार प्रर्दशन गरेको हुनाले देवता मानिसदेखि साधारण मानिस सम्बन्ध तोडन बाध्य भएको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय आकर्षक छ । छोटा छरितो वाक्यमा संरचित रहेको छ । यस लोककथामा नेपाली भाषाको स्थानीय भेदहरु पनि रहेको छ । जस्माः औंलिया (बेंसी) जुवाँई (ज्वाँई) दवाई बुट्टी (औषधी) नानाभाँती (अनेक कुरा) यत्रो (धेरै) आदि शब्दहरु प्रयुक्त भएको छ । यस लोककथामा नेपाली भाषाको पूर्वेली भाषिकाको श्रोता, पाठक साथै नेपाली भाषा बोल्ने पाठक, श्रोताले सहज रुपमा बोध गर्दछ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक देवता मानिस रहेको छ । यस लोककथाको कथानक देवता मानिसमा नै केन्द्रित भएर विकास भएको छ । यस लोककथामा देवता मानिस र

साधारण मानिस बीच सम्बन्धको विकास र सम्बन्धको अन्त्यको कथानक रहेकोले यस लोककथाको शीर्षक सार्थक उपयुक्त नै देखिन्छ ।

### ५.५.१५ बुढासुब्बा लोककथाको विश्लेषण

बुढासुब्बा किराँती लोककथा विशेष गरी किराँती लिम्बू समुदायमा प्रचलित किराँती लोककथा हो । यस लोककथालाई साहस र बहादुरी अर्न्तगत वर्गीकरण गरिएको छ । यस लोककथा विभिन्न पाठगत भिन्नता पनि पाइन्छ । कुनै कुनै लोककथामा पाठगत भिन्नता मात्र पुरै मुलभाव भन्दा भिन्न पनि भेटिएको छ ।

**(क) कथानक**

पहिले तोते र सेग्रो नामका दाजुभाई सिकारी थिए । बिजयपुरको जंगलमा सिकार खेल्दै एकदिन आइपुगे । त्यसक्रममा तोते पूर्ववाट र सेग्रो पश्चिमबाट जंगलभित्र पसे । सेग्रो शिकार खोज्दै जाँदा ठूलो बाघसँग भेट भयो । बाघले सेग्रोलाई झम्टियो । सेग्रोले पनि तीर हानेर बाघलाई घाइते बनायो । त्यसपछि बाघ र सेग्रोको लडाँई चल्यो । आखिरमा सेग्रोले घाँटीमा तीर रोपेर मार्‍यो । बाघले टोकेको र चिथोरेको हुनाले सेग्रो पनि मर्‍यो । उता दाई तोते पूर्वबाट सिकार खोज्दै आउदा बाघ र भाई मरेको देख्यो । भाई मरेकोले तोते छाती पिट्दै रुन थाल्यो । भाई मरेको हुनाले घरमा भाइमाराको आरोप लाग्ने डरले घर नगई हिमालतिर गयो । यता घरमा तोते र सेग्रोको आमा लोस छोराहरु बाटो हेर्दै बस्यो । धेरै समय छोराहरु घर नआएकोले लोस छोराहरुको खोजीमा जंगलमा आए । जंगलमा आउदा सेग्रोको कपडा भेटे । त्यसपछि छोराहरुलाई केही भएको ठानी छोराहरु खोज्दै जाँदा बाघ र सेग्रोको हड्डी भेटाइन् । त्यसपछि आफ्नो छोराको दाहसंस्कार गर्न चिहान बनाए । चिहानमाथि धनुकाँड गाडिन् । एकदिन छोराहरुको सम्झना आएको हुनाले लोस छोराको चिहान हेन बिजयपुर डाँडामा आए । गाडिएको छोराको धनुकाडँबाट टुप्पो विनाको वासँ उम्रेको देखिन् । वासँ उम्रेको देखेपछि छोरा जीवित रहेको ठानी ढुङ्गाको मूर्ति बनाई पूजा गरिन् । त्यै मूति नै पछि बुढासुब्बा भयो । यसरी यस लोककथाको कथानक क्रमिकताको साथ आदि, मध्य, अन्त्यको श्रृंखलामा विकास भएको छ ।

**(ख) पात्र**

यस लोककथाको प्रमुख पात्र सेग्रो हुन भन्ने सहायक पात्रहरु तोते र लोस रहेको छन् । यी तीनै जनामा नै कथानक केन्द्रित भई विकास भएको छ ।

(१) **सेग्रो**

यस लोककथाको प्रमुख पात्र सेग्रो हुन् । सेग्रो तोतेको भाई र लोसको कान्छो छोरा हुन् । सेग्रो ठूला सिकारी हुन् । आफ्नो दाजु तोतेसँग बिजयपुर डाँडामा सिकार गर्नु आउदा भयंकर ठूलो बाघलाई तीर हानी मार्छ । सेग्रो पनि बाघसँगको घमासन हुँदा सक्दो घाइते हुन्छ । उनी पनि मर्छ । सेग्रोको आमा आफ्नो छोरा घरमा धेरै समय नआएको हुनाले जंगलमा खोजी गर्दै आउदा सेग्रो मरेको भेटछ । त्यही चिहान बनाएर दाहसंस्कार गर्छ । चिहानमाथि सेग्रोको धनुकाँड गाडिदिन्छ । पछि त्यहि धनुकाडबाट टुप्पो विनाको बास पलाउछ । बास पलाएको हुनाले सेग्रो जीवित रहेको ठानी बुढासुब्बाको थान बनाई पूजा गर्न थालियो । एकातिर सेग्रो वीर पुरुष पनि देखिन्छ भन्ने उनको वीरताको प्रतिक स्वरुप बुढासुब्बा थान पनि देखिन्छ । त्यसैले सेग्रो ऐतिहासिक पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

(२) **लोस**

यस लोककथाको सहायक पाात्र लोस हुन् । लोस तोते र सेग्रोको आमा हुन् । उनी छोराहरु धेरै समयसम्म घर नफर्कीएर पछि छोराहरुको खोजीमा जंगल जान्छ । जंगलमा छोरा मरेको भेटी छाती पिटी पिटी रुन्छ । छोराको अन्तिम दाहसंस्कार गर्छ । छोराको चिहान माथि धनुकाँड गाडेर आउछ । पछि छोराको सम्झना आउदा फेरि जंगलमा आउछ । जंगलमा आएर छोराको चिहानमाथि गाडेको धनुकाँडबाट टुप्पो विनाको बाँस पलाएको देखेर छोरा जीवीत रहेको ठानी, थान बनाएर पूजा गर्न थाले । यसरी लोसले आफ्नो छोरा जीवित रहेको ठानी थान बनाएर पुजा गर्ने परम्परा शुरुवात गरेर आफ्नो छोरालाई अमर तुल्याएको हुनाले लोसलाई मातृवत्सलय र ममतामयी सत् अनुकूल पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

(ग) **परिवेश**

यस लोककथाको परिवेश सुनसरीको विजयपुर डाँडामा केन्दित भएर कथानकको विकास भएको छ । बिजयपुर डाँडामा रहेको जंगल, उक्त जंगलमा सेग्रो र तोते सिकार खेल्न आएको ठाउँ, सेग्रो र बाघको युद्धभई सेग्रोले बाघ मारेको ठाउँ, सेग्रो आफै घााइते भएर मरेको ठाउँ, सेग्रोको चिहान भएका ठाउँ दाई तोते हिमालतिर गएको हिमाली क्षेत्र, आदि परिवेश यस लोककथामा चित्रण गरिएको छ ।

**(घ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु नै हो । तर पनि मनोरञ्जनको साथ साथै सुनसरी बिजयपुर डाँडामा रहेको बुढासुब्बाको थान कसरी उत्पति भयो भन्ने बारेमा जानकारी दिनु मुख्य रुपमा रहेको छ । बुढासुब्बा मन्दिर वरिपरि रहेको टुप्पा विना बासँको उत्पति कसरी भयो भन्ने बारेमा जानकारी दिएको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय आकर्षक रहेको छ । छोटा छरिता वाक्यमा संरचित छ । कुनै किसिमको भाषिक दुर्वोध्यता र जटिलता छैन । ग्राम्य क्षेत्रको बालकदेखि बुद्धसम्म अपठितदेखि पठित सम्म सबैले सजिलै बोध गर्न सक्छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक बुढासुब्बा रहेको छ । यस कथाको प्रमुख पात्र सेग्रो हुन् । उनी वीर र साहसीको पयार्यको रुपमा देखिन्छ । उनको बाघसँग घमासन युद्धमा घाइते भई मृत्यु भयो । सेग्रोको आमाले सेग्रोको चिहान बनाएर दाहसंस्कार गरे । त्यस चिहानमाथि सेग्रोको धनुकाँड गाड्यो त्यही धनुकाँडबाट टुप्पाविनाको बाँस पलाएको हुनाले उनको आमा लोसले छोरा जीवित रहेको ठानेर थान बनाई पूजा गर्न थाले । त्यही थान बुढासुब्बाको नामले परिचित भयो त्यसकारण यस लोककथामा बुढासुब्बाको उत्पति बारेमा प्रष्ट पारिएको हुनाले शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

### ५.५.१६ मुजिङना खेयोङना लोककथाको विश्लेषण

मुजिङना खेयोङना लिम्बू समाजमा प्रचलित किराँती लोककथा हो । लिम्बू समदायका बुढापाकाहरु भन्छ मानव सृष्टिको क्रममा सबभन्दा पहिले मुजिङना खेयोङना नामक स्त्रीको सृष्टि भयो । यही स्त्रीको कथा नै मुजिङना खेयोङनाको कथा हो ।

**(क) कथानक**

मानव सृष्टिको कममा मुजिङना खेयोङनाको सृष्टि भयो । उनी बिस्तारै वयस्क हुदै गई । उनलाई कामदेवले सताउदै गयो । उनी लोग्नेको खोजीको उत्तरदक्षिण देशतिर गइन तर कतै पनि लोग्ने भेटिन् । उनी बौलाही जस्ती भइन् । एकदिन आफ्नो बायाँ खुट्टा रुखमा चढाएर गीत गाउँदै गरेको बेलामा बायुले कसैको वीर्य उडाउदै ल्याएको हुनाले उनी गर्भवती भइन् । दश महिनापछि छोरा जन्मियो । लोग्ने विनाको छोरा जन्माएकोले खलबली

मच्चियो । मुजिङना खेयोङनाले वायुबाट गर्भवती भएको कुरा बताइन् । बालक जन्मेपछि वालकको न्वारान गरी बालकको नाम सुसुलालावेप्पा राखियो । सुसुलालावेप्पाको एक्कासी बजन घटयो । मुजिङना खेयोङना चिन्तित भई तागेरा निङवाफूमासँग सोध्यो । तागेरा निङवाफूमाले सराको पातको ओछ्यानमा सुताए बालक बढ्ने कुरा बताए । सोही अनुसार उनले गरिन् । वालक दिनप्रतिदिन बढ्दै गयो । तीनवर्ष पुगेपछि फितकौली खेल्ने र भिंगा कीरा फटेङग्रा चरा मारी त्यसको मासु खानुहुन्छ हुदैन भनेर सोध्न थाल्यो । आमाले पनि खानु हुने नहुने बताउथे । दशवर्ष पछि उसले धनुवाँण मागे आमाले भन्यो म धनुवाण बनाउन जान्दिन । तर तिमी हाम्फारी माथि इम्विरी भन्ने ठाँउमा जाऊ र त्यहाँ आफैले धनुवाण बनाउन सिक् भन्यो । उसले त्यही गएर धनुवाण बनाउन सिक्यो । त्यसपछि रुखमा बसेको भाले पोथी जुरेलीमध्ये भाले जुरेलीलाई बाँण हानी मार्‍यो । मारेको जुरेली आमालाई देखाएर सोध्यो यो खानुहुन्छ की हुदैन भनेर आमाले खानु हुन्छ भन्यो । तर तिमीले दुबै मारेको भए पाप लाग्ने थिएन् । भाले मारेकोले अब मानव समाजमा विधुवा प्रथा कायम भयो भनेर आँसु खसालेर रुन थाल्यो । यसरी यस लोककथाको कथानक क्रमिकताको साथ आदि, मध्य र अन्त्यको श्रृंखलामा विकास भएको छ ।

**(ख) पात्र**

यस लोककथा मानव सृष्टिको प्रारम्भिक चरणको हो । त्यसैले यस लोककथामा प्रत्यक्ष रुपमा मुजिङना खेयोङना मा।त्र सहभागी छ भने अप्रत्यक्ष रुपमा तागेरा निङवाफूमा रहेको छ । यस लोककथाको प्रमुख पात्र मुजिङना खेयोङना हो । सहायक पात्रमा सुसुलालावेप्पा र गौण पात्रहरु तागेरा निवाङफूमा जुरेली चराहरु पनि सहभागी भएको छ ।

**(१) मुजिङना खेयोङना**

उनी यस लोककथाको प्रमुख पात्र हो । मुजिङना खेयोङना सुसुलालावेप्पाको आमा हुन् । उनले लोग्ने विना नै वायुको माध्यमबाट वीर्य ग्रहण गरेर सुसुलालावेप्पालाई जन्माएको छ । उनले आफ्नो छोराको राम्रोसँग हेरचाह गरेको देखिन्छ । छोराको जिज्ञाशालाई समाधान गरिदिएर आफ्नो भूमिका निर्वाह गरेकी छन् । तर छोरालाई उचित शिक्षा दिन सकेको छैन् । किनकि छोराले जुरेलीको भाले मारेपछि पछुताएको देखिन्छ । उनी यस लोककथाको सत् अनुकूल बद्ध पात्रको रुपमा प्रयुक्त छन् ।

(२) **सुसुलालावेप्पा**

यस लोककथाको सहायक पात्र सुसुलालावेप्पा हो । उनी मुजिङना खेयोङनाको छोरा हुन् । उनी जन्मेको चार दिनमा नामकरण संस्कार गरिएको छ । उनी जन्मेको तीन महिना पछि एक्कासि बजन घटेकोले आमा निकै चिन्तित भएकी छन् । तर तागेरा निङवाफूमाले सरोको पातको ओछ्यानमा सुताउनु भनेपछि उसको स्वास्थ्यमा सुधार आएको देखिन्छ । तीन बर्ष पुगेपछि सिकार गनथालेको देखिन्छ । उनलाई दश वर्षपछि धनुकाँडको आवश्यकता पर्दछ । धनुकाँड बनाउन सिकेर जुरेलीको भाले पोथीमा भाले मारिदिन्छ । तर उनको यस कृतहनताको कारण आमा दुःखी हुन्छ । त्यसैले उनलाई असत् प्रतिकूल पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

(ग) **परिवेश**

यस लोककथाको परिवेश निश्चित तोकिएको छैन । तर पनि कथानकको विकासक्रममा परिवेशको चित्रण भएको छ । मुजिङना खेयोङना वयस्क भएपछि लोग्नेको खोजीमा उत्तर दक्षिण देश गएको परिवेश, रुखमा चढेर सुसेली खेलेको परिवेश, सुसुलालावेप्पा जन्मिएको ठाउँ परिवेश ढाँड परेको भीर, हाम्फारी माथि इम्बिरी भन्ने ठाउँ, सिकारको लागि गएको ठाउँ आदि परिवेश यस लोककथामा आएको छ ।

(घ) **उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु नै हो । तर पनि मनोरञ्जनको साथसाथै सन्देशमूलक शिक्षाप्रद पनि छन् । मानिस वयस्क हुदाखेरि, विभिन्न किसिमको शारीरिक मानसिक अवस्थाको कठिनाइहरु जेल्नुपर्छ भन्ने संकेत गरेका छन् भन्ने आमाले आफ्नो सन्तानलाई उचित किसिमको शिक्षा प्रदान गर्नुपर्छ । आफ्नो सन्तानलाई समयानुकूलको शिक्षा प्रदान गर्नुपर्छ । यदि त्यस्तो शिक्षाको कमी भएमा वालकहरुले नकारात्मक बाटोतिर पनि लाग्न सक्छ । त्यसकारण उनीहरुलाई बेलैमा उचित समयानुकूल शिक्षा प्रदान गर्नसके उनीहरु कुमार्गमा लाग्दैन । बाबुआमाले पनि सन्तानको लागि पछुताउनु पर्ने अवस्था हुदैन भन्ने संकेत गरेको छ ।

(ङ) **भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज आकर्षक प्रवाहमय नै रहेको छ । नेपाली भाषाको पूर्वेली भाषिका प्रयोग गरिएको छ । जसले गर्दा सम्पूर्ण नेपाली भाषीको

लागि बोधगम्य रहेको छ । भाषामा कुनै किसिमको भाषिक दुर्वोध्यता र जटिलता छैन । यो लोककथा लिम्बू समाजमा प्रचलित किराँती लोककथा हो । त्यसैले यसको प्रमुख सहायक गौण पात्रहरुको नाम लिम्बू भाषामा राखिएको छ ।

जस्तै:मुजिङना खेयोङना, सुसुलालावेप्पा, तागेरा निङवाफूमा रहेको छ । यी पात्रको नाम गैह्र लिम्बू भाषीको लागि सहज बोधगम्य नभए पनि यस किसिमको पात्रको आगमनले कथाको सौन्दर्यता प्रदान गरेको छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक मुजिङना खेयोङना राखिएको छ । मुजिङना खेयोङना यस लोककथाको प्रमुख पात्र हो । उनको कार्य भूमिकामा कथानक विकास भएको छ । यस लोककथाको पात्रको नाम लिम्बूभाषाबाट आएको छ । त्यसैले यस लोककथाको शीर्षक उपयुक्त र सार्थक पात्र देखिन्छ ।

## ५.६.१७ खावाको आविष्कार लोककथाको विश्लेषण

खावाको अविष्कार भनेको मर्चाको उत्पति हो । मर्चाको उत्पति कसरी यो भन्ने कुरा नै यस लोककथामा आएको छ । मर्चा जाँड बनाउने एकप्रकारको औषधी हो । जसको अभावमा जाँड बनाउने सकिन्दैन । किराँतीहरु जाँडलाई आफ्नो प्रिय पेय पदार्थ नै ठान्छ भन्ने धार्मिक संस्कार संस्कृतिमूलक कार्य गर्दा पनि जाँडलाई पवित्र जलको रुपमा प्रयोग गर्दछ ।

**(क) कथानक**

सुम्निमा र रोघा घनिष्ट साथी थिए । सुम्निमा तान बुन्थिन भने रोघा बारीमा काम गर्थिन् । एकदिन लोहोसेमा काम गर्दा रोघालाई ज्यादै तिर्खा लाग्यो । पानी खानलाई खोलामा गईन् । खोलामा वालुवा र पतकरका कणहरु पनि वग्ने हुदाँ रोघाले छानेर खाने विचार गरिन् । उनीले खाजा ल्याएको काठको फोरोवामा रहेको खाजारुपी भात पातमा खन्याई झार लहराले बाँधिन् र नजिकैको सिमलीको पोथ्रामा झुन्डाईन । फोरोवाबाट पानी उघाएर खाइन् । उनको प्यास मऱ्यो । उनले ल्याएको खाजा खान नै बिर्सिन् । फेरि तीनदिनपछि काममा गइन् । उनले अस्तिको खाजा सम्झिन । खाजा राखेको ठाउँमा गइन् । खाजाबाट मगमग वासना आइरहेको थियो । औंलाले झिकेर चाखिन् । खाजा खाएपछि थकाई पनि भेटियो । रोघा यसरी दिनहुँ काममा आउदै खाजाको यस्तो रुप बनाउदै

खाएपछि उनको स्वास्थ्य राम्रो भयो । काम गर्ने शक्ति पनि बृद्धि भयो । रोघाको स्वास्थ्य र सुन्दरतामा परिवर्तन भएको कारण जान्न सुम्निमाले एकदिन सोधिन् रोघाले पनि आफूले खाने खाजा बारे सबै कुरा भनीन् । यो कुरा सुनेर सुम्निमा पनि लोहसेमा झरिन् । सुम्निमाले पनि खाजा चाखिन् । उनीलाई पनि थकाई मऱ्यो । खाजाको बारेमा जान्ने कोसिस गरिन् र यसको कारण खोजी गर्दा खाजा बाधेको लहरा झारमा खावा भएकोले भातबाट यस्तो मीठो र गुलियो खाजा बन्न गयो भनेर पत्ता लगायो । दुबैले सल्लाह गरी खावालाई घरमै लगेर व्यवस्थित तरिकाले छुवारुपी जाँड बनाउने कार्य भयो । त्यसबेला देखि नै धार्मिक कार्यमा पवित्रको जलको रुपमा प्रयोग गर्न थालियो । यस लोककथाको विकास क्रम क्रमिकताको साथ विकास भएको छ । जसमा आदि, मध्य र अन्त्यको श्रृंखलामा नै विकास भएको छ ।

**(ख) पात्र**

यस लोककथामा पात्रको रुपमा सुम्निमा र रोघा आएको छ । सुम्निमा र रोघा एकदम घनिष्ट संगीको रुपमा रहेको छ । उनीहरु वीचमा कुनै गोप्यता रहेको हुदैन् । सुम्निमा घरमा तान बुन्छिन् । रोघा लोहोसेमा खेतीपातीको काम गर्थिन । यसैक्रममा रोघाले लगेको खाजाबाट जाँड बन्यो । यस लोककथाको प्रमुख पात्रको रुपमा सुम्निमा रोघा दुबै हुन् । यी दुबै पात्रको बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

**(१) सुम्निमा र रोघा**

यस लोककथाको प्रमुख पात्र सुम्निमा र रोघा दुबै हुन् । यिनीहरुको सहभागीताले कथानक विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको छ । सुम्निमा र रोघा घनिष्ट सङ्गी हुन् । सुम्निमा घरमा तान बुन्छिन् । रोघा लोहोसेमा खेतीपातीको काम गर्थिन । रोघा लोहोसेमा काम गर्न जादा खाजा लगेर जान्थिन । तर एकदिन रोघालाई सह्रै तिर्खा लाग्यो । खाजालाई पातमा पोको पारेर लहरा झारले बाधेर सिमलीको रुखमा झुन्डाईन् । खोलामा गएर पानी खाइन् । पानी खाएपछि खाजा खान पनि बिर्सी फेरि तीनपछि लोहोसेमा काम गर्नु जादा अस्तिको खाजाको सम्झना भयो । ऊ खाजा हेन जादा खाजाबाट मगमग बासना आइरहेको थियो । यो खाजा खाएपछि उसको आनन्द र थकाई पनि मेटियो यो कुरा थाहा पाएपछि सुम्निमाले पनि खाजा चाखिन् । उनलाई पनि त्यस्तै आनन्द र थकाई पनि मेटियो । यसको रहस्य पत्ता लगाउन खोजी गर्दा लहरा झारमा औषधी भएको कुरा पत्ता लाग्यो ।

त्यसपछि सुम्निमा र रोघाले घरमा लगेर राख्न थालिन् । जाँड बनाउनको लागि फकाएर सेलाइएको अन्नमा खावा हालेर मोलिसकेपछि अगुल्ठो ल्याएर रोघा... रोघा... भन्ने गरिन्छ यसैलाई खावाको आविष्कार रोघाको सम्झना भन्ने गरिन्छ ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश यकिन गरी यही ठाउँ हो भनी तोकिएको छैन । तर पनि कथानकको विकासक्रममा परिवेशहरु आएको छ । ती परिवेशहरुमा सुम्निमा र रोघाको घर, सुम्निमाले तान बुनेको ठाउँ, रोघाले लोहोसेमा काम गरेको ठाउँ, पानी खान गएको खोला, खार्चा झुन्डाएको सिमलीको रुख आदि परिवेशहरु आएको छन् ।

**(घ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य लोकवासीलाई मनोरञ्जन प्रदान गर्नु हो । तर पनि किराँती संस्कार संस्कृतिमूलक कार्यमा प्रयोग हुने र उनीहरुको प्रेय पदार्थ जाँड बनाउन प्रयोग गरिने खावा (मर्चा) को आविष्कार के कसरी भयो भन्ने कुरा स्पष्ट पार्ने काम यस लोककथाको प्रमुख उद्देश्य सँगसगै आएको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय आकर्षक किसिमको छ । छोटा र छरिटो वाक्यहरुमा संरचित छ यो लोककथा बालकदेखि वृद्धसम्म अपठित देखि पठित सबैको लागि उतिकै आकर्षक र सुवोध्य छ । यस लोककथामा कुनै किसिमकको भाषिक दुर्वोध्यता र जटिलता छैन । केही किराँती भाषाको शब्दहरुको प्रयोग भएको छ । जसमा खावा (मर्चा) खार्चा (खाजा) छुवा (स्वादिलो रस) यस्ता शब्दावलीले लोककथाको मौलिकतालाई झल्काएको छ ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक खाबाको अविष्कार रहेको छ । खाबा भनेको मर्चा हो । मर्चा जाँड बनाउन प्रयोग गरिने औषधी हो । त्यस खाबाको पत्ता कसरी लाग्यो भन्ने सन्दर्भमा यस लोककथाले प्रष्ट पारेको छ । त्यसकारण यस लोककथाको शीर्षक सार्थक र उपयुक्त नै देखिन्छ ।

### ५.५.१८ मिचिवुङमा लोककथाको विश्लेषण

मिचिवुङमा किराँती राई समाजमा प्रचलित प्रसिद्ध किराँती लोककथा हो । यो

अरुण उपत्यकातिर उत्पति भएको किराँती लोककथा हो । अरुण उपत्यकामा मङचुङ नाम गरेको किराँतीको छोरी मिचिवुङमा थिए । मिचिवुङमाले नागसँग विवाह गरिन् । माइतीघर आउँदा कोसेली स्वरुप घैंया लिएर आईन । घैंया एकप्रकारको धानको प्रजाति हो । त्यो घैंया एकचोटि रोपेपछि फेरि फेरि दोराएर रोप्नुपर्ने थिएन । तर माइतीहरुले धेरै घैया फलेको र राख्ने ठाउँ पनि नभएकाले तिम्रो घैंया लैजाऊ भनेकाले त्यसबेलादेखि घैंया बर्ष पिच्छे रोप्नुपर्ने र घैंया पनि फल्न छोडेको किवंदन्ती पाइन्छ ।

(क) **कथानक**

अरुण उपत्यकामा मङचुङ नाम गरेको किराँती थिए । उनका मिचिवुङमा र फिनीबुङमा नाम गरेकी दुई छोरीहरु थिए । मंसीर महिनाको कुरा हो । मिचिवुङमा र फिनीबङमा दिदीबहिनी बारीमा कोदो टिप्दै थिईन् । त्यही समयमा घामपानी भएर इन्द्रणी लाग्यो । इन्द्रणी देखेर मिचिवुङमाले कति राम्रो केशमा लाउन पाए त भनिन् । यति भन्नु वितिकै इन्द्रणी नाग भुईमा झरेर मिचिवुङमालाई विवाह गरेर अरुण नदीभित्र लगेको थियो । मिचिवुङमा एकदिन घैयाको कोसेली लिएर माइतीघर आइन् । माइतीहरु सबै खुशी भए । मिचिवुङमाले आफूले ल्याएको घैया माइतीको बारीमा छरेर फर्किन । उनले छरेको धान उम्रियो, फल्यो र पाक्यो । घरका मान्छेले चामल बनाएर खाए । फेरि फलायो, फल्यो र पाक्यो । चामलबनाएर खाए तर त्यो अन्न कहिले पनि सकिएन । चामल राख्ने ठाउँ पनि थिएन । मिचिबुङमाको माइतीहरु बाक्क भए । फेरि उनी माइतीमा आए यस पल्ट मिचिबुङमाले सानो शिशु पनि ल्याएकी थिए । मिचिबुङमाले आफ्नो नानी फिनीबुङमालाई खेलाउन दिई । कम्मरमुनिको भाग कपडाले ढाकेको थियो । फिनीबुङमाले के होला भनेर हेर्दा कम्मर मुनिको भाग सर्पजस्तो देखिन् । उनले तर्सेर नानीलाई भूईमा खसालिन । माइतीहरुले पनि तिम्रो घैया फिर्ता लैजाऊ भनेको आफ्नो बच्चालाई माया नगरी भुईमा खसालीदिएको हुनाले मिचिबुङमाको चित सारै दुख्यो । यसपल्ट मिचिबुङमा माइतीघरको साइनो नागसँग मिलाउने विचारले पनि आएकी थिईन । मिचिबुङमाले घर फिर्ने बेलामा भन्यो । घैंया धेरै फलेर दुःख पाएको भए, घैंया पाकेको बेला खेतमाथि दोजिया आईमाई राख्नु र दिउसो भाले बासेको बेलामा दोजियालाई हाई काढन लगाउनु त्यति गरेपछि धान फल्दैन दुःख पनि हुदैन भनेर गईन् । माइतीहरुले पनि त्यसै गरिन् । त्यसपछि घैया फल्न

पनि छाड्यो । यसरी यस लोककथाको कथानकको विकासक्रम आदि मध्य र अन्त्यको श्रृखलामा विकास भएको छ । यो लोककथा सरलरेखीय दाँचामा प्रस्तुत भएको छ ।

**(ख) पात्र**

यस लोककथामा पात्रको रुपमा मिचिबुङमा फिनीबुङमा उनीहरुको बुबा आमा र माइतीहरु रहेका छ । यस लोककथाको प्रमुख पात्रको रुपमा मिचिबुङमा रहेको छ । उनको कार्यभूमिकामा कथानकको विकास भएको छ । सहायक पात्रको रुपमा फिनीबुङमा र गौण पात्रको रुपमा बुबा आमा माइतीहरु रहेको छ ।

**(१) मिचिबुङमा**

यस लोककथाको प्रमुख पाात्र मिचिबुङमा हुन् । उनी फिनीबुङमाको दिदी हुन् । मिचिबुङमा र फिनीबुङमा मंसीर महिनाको आधाआधीतिरको समयमा कोदो टिप्न गएका थिइन् । त्यसैक्रममा घामपानी भएर इन्द्रेणी आकाशमा देखापर्‍यो । इन्द्रेणी देखेर मिचिबुङमाले कति राम्रो शीरमा ल्याउन पाए मात्र भन्नुवितिकै इन्द्रेणी भूईमा आएर उनलाई लगेर नदीभित्र अलप भयो । खास कुराचाहि, मिचिबुङमालाई इन्द्रेणीले विवाह गरेको थियो । मिचिबुङमा माइती घर आउदा घैयाको कोसेली लिएर आइन् । सबैजना खुशी भयो । उनले घैयालाई माइतीको बारीमा छरेर गइन् । जुन माइतीहरुलाई अनिकाल नलागोस भने रहेको थियो । त्यो घैया एकचोटि छरेर रोपेपछि सधै छर्नु नपर्ने थियो तर माइतीहरुले उक्त घैयाको उचित सदुपयोग गर्न सक्दैन । उनी यस लोक कथाको प्रमुख पात्र हो र उनी सत् अनुकूल सहयोगी पात्रको रुपमा देखापरेकी छिन् ।

**(ग) परिवेश**

यस लोककथाको परिवेश अरुण उपत्यकाको पृष्टभूमिमा सृजना भएको देखिन्छ । अरुण उपत्यकामा मङचुङ भन्ने किराँती थिए । उनका दुई छोरीहरु मिचिबुङमा र फिनीबुङमा रहेको छ । उनीहरुले मंसीर महिनाको आधाआधी समयमा कोदो टिप्दै गरेको समय, घामपानी भएर इन्द्रेणी निस्केको समय, इन्द्रेणीले मिचिबुङमालाई नदीभित्र लगेर वेपत्ता बनाएको, मिचिबुङमाले माइतीको बारीमा घैया छरेको, घैया बारी माइतीघर, आदि परिवेशहरु यस लोककथामा चित्रण गरिएको छ ।

**(घ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य वा प्रयोजन भनेको लोकवासीलाई मनोरञ्जन

प्रदान गर्नु पनि हो । यसका साथसाथै शिक्षाप्रद सन्देश पनि प्रदान गरेको छ । मिचिबुङमाले माइतीको हितको लागि घैयाको विउ ल्याई छरेको छ । तर त्यो घैयाले माइतीहरुले धेरै दुःख पाइयो भनेर गुनासो गरेको देखिन्छ । माइतीहरुले उचित किसिमले उक्त घैयाको व्यवस्थापन गर्न सकेको देखिन्दैन । पाएको अवसरलाई उचित तरिकाले सदुपयोग गर्न नसक्दा दुःख सधै पाइन्छ भन्ने मूल सन्देश रहेको छ ।

**(ङ) भाषाशैली**

यस लोककथाको भाषाशैली सरल सहज र प्रवाहमय रहेको छ । छोटो छरितो वाक्यहरुमा संरचित छ । यस लोककथामा कुनै किसिमको भाषिक दुर्वोध्यता र जटिलता छैन । तर केहि राई वान्तावा भाषाको शब्दहरु आएको छ । जसमा नाना (दिदी) छेत्कुमा दिमा नाम्दु लोन्ता ओनह छाच्यो (चेली बोज्यु आकाशमा निस्कियो है केटाकेटी हो ।

**(च) शीर्षक**

यस लोककथाको शीर्षक मिचिबुङमा रहेको छ । मिचिबुङमा प्रमुख पात्र हुन् । उनको नै कथा भएको हुनाले, यस लोककथाको शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

## ५.६ निष्कर्ष

इलाम पूर्वी सीमानामा पर्ने सुन्दर पहाडी जिल्ला हो । इलाम जिल्ला ४८ गा.वि.स. १ नगरपालिका ३ निर्वाचन क्षेत्रमा राजनैतिक रुपमा विभाजित छ । यस जिल्लामा विभिन्न जातजातिहरुको बसोवास गर्दछ । जसमा बाहुन क्षेत्री मगर गुरुङ्ग राई, लिम्बू, सुनुवार, लेप्चा, रहेको छ । यी विभिन्न जातजातिको आफ्नै किसिमको धर्म संस्कृति र परम्परा रहेको छ । यसै सन्दर्भमा इलाम जिल्लाभित्र बसोवास गर्ने राई लिम्बू समाजमा प्रचलित किराँती लोककथाहरुको संकलन गरी वर्गीकरण विश्लेषण गर्ने कार्य गरिएको छ । इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरु संकलन गर्ने क्रममा विशेष गरी राई लिम्बू समाजमा प्रचलित किराँती लोककथाहरु आएको छ । यी लोककथाहरु इलाम जिल्लाको विभिन्न भागबाट संकलन गरिएको छ । जुन सम्पूर्ण किराँती लोककथाहरु संकलन हुन सकेको छैन् । किनकी यस शोधकार्यका आफ्नो सीमा अनि छोटो समय भएकाले सम्पूर्ण किराँती लोककथाहरु संकलन गरी अध्ययन विश्लेषण गर्न सकिएको छैन । यसमा किराँती लोककथाहरुको नमुना मात्र संकलन गरिएको हो । यी संकलन गरिएको किराँती लोककथालाई अध्ययन विश्लेषण गरी पाँच भागमा वर्गीकरण गरिएको छः

(१) सृष्टि उत्पति सम्बन्धी किराँती लोककथा

(२) संस्कार र संस्कृति सम्बन्धी किराँती लोककथा

(३) उपदेश र नीतिसम्बन्धी किराँती लोककथा

(४) पशुपक्षी सम्बन्धी किराँती लोककथा

(५) विविध सम्बन्धी किराँती लोककथा

यी संकलन गरीएको किराँती लोककथाहरुको अध्ययन विश्लेषण गर्ने प्रमुख आधारको रुपमा आधुनिक कथाको तत्वहरु जस्तै लोककथाको तत्वहरुलाई आधार बनाइएको छ । जसमा कथानक पात्र, परिवेश, उद्देश्य, र भाषाशैली प्रमुख रहेको छ । यी कथाका तत्वहरुको आधारमा किराँती लोककथाहरुको विश्लेषण गरिएको छ । किराँती लोककथाहरुको अध्ययन र विश्लेषण गर्दा खेरी के देखिन्छ भने विशेष गरी किराँती लोकसमुदायको विम्ब प्रतिविम्ब नै झल्किएको छ । किराँतीहरुको उत्पति उत्पति सँगसँगै अन्नको उत्पति कसरी भयो भन्ने कुरा स्पष्ट पारिएको छ । किराँती समाजमा चलेको विभिन्न संस्कार र संस्कृतिको शुरुवात कसरी भएको भन्ने बारेमा प्रष्ट पारेको छ । यी संस्कार र संस्कृति उत्पन्न हुनको कारक तत्वहरु वारेमा प्रष्ट पारिएको छ । उपदेश र नीतिसम्बन्धी किराँती लोककथामा नैतिकता आचारण, अनुशासन, कतर्व्यको पाठ सिकाएको छ । साहस र बहादुरीको किराँती लोककथाहरुमा वीर पुरुष र पुर्खाहरुको पौरख परिश्रमको कथाहरु आएको छ । पशुपक्षी सम्बन्धी किराँती लोककथाहरुमा पशुपक्षी नै प्रमुख पात्रको रुपमा रहेको छ भन्ने ती पात्रहरुमा मानवीय स्वभाव र आचारणको आरोपण गरिएको छ ।

अतः किराँती लोककथाहरुमा किराँती जनजीवन सम्बन्धी विम्ब प्रतिविम्ब नै विशेष रुपमा झल्किएको छ । किराँतीहरुको सभ्यता, संस्कार संस्कृतिहरु नै विशेष रुपमा आएको छ । यी लोककथाहरुमा किराँतीहरुको जीवन्त संस्कृति झल्किएको छ । यी किराँती लोककथाहरु लोप हुने अवस्था मा रहेको छ । यी किराँती लोककथाहरु लोप भए किराँतीहरुको संस्कार संस्कृति इतिहासको पहिचान नै नष्ट हुने सम्भावनता छ । त्यसैले यसको संरक्षण गर्नु टड्कारो आवश्यकता छ ।

***

# छैटौ परिच्छेद

## उपसंहारः सारांश र निष्कर्ष

लोकको साहित्यलाई नै लोकसाहित्य भनिन्छ । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य जनसमुदाय वा लोकबाट गरिन्छ । जनसाधारणका बीचमा प्रचलित एवं लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदायको जीवनका सुखदुखात्मक प्रत्येक पाटालाई छोएको हुन्छ । लोकसाहित्यका विभिन्न विधाहरुको सिर्जना प्राचिनकालदेखि हुदै आए तापनि यसको अध्ययन विश्लेषण धेरै पछि देखि मात्र हुन थालेको हो ।

लोकसाहित्यको अंग्रेजी समानार्थी शब्द फोक लिटरेचर (Folk literature) हो । अंग्रेजी भाषाको फोक (Folk) को सामान्य अर्थ ग्रामीण, असंस्कृत र अशिक्षित जाति हो । फोक को नेपाली समानार्थी शब्द 'जन' भए पनि लोक शब्द नै उपयुक्त र प्रचलनमा रहेको छ । लोकसाहित्य आधुनिक शिष्ट साहित्यको आधार पनि हो । शिष्ट साहित्य जस्तैः लोकसाहित्यमा पनि विभिन्न विधाहरु रहेको छन् । जसमा लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, उखान टुक्का र गाउँखाने कथा रहेका छन् । यी प्रत्येक विधाको छुट्टाछुटै विधागत विशेषता भए पनि समग्ररुपमा लोकसाहित्यको समान्य विशेषताहरुमा मौखिक परम्परा, कल्पनाको प्रवलता, मनोरञ्जनात्मकता, सामूहिकता, सरलता तथा सरसता र लोकप्रियता रहेको छ । यी सबै विशेषताहरु लोकसाहित्यको सबै विधाको साझा विशेष हुन् । विभिन्न विद्वानहरुले लोकसाहित्यलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन् । जसमा भाषिक अभिव्यक्तिको आधारमा गद्यमय, पद्यमय र चम्पु प्रस्तुतीकरणको आधारमा संस्कार वद्ध र मुक्त रहेको छ । तर यी आधारहरु भन्दा विषयगत आधारमा गरिएको वर्गीकरण नै बैज्ञानिक र सर्वसम्मति मानिएको हुनाले यहाँ पनि सोही अनुसार, लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का रहेका छन् ।

लोकसाहित्यको प्रमुख विधाहरुमध्ये लोककथा पनि एक हो । लोककथा लोकसाहित्यको प्राचीन र लोकप्रिय विधा पनि हो । लोककथालाई एउटाले भन्ने र अरुले

सुन्ने भएकोले यसलाई भन्ने कथा पनि भनिन्छ । लोककथालाई दन्त्यकथा, किवदन्ती, कथाकुथुङ्ग्री विभिन्न नामले पनि पुकारिन्छ । यसलाई हिन्दीमा कहानी भनिन्छ । लोककथा शब्द अंग्रेजीको फोकटेल्स (Folktales) को समानार्थी हो । पश्चिममा यसलाई पौराणिक कथा वा मिथक, दन्त्यकथा, नीतिकथा परीकथा पनि भनिन्छ । लोककथा भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृतिको रुपमा देखापर्छ । किनभने लोककथामा मानिसको आदिम प्रवृत्ति र रुपहरु विभिन्न पात्रहरुमा आरोपित भएर प्रस्तुत भएको हुन्छ ।

लोककथा भन्न र सुन्न कुनै औपचारिक अवसरको आवश्यकता पर्दैन । जतिसुकै बेलामा भन्ने र सुन्न पनि सकिन्छ । तर विशेष गरी लोककथाहरु बेलुकी पख भन्ने सुन्ने गरिन्छ । दिनभरी घाँस, दाउरा, मेलापात लेकवेंसी गरेर थाकेको समयमा, बेलुकी पख सबैजना भेला भएर, खाना खाई सकेपछि अँगेनाको वरिपरि बसेर कथा भन्ने सुन्ने प्रचलन ग्रामीण क्षेत्रमा अझै पनि छ । ग्रामीण क्षेत्रमा मनोरञ्जनको एकमात्र साधन लोककथा हो । किनभने आधुनिक सुचना प्रविधि देखि अझै पनि ग्रामीण क्षेत्र निकै टाढा छ । त्यसैले मनोरञ्जनको साधनहरुमा लोकसाहित्यको यी विभिन्न विधाहरु मध्ये लोककथा सबै भन्दा सुलभ र सजिलो विधा हो ।

लोककथा पनि लोकसाहित्यको एक विधा मानिन्छ । लोककथालाई आधुनिक कथाको आधार पनि भनिन्छ । त्यसैले लोककथालाई पनि एउटा पूर्ण संरचना मानिन्छ । लोककथाको संरचना निर्माण गर्नको लागि तत्वको आवश्यकता पर्दछ । ती तत्वहरुलाई उपकरण, अवयव, संरचक घटक पनि भनिन्छ । त्यसको उचित व्यवस्थापन गरेपछि कथाको निर्माण हुन्छ । लोककथाका तत्वहरुमा कथानक पात्र, परिवेश, भाषा शैली रहेको छ । यी लोककथाको तत्वहरु र आधुनिक कथाको तत्वहरु एउटै रहेको छ । आधुनिक कथाको तत्व नै लोककथाको तत्व हो भने लोककथाको तत्व नै आधुनिक कथाको तत्व हो ।

कुनै पनि विषयवस्तुमा पाइने खासखास गुणलाई विशेषता भनिन्छ । त्यस्तै लोककथामा पाइने खास गुणहरुलाई नै लोककथाको विशेषताहरु भनिन्छ । लोककथाको विशेषताहरु निम्न रहेको छ । उपदेशात्मकता, कल्पनाको प्रबलता, रचनाकार अज्ञात, लोक मनोरञ्जनात्मकता, विषयगत व्यापकता उत्सुकताको भावना, गद्यको प्रधानता, वर्णनात्मक शैली, र सरल शैली रहेको छ । यी विशेषताहरुले नै लोककथाको स्वरुप निर्माण गरेको छ ।

लोककथाको अत्यन्त व्यापकता र विविधताका कारण वर्गीकरण गर्न धेरै गाह्रो छ । असंख्य विषयका असंख्य लोककथा पाइने हुदाँ र तिनको वर्णन पनि असंख्य ढङ्गबाट हुने हुदाँ यसमा अनेक भेद उपभेद पाइन्छन् । यसका सबै भेद र उपभेदलाई निश्चित प्रकारहरुमा समेट्न निकै जटिल र समस्यापूर्ण हुन्छ । जतिसुकै कठिन भए पनि लोककथाको वर्गीकरण गर्ने प्रयास नभएका होइनन् । तर पनि सन्तोषजनक चाहि हुन सकेको छैन । यसै सन्दर्भमा पाश्चात्य पूर्वीय विद्वानहरुले लोककथाको विभिन्न आधारमा वर्गीकरण गरेका छन् । त्यस्तै नेपाली लोककथाको वर्गीकरण गर्ने क्रममा तुलसी दिवसले आफ्नो पुस्तक नेपाली लोककथा (२०३२) मा लोककथाको वर्गीकरण निम्नानुसार गरेका छन् :

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरु

(२) अर्ती उपदेशका लोककथाहरु

(३) पशुपक्षीका लोककथाहरु

(४) मानव विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरु

(५) अतिमानीय रुपका लोककथाहरु

(६) दैवी लोककथाहरु

(७) फलफूलका लोककथाहरु

(८) धार्मिक लोककथाहरु

(९) साहस र बहादुरीका लोककथाहरु

(१०) विविध लोककथाहरु

यही वर्गीकरणलाई आधार मानेर अन्य नेपाली विद्वानहरुले नेपाली लोककथाका वर्गीकरण गरेका छन् । जसमा धर्मराज थापा र हंसपुरे सुवेदीले आफ्नो पुस्तक नेपाली लोकसाहित्यको विवेचना (२०४१) मा लोककथाको पाँच आधारमा वर्गीकरण गरेका छन् । त्यस्तै शम्भुप्रसाद कोइरालाले आफ्नो पुस्तक लोकसाहित्य सिद्धान्त र विश्लेषणमा लोककथाका पाँच आधारमा वर्गीकरण गरेका छन् । त्यस्तै गरि मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलले आफ्नो पुस्तक लोकवार्ताविज्ञान र लोकसाहित्य (२०६३)नामक पुस्तकमा लोककथाको वर्गीकरण यसप्रकार गरेका छन् । शिल्पविधानको आधारमा भावका आधारमा, उद्देश्यका आधारमा र विषयवस्तुका आधारमा वर्गीकरण गरेको छन् । यसै सन्दर्भमा विभिन्न

विद्वानहरुले गरेको वर्गीकरणको आधारमा नेपाली लोककथाको वर्गीकरण यसप्रकार गर्न सकिन्छ:

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरु

(२) मानवी र अतिमानवीय लोककथाहरु

(३) पौराणिक किंवदन्तीमूलक लोककथाहरु

(४) पशुपक्षीमूलक लोककथाहरु

(५) विविध लोककथाहरु

इलाम नेपालको पूर्वी सिमानामा अवस्थित एक पहाडी जिल्ला हो । इलाम मेची अञ्चलको सदरमुकाम पनि हो । इलाम ४८ गा.वि.स. १ न.पा. ३ निर्वाचन क्षेत्रमा विभाजित छन् । यस जिल्लाले नेपालको कूल भूभागको १,७०३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छन् । समुन्द्र सतहको करिव १४० मिटरदेखि ३,६३६ मिटरसम्मको उचाई रहेको छ । यस जिल्लाको हावापानी धेरै गर्मी पनि छैन, धेरै जाडाँ पनि छैन, स्वास्थ्यको दृष्टिकोणले अनुकूल छ । यहाँका अधिकाश डाँडाहरु हरियाली चियाको बोटहरुले ढाकेको छ । इलाम बजारसँग जोडिएको १५० वर्ष पुरानो चिया बगान पनि छ ।

इलामको भौगोलिक बनावट जति सुन्दर छन् त्यतिकै यहाँका मानिसहरु पनि पौरखी र परिश्रमी छ । इलामलाई चारखोला पनि भनिन्छ । 'अ' बाट पनि परिचित इलामको अदुवा, आलु, अलैची, अम्लिसो, अकवरेखोर्सानी अतिथि इलामको पहिचान हो । इलामका धेरै यस्ता पर्यटकीय र धार्मिक स्थलहरु रहेको छ । जसमा सन्दकपुर, माइपोखरी, छिन्टापु, श्रीअन्तु, माङमालुङ्ग, गजुरमुखी, पाथिभरा, र सिद्धिथुम्का रहेको छ ।

इलाम बहुजाति बहुभाषिक र बहुसांस्कृतिमूलक जिल्ला हो । यहाँ विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछ, जसमा बाहुन क्षेत्री गुरुङ्ग मगर, दमाइ, नेवार, राई, लिम्बू, सुनुवार, शेर्पा, तामाङ्ग, लेप्चा, कामी, सार्की आदि रहेको छ । यी जातिहरुको आफ्नो आफ्नो धर्म संस्कृति रहेको छ । जसमा हिन्दु बौद्ध किराँत धर्मलाई विशेष अंगालेको छ । विभिन्न जाति धर्म संस्कृतिमा विविधता भए पनि इलाम विविधतामा एकता कायम छ ।

इलाम जिल्लाको भौगोलिक सिमानाभित्र प्रचलित लोकसाहित्य नै इलामको लोासाहित्य हो । यस सन्दर्भमा इलाम जिल्ला पनि लोकसाहित्यमा धनी छ । लोकसाहित्यका विधाहरु लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, र उखान

टुक्का रहेको छ । यी लोकसाहित्यको विभिन्न विधाहरुमध्ये किराँती लोककथाहरु पनि एक हो । त्यसैले इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको संकलन गरी वर्गीकरण र विश्लेषण गरिएको छ ।

इलाम जिल्लाको भौगोलिक सिमानाभित्र बसोबास गर्ने किराँती समुदायमा प्रचलित किराँती लोककथाहरु विशेष रुपमा संकलन गरिएको छ । संकलित लोककथाहरु विशेष गरी राई, लिम्बू, समाजमा प्रचलित रहेको छ । यी संकलीत किराँती लोककथाहरु इलामको विभिन्न क्षेत्रबाट १८ वटा नमुनाको रुपमा संकलन गरिएको छ । किराँती समुदायमा किराँती लोककथाहरु प्राय लोप हुने अवस्थामा पुगेको छ । पहिले पहिले ग्रामीण क्षेत्रमा मनोरञ्जनको साधनको रुपमा प्रायः लोकसाहित्यको विभिन्न विधाहरु माध्यमको रुपमा रहन्थ्यो तर अब त्यो अवस्था रहेको छैनन् । बढ्दो विकासको क्रमसँगसगै नयाँ नयाँ सूचना र सञ्चारको प्रविधिको विकास र मनोरञ्जनको आधुनिक उपकरणहरुको बढ्दो प्रयोगले लोकसाहित्यको विभिन्न विधाहरुले मनोरञ्जन प्रदान गर्नको सट्टा यी उपकरण र साधनहरु आएको छ । जसको फलस्वरुप लोकसाहित्यको विभिन्न विधाहरुमध्ये किराँती लोकथाहरुको अवस्था पनि नाजुक भएको छ ।

किराँती लोककथाहरुको संकलन गरी अध्ययन विश्लेषण गर्दा खेरी किराँती लोककथाहरुको विशेषताहरु पनि अन्य नेपाली लोककथाहरुको समान रहेको छ । प्रायः गरी लोककथाहरु जहासुकैको होस प्रवृति र विशेषताहरु एउटै समान रहेको हुन्छ । त्यसैगरी इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको प्रवृत्तिगत विशेषताहरु निम्नानुसार खुटाईएको छ । जसमा उपदेशात्मकता, कल्पनाको प्रधानता, भाषिक सरलता, मानवीय प्रवृत्तिको प्रस्तुति , ऐतिहासिकता, र मनोरञ्जनत्मकता रहेको छ । यी विशेषताहरु इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको साझा विशेषताहरु हुन् ।

इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको संकलन गरी वर्गीकरण गर्ने क्रममा छ प्रकारमा वर्गीकरण गरिएको छ । जुन वर्गीकरण प्रारम्भिक वर्गीकरण हो । अझ व्यापक रुपमा किराँती लोककथाहरु अध्ययन गरी वर्गीकरण गर्न सकिन्छ । तर इलाम जिल्लाको किराती लोककथाहरुको अध्ययन गर्ने क्रममा यो पहिलो अध्ययन भएकोले प्रारम्भिक चरणमा नै रहेको छ । इलाम जिल्लाको संकलित किराँती लोककथाहरु निम्नानुसार वर्गीकरण गरिएको छः

(१) सृष्टि र उत्पतिका किराँती लोककथाहरु

(२) संस्कार र संस्कृतिमूलक किराँती लोककथाहरु

(३) साहस र बहादुरी सम्बन्धी किराँती लोककथाहरु

(४) पशुपक्षी सम्बन्धी किराँती लोककथाहरु

(५) उपदेश र नीति सम्बन्धी किराँती लोककथाहरु

(६) विविध सम्बन्धी किराँती लोककथाहरु

यी संकलन गरिएको किराँती लोककथाहरु विश्लेषण गर्ने प्रमुख आधारको रुपमा लोककथाको तत्वहरुलाई नै आधार बनाइएको छ । लोककथाको तत्वहरु र आधुनिक कथाको तत्वहरु एउटै समान रहेको छ । जसमा लोककथाका तत्वहरु, कथानक, पात्र, परिवेश, उद्देश्य, भाषा, र शैली रहेको छन् । यी तत्वको आधारमा प्रत्येक किराँती लोककथाहरु विश्लेषण गरिएको छ ।

इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको समग्ररुपमा अध्ययन गर्दा खेरी के देखिन्छ भन्ने विशेषगरी , किराँतहरुको सृष्टि, उत्पति , संस्कार संस्कृतिहरुको विम्ब प्रतिविम्ब नै आएको छ । किराँतीहरुको उत्पति कसरी भयो किराँतीहरुको उत्पति सँगसँगै वाच्नको लागि अन्नको उत्पति कसरी भयो भन्ने सर्न्दभहरु नै किराँती लोककथाहरुमा आएको छ । मानवको सृष्टि भएपछि उसलाई वाच्नको लागि अन्नको आवश्यकता पर्दछ । किराँतीहरुले घर कसरी बनाउन सिके भन्ने सन्दर्भमा मूलखाँवोको पूजा लोककथाले प्रष्ट पारेको छन् । किराँती संस्कार र संस्कृतिको शुरुवात कसरी भयो भन्ने कुरालाई विशेष स्पष्ट पारेको छन् । किराँतीहरुले आफ्नो मान्छे मर्दाखेरि कसरी नून वार्न थालियो । आफ्नो विभिन्न संस्कार र संस्कृतिमूलक कार्यमा प्रयोग गरिने जाँड बनाउन प्रयोग गरिने मर्चा (खावा) कसरी पत्ता लगायो भन्ने सन्दर्भमा खावाको अविष्कारले प्रष्ट पारेको छन् । किराँतीहरुले आफ्नो विवाहमा गरिने संस्कार सांगेन वा वालोममा गाउने मुन्धुममा हेच्छाकुवा, खियामा र तायामा कथा आएको छ । जुन कथा हेच्छाकुवा किराँती लोककथाले प्रष्ट पारेको छ । किराँती समुदायमा अझै पनि भलापञ्चहरु माथि विश्वास गर्दछ र भलापञ्चहरुको निर्णयलाई सर्वोपरि मान्ने परम्परा छ यसै सन्दर्भमा पञ्च बोली लोककथाको चुकामिवा प्रतिनिधि पात्रको रुपमा आएको छ । किराँतीहरुका साहस र वीरताको प्रतिनिधित्व गर्ने किराँती लोककथाहरुमा मुक्केगुवा हुन् । मुक्केगुवा किराँतीहरुको प्रतिनिधि पात्र नै हुन् ।

यी संकलित किराँती लोककथाहरुमा समग्र रुपमा किराँती समुदायको जनजीवनको विम्ब प्रतिविम्ब नै झल्किएको छ ।

यस इलाम जिल्लाका किराँती लोककथाहरुको संकलन कार्य सीमित समय र सीमित क्षेत्रमा मात्र केन्द्रित भएकाले सम्पूर्ण क्षेत्र र पक्षलाई चाहि समेट्न सकेको छैन । इलाम जिल्लामा प्रचलित किराँती लोककथाहरुको अध्ययन अनुसन्धान कार्य नै यो पहिलो हो । त्यसैले पनि सम्पूर्ण क्षेत्र र पक्षलाई समेट्न सकिएको छैन । यहाँ किराँती लोकथाबाहेक लोकसाहित्यको अन्य विधाहरु पनि प्रशस्त रहेको छन् । ती विधाहरुमाथि अध्ययन अनुसन्धान गरी शोधकार्य गर्न सकिन्छ । इलामको लोकसाहित्यमा केन्द्रित रही अध्ययन अनुसन्धान गर्नका लागि सम्भावित निम्नालिखित शोधशीर्षकहरु हुन सक्छन्:

(१) इलाम जिल्लामा प्रचलित लोकनाटकहरुको संकलन वर्गीकरण र विश्लेषण ।

(२) इलाम जिल्लामा प्रचलित लोककाव्य/लोकगाथाहरुको संकलन वर्गीकरण र विश्लेषण ।

(३) इलाम जिल्लामा प्रचलित उखानहरुको संकलन, वर्गीकरण र विश्लेषण ।

(४) इलाम जिल्लाको किराँती राई समाजमा प्रचलित चण्डी गीतको संकलन वर्गीकरण र विश्लेषण ।

(५) इलाम जिल्लाको किराँती लोकगाथाहरुको संकलन वर्गीकरण र विश्लेषण ।

***